शाही नेपाली सेनाको इतिहास



.96
A-s
41

टेक बहादुर खत्री

श्री नेपाली सेनाको इतिहास



लेखक
टेक बहादुर खत्री



२०४१

954.96
KHA-S
2041

नेपाल-इतिहास
नेपाली सेना-इतिहास

पुस्तकको नाम : शाही नेपाली सेनाको इतिहास ।

लेखक : टेक वहादुर खत्री ।

प्रकाशक : श्रीमती शारदा कुमारी के. सी. ।

मुद्रित संख्या : १,००० प्रति ।

संस्करण : पहिलो ।

मूल्य : रू. ४०।–

मुद्रक : श्री ५ को सरकारको छापाखाना ।

आवरण-चित्र : कलाकार श्री वत्स गोपाल बैद्य ।

ब्लक : सूचना विभाग ।

तस्वीरहरू : लेखकको संग्रह र श्री मङ्गल मोहन श्रेष्ठ ।

प्रूफ संशोधन : सि. प्रू. री. श्री अमृत मान श्रेष्ठ ।

अन्य सहयोग : निर्देशक श्री नगेन्द्र प्रकाश श्रेष्ठ
श्री पशुपति राज जोशी
श्री ढुण्डिमान सिंह सिलवाल
श्री श्याम वहादुर चित्रकार
श्री भक्त प्रसाद श्रेष्ठ ।

प्रकाशन वर्ष : विक्रम सम्वत् २०४१ साल ।

Acc. 1732
1732
C.M.C
Ne
954.96
K52S
1984
1. History-Nepal
2. Nepal History
TIC 607
Parliament Secretariat Library
Accession Number .....



श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

"विश्व शान्ति तथा असंलग्नतामा आधारित हाम्रो परराष्ट्र नीतिको फलस्वरूप, नेपाल र नेपालीको लागि नेपाललें संयुक्त राष्ट्रसंघको शान्ति सेनाको अंग भई सहयोग गर्न मौका पाउनु, नेपाल र नेपालीको लागि खुशीको कुरा हो।"

—श्री ५ वीरेन्द्र

२०३०।११।१

"फौजी जवानहरू देशको निमित्त सुरक्षा र शान्तिका खम्बा हुन् । हाम्रा जवानहरूको इमान्दारी, बहादुरी तथा अनुशासन विश्वविख्यात छ ।"

—स्व. श्री ५ महेन्द्र

२०१५।१।१

मेरो भनाइ

नेपाल - सुन्दर, शान्त, विशाल । नेपाली वीर जाति । राजभक्त । स्वतन्त्रताका पुजारी । मुलुकको स्वतन्त्रता र अखण्डता नेपालीहरूका निमित्त प्राण भन्दा प्यारो छ । नेपालको सार्वभौमिकताको निमित्त, स्वतन्त्रताको लागि हजारौं वर्षदेखि नेपालीहरू आफ्नो ज्यानको बाजी लगाउँदै आएका छन् । इतिहास साक्षी छ । नेपालीहरूको राजभक्ति र स्वतन्त्रता–प्रेम विश्व इतिहासमा स्वर्णाक्षरले अंकित छ ।

वीर नेपालीहरूले आफ्नो मुलुकमा आपद आइपर्दा कैयौं रणक्षेत्रहरूमा हत्केलामा प्राण लिएर वलिवेदीमा होमिएका छन् । मुकुट, मुलुक र मुलुकीका खातिर सदा सर्वदा ज्यूज्यान अर्पण गर्न तत्पर वीरहरूको सम्झना जसरी इतिहासमा अंकित छ, त्यसरी नै हरेक नेपालीको मानसपटमा ताजा छ ।

नेपाली प्राचीन कला र साँस्कृतिक वस्तुहरूबारे जति बाहिरी विश्व परिचित छ त्यो भन्दा बढी नेपाली वीरता र बहादुरीदेखि संसार चकित छ । वीरता र निर्भिकता नै नेपाली जातिको परम्परागत गुण र विशेषता हो । नेपाली वीर सैनिकहरूले रणक्षेत्रमा प्रदर्शित गरेका असाधारण शौर्य र पराक्रमको उदाहरण विश्व-इतिहासमा अन्यत्र कमै भेटिएला । यहाँका शूर-वीरहरूको अदम्य साहस र हौसला देखेर वैरीहरूले पनि जिभ्रो टोकेका छन् । जबतक संसार वीर-पूजा गर्दछ, तबसम्म नेपालका वीर-वीराङ्गनाहरूको अमरगाथा दुनियाँमा स्वातन्त्र्य र शान्तिको पाठ भएर गुंजिरहनेछ ।

अठारौं शताब्दीमा जव एशियाका कैयौं ठूला राष्ट्रहरू बृटिश-साम्राज्यवादको पंजामा जकडिंदै थिए, त्यो जोखिम घडीमा श्री ५ वडामहाराजाधिराज पृथ्वी नारायण शाहले हिमालको काखमा स-साना राज्यहरूलाई एकताको सूत्रमा

आबद्ध गरी वृटिश साम्राज्यवादी फौजको बाढीलाई फर्काई बक्स्यो, त्यो नै एकातिर नेपालीहरूको स्वातन्त्र्य-प्रेमको ज्वलन्त प्रमाण थियो भने अर्कोतिर त्यो कदम नै सम्पूर्ण एशियावासीका लागि अत्यन्त दूरदर्शी एवं ऐतिहासिक थियो ।

अर्कोतिर, उत्तरबाट भोटलाई मद्दत गर्न र नेपालीसंग लड्न आएको ७०,००० चिनियाँ सेनालाई नेपाली सेनाले बेत्रावती नदीको किनारमा हराएर भोट र चीनका कमाण्डरहरूलाई शान्ति सम्झौता गर्न बाध्य तुल्याउनु कम पराक्रमको कुरो थिएन । जस्तोसुकै ठूलो, जस्तो रूपले सुसज्जित र प्रशिक्षित वैरी सेनालाई पनि खेद्न सक्ने वीर नेपाली फौजी जवानहरूको विश्वमा प्रशंसक को नहोला ?

सदासर्वदा स्वतन्त्रताको झण्डा फहराइरहने र आक्रमणकारीलाई एक भएर परास्त गर्ने अठोट र दृढता नेपालीहरूको स्थायी शान्तिप्रतिको अगाध ममताको प्रतीक हो । हजारौं वर्षदेखि आफ्नो स्वतन्त्र अस्तित्व जोगाइराख्ने लगन र आकांक्षा नेपालीहरूको जन्मजात गुण हो । नेपालीहरूको राष्ट्रिय जीवनमा यिनै ऐतिहासिक सत्य र तथ्यले प्रभावित पारेका छन् ।

आफ्नो मुलुकको स्वतन्त्रता, अखण्डता र सार्वभौमिकतामाथि कसैले आँखा मात्र लाउँछ भने सम्पूर्ण नेपालीहरूका निमित्त त्यो एक नम्बरको वैरी ठहरिन्छ । शत्रु जतिसुकै शक्तिशाली र साधन सम्पन्न भए पनि वीर नेपालीहरूले त्यसलाई तृण र त्यान्द्रो बराबर ठानेर जाइलाग्दै आएका छन् र त्यसलाई घुँडा टेकाएका छन। यही सत्य इतिहास बोल्दछ । नेपाल र नेपालीको इतिहासका हरेक पानाले यही कुरा भनिरहेछन् । राजभक्त एवं देशभक्त वीर नेपालीहरूको मन-मस्तिष्कमा यिनै इतिहासका अमर सन्देश गुंजिरहेका छन् ।

इतिहास केवल घटना र तिथि-मितिको गठरी मात्र हैन, त्यो ता आउँदा पिढीहरूका लागि एक पाठ, एक मार्गदर्शन र एक दूरगामी सन्देश पनि हो । यसैले इतिहास र त्यसका शिक्षाप्रति सदैव सचेत र सम्वेदनशील रहनु सबै राष्ट्र र राष्ट्र-वासीका निमित्त हितकर र कल्याणकारी हुन्छ । आफ्ना वीर पुर्खाहरूले कत्रो त्याग र बलिदान गरेर जोगाएको मुलुक र स्वातन्त्र्य प्रति ममता राख्ने हरेक राजभक्त एवं देशभक्त नागरिकले सदैव आफ्ना पुर्खाका वीर-गाथाहरूको पठनपाठन, मनन र चिन्तन गर्नु लघुता र हीनतालाई पखाली मन-मस्तिष्कमा गौरव र हौसला भर्नु हो । यिनै भावनाहरूले प्रेरित भएर एक पटक मैले पनि यहाँ आफ्नो तुच्छ कलम चलाउने धृष्टता गरेको हुँ ।

नेपालको इतिहासका धर पुस्तक प्रकाशित छन् । शाही नेपाली सेनाको इतिहास विषयमा पनि यो मेरो पुस्तक पहिलो होइन । यस बारे पनि केही ग्रन्थ अगाडि नै निस्किसकेका छन् । तर पनि विशाल नेपालको निर्माणको क्रम अर्थात राष्ट्रिय एकीकरणको दिशामा र आफ्नो मुलुकको स्वाधीनता जोगाउन लड्ने वीर नेपालीहरूले विभिन्न लडाईंका मैदानहरूमा देखाएको पराक्रमको गाथा फेरि एक पल्ट गाउन मन लागेर च्याँई च्याँई बजाएको हुँ । पुस्तक स्यानो छ तर यसको लागि २० वर्षसम्म पटक पटक गरी परिश्रम लगाइएको छ । त्यस क्रममा आफ्नो पुर्खाका मुखबाट सुनेका र टिपेका र अन्य केही महानुभावका डायरीहरू र अन्तर्वार्ता-हरू (विशेषतः वृ. क. इन्द्रबहादुर कार्की लगायत रिटायर्ड अन्य अधिकृतहरूको डायरीहरू, संस्मरण र टिपोटहरू) का आधारमा यो स्यानो जमर्को भएको छ । धन्यवाद र यश उहाँहरूलाई छ, जो प्रति म ऋणी छु । यो स्यानो पुस्तकमा जुन ठूला दोष देखिएलान्, ती चाहीं मेरा आफ्ना निजी हुन् ।

यो स्यानो पुस्तकमा आधुनिक नेपालको सिर्जनाकालदेखि मुलुकको स्वाधीनता र अखण्डता जोगाउन लडाईंका मैदानमा ज्यानको वाजी लगाउने विभिन्न पल्टनहरूको छुट्टाछुट्टै इतिहास अंकन गर्ने प्रयास भएको छ । इतिहासको यो लामो घडीमा समयको आह्वान वमोजिम आफ्ना शौर्य र पराक्रम देखाउने सबै वीर योद्धाहरूको उल्लेख पनि यहाँ गर्ने कोशिश भएको छ । जे भए पनि, यसलाई आफ्ना वीर पुर्खाहरूको गाथा सम्झी स्वीकार्य हुनेछ भन्ने मैले ठानेको छु । यसमा भएका सत्य-तथ्य अन्तर्वार्ता दिने, आधिकारिक टिपोट गर्ने र डायरी लेख्नेहरूको हो; यसमा जे जति गल्ति भएका छन्, ती सबै भूलहरू चाहीं मेरा आफ्ना हुन्, एक पटक फेरि क्षमा याचना । अहिले यत्ति ।

– टेक बहादुर खत्री

२०४१।५।१
झंसिखेल, ललितपुर ।

समर्पण

अर्पौं ज्यान सिपाही जसले सोझो गऱ्यो नूनको,
पूर्खाको इतिहास उज्ज्वल गरी अक्षर थप्यो सुनको,
राख्यो मान र शान जसले सिन्दूरको भूपको,
सानो फूल समर्पण गरें– गाथा अमर सूतको !

– लेखक

शाही नेपाली सेनाको इतिहास

विषय-सूची

भाग – १

१) मेरो भनाइ
२) वि. सं. १७९९ देखि वि. सं. १९८० सम्मको युद्ध
३) शाही नेपाली सेनाको युद्ध-सेवा (WAR-SERVICE)
४) अनि ती जसले लडाईं लडे

भाग – २

५) विभिन्न पल्टनहरूको इतिहास :

(१) श्री रैफल पल्टन
(२) श्री कालीबक्स पल्टन
(३) श्री नयाँ गोरख पल्टन
(४) श्री दोस्रो रैफल पल्टन
(५) श्री गोरखनाथ पल्टन
(६) श्री श्रीनाथ पल्टन
(७) श्री बर्दबहादुर पल्टन
(८) श्री सूर्जेदल पल्टन
(९) श्री भैरूङ्ग पल्टन
(१०) श्री कालीबहादुर पल्टन
(११) श्री देवीदत्त पल्टन
(१२) श्री नर्सिंहदल पल्टन
(१३) श्री जवरजङ्ग पल्टन
(१४) श्री गणेशदल पल्टन

(१५) श्री पशुपति प्रसाद पल्टन
(१६) श्री भैरवनाथ पल्टन
(१७) श्री पुरानो गोरख पल्टन
(१८) श्री कालीप्रसाद पल्टन
(१९) श्री सिंहनाथ पल्टन
(२०) श्री इन्द्रध्वज पल्टन
(२१) श्री तारादल
(२२) श्री भवानीदल पल्टन
(२३) श्री भवानीबक्स
(२४) श्री ज्वालादल
(२५) श्री काली जङ्ग
(२६) श्री चन्दननाथ
(२७) श्री अरि-दमन
(२८) श्री भैरवीदल
(२९) श्री श्रीजङ्ग
(३०) श्री शम्शेरदल पल्टन
(३१) श्री रामदल पल्टन
(३२) श्री महीन्द्रदल पल्टन
(३३) श्री राजदल पल्टन
(३४) श्री शेर पल्टन
(३५) श्री जंगनाथ पल्टन
(३६) श्री पैल्हा जङ्गी पल्टन
(३७) श्री दोश्रा जंगी पल्टन
(३८) श्री कालीदल पल्टन
(३९) श्री रण शाह पल्टन
(४०) श्री शार्दूल जङ्ग
(४१) श्री सम्मर जङ्ग
(४२) श्री वटुकदल पल्टन
(४३) श्री दुर्गाबक्स पल्टन
(४४) श्री नारानदल पल्टन
(४५) श्री गोरख बक्स
(४६) श्री नयाँ श्रीनाथ पल्टन
(४७) श्री सबुज पल्टन
(४८) श्री बरख पल्टन
(४९) श्री शिवदल
(५०) श्री कालीध्वज
(५१) श्री विष्णुदल
(५२) श्री गडुलध्वज
(५३) श्री भैरबीप्रसाद
(५४) श्री खड्गदल
(५५) श्री चण्डीप्रसाद
(५६) श्री रिसल्ला
(५७) श्री खच्चड
(५८) श्री छ्यासकमानी
(५९) श्री भैरवप्रसाद गुल्म

६) पल्टनहरू : थप जानकारी
७) केही पुराना पल्टन : गठन–विघटन
८) नेपाली हातहतियार : एक पुरानो टिपोट
९) तिथि र तथ्य
११) सहायक सामग्री
१२) विविध

वि.सं. १७९९ देखि वि.सं. १९८० सम्मको युद्धको झलक

नेपाल–भोट युद्ध, वि. सं. १८४५

नेपालको राष्ट्रिय एकीकरणपछि नेपालमा शुद्ध चाँदीका टकहरू बन्न थाले, चल्न थाले। त्यस बखतमा मल्लकालीन केही मिसावटी टकहरू पनि भोटमा चल्दथे। यसले गर्दा नेपाल र भोट बीच शुद्ध टक व्यापारमा कसरी प्रचलनमा ल्याउने भन्ने प्रश्न उठ्यो। मल्लकालीन केही मिसावटी मुद्रामा पर्न गएको नोक्सानी नेपालले व्यहोरे पनि भोटलाई घाटै थियो। यो मुद्राको विवाद श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका पालामा समाधान हुन पाएन। त्यो झगडाको बीउ फैलिदै आएर पछि वि. सं. १८४५ सालमा लडाईंको रूप लियो।

वि. सं. १८४६ सालमा श्री कृष्ण शाह, काजी रणजीत पाण्डे, सरदार पारथ भण्डारी, कप्तान हर्ब पन्य, कप्तान नाहारसिंह बस्न्यात, कप्तान शिवनारायण खत्रीको नेतृत्वमा नेपाली फौजले छोच्याङ्ग हुँदै कुतीमा हमला गरी कुती कब्जा गऱ्यो। त्यस्तै सर्दार अम्मर सिंह थापा, काजी कीर्तिमान सिंह बस्न्यात आदिको नेतृत्वमा लडाईं गर्दै अगाडि बढेको नेपाली सेनाले केरूङ्ग, झुंगा, शिखारजोङ्ग आदि धेरै ठाउँहरू कब्जा गऱ्यो। साथै काजी दामोदर पाण्डे, काजी देवदत्त थापा, कप्तान बम शाह आदिको नेतृत्वमा अगाडि बढेको नेपाली सेनाले दीगर्चा जीत्यो। आखिर वि. सं. १८४७ मा केरूङ्गमा नेपाल-भोटबीच सम्झौता भयो। सो सम्झौता बमोजिम नेपाली शुद्ध चाँदीको एक मोहर बराबर भोटमा चलेका दुई मोहर हुने र भोटले हरेक साल नेपाललाई रू. ५०,०००।– कर तिर्ने व्यवस्था भयो।

नेपाल–भोट युद्ध, वि. सं. १८४८

वि. सं. १८४७ को सम्झौतालाई एक वर्षपछि भोटले पालन गर्न छाडेकाले फेरि नेपाली सैन्य अभिमान सिंह बस्न्यातका नेतृत्वमा केरूङ्गतिरबाट अगाडि बढ्यो, कुतीतिरबाट काजी दामोदर पाण्डेको नेतृत्वमा नेपाली फौजले भोटमा हमला गऱ्यो र भोटका कैयौं ईलाका कब्जा गर्दै टाशीलामाको राजधानी दीगर्चा-सम्म पुग्यो। दीगर्चाबाट फर्कंदा दुईहजार जवान नोक्सान परे। वि. सं. १८४८ मा नै त्यहाँ सुन चाँदी नगद बटुलेर नेपाली फौज काठमाडौं फर्क्यो। भोटका लामाका बजीरलाई पनि पत्रेर ल्याई काठमाडौंमा कैद गरे।

नेपाल–चीन युद्ध, वि. सं. १८४९

नेपाली सेनाले दीगर्चासम्म पुगेर आक्रमण गरेकाले भोटेहरूले चीनसंग सैनिक सहायता मागे। फलस्वरूप भोट आएको ७० हजार मध्ये ४० हजार चिनियाँ फौज नेपाली सैन्यसंग जुध्न भनेर केरूङ्ग हुँदै नेपालभित्र प्रवेश गऱ्यो र धुंचेसम्म बढ्दै आयो। चौतरिया बम शाह र काजी दामोडर पाण्डेका नेतृत्वमा नेपाली फौज कुती केरूङ्गसम्म पुग्यो। धुंचेमा नेपाली सेनाले ठूलो बहादुरी र रणकौशल देखाई चिनियाँ फौजको अधिकांश भाग ध्वस्त पारे। आपनो हार निश्चित भएको देखी चीन सम्राटका ज्वाइँ टुङ्गध्याङ्ग, जो चिनियाँ फौजका कमाण्डर थिए, ले शान्ति सम्झौता गर्ने प्रस्ताव राखेर रातौंरात धैबूङ्गसम्म घुसे। सो चिनियाँ चाल बुझेर नेपाली फौजले चिनियाँ सैन्यलाई त्यहीं रोके। आखिर बेत्रावती नदीको तटमा नेपाली र चिनियाँ फौजहरू बीच घमासान लडाईं भयो। वीर नेपाली सेनाले चिनियाँ फौजलाई हरायो र यसप्रकार फेरि चिनियाँ फौजी कमाण्डरले वास्तविक शान्ति-सम्झौता गर्ने मनसुवा प्रकट गर्न बाध्य भए। संधि भयो। त्यसपछि वि. सं. १८४९ असोज ५ गतेका दिन काजी देवदत्त थापा, सुब्बा प्रतिमन राना समेत भएको एक नेपाली दूत मण्डल चीनतर्फ प्रस्थान गऱ्यो।

नेपाल–भोट युद्ध, वि. सं. १९११

वि. सं. १९०३ सालमा कुख्यात कोतपर्वपछि नेपालको राजनीतिक क्षितिज-मा जङ्गबहादुरको उदय श्री ३ महाराजको रूपमा भैसकेको थियो। वि. सं. १९१० तिर चीन गएको नेपाली प्रतिनिधिमण्डलको अनादर भएको र भोटले

पहिले कब्जा गरेको कुती र केरूङ्गका इलाका फिर्ता नगरेकोले नेपालले भोटसंग युद्ध गर्नपर्ने स्थिति पऱ्यो। वि. सं. १९११ मा कम्याण्डर–ईन–चीफ जनरल बम बहादुर कुँवरको मातहतमा कमाण्डिङ्ग कर्णेल कनक सिंह खत्रीद्वारा हाँकिएको ८ कम्पनी – रैफल, देवीदत्त, गणेश दल, बरख, भैरवनाथ, महेन्द्र दल, पुरानो गोरख र जगन्नाथ – झुंगातर्फबाट केरूङ्ग जित्न खटियो। सो फौजको राशन बन्दोवस्त गर्न जनरल जगत शमशेर खटिएका थिए। वि. सं. १९११ साल फागुन २१ गते शनिबार पूर्णिमाको साईत गरी जनरल धीर शमशेरको मातहतमा कमाण्डिङ्ग कर्णेल पहलमान सिंह बस्न्यातद्वारा हाँकिएको फौज जसमा – काली प्रसाद, गोरखनाथ, शेर आदि कम्पनी लिस्ती हुँदै कुतीतिर प्रस्थान गर्न खटियो। बृगेडियर जनरल खड्ग बहादुर कुँवरको नेतृत्वमा श्रीनाथ, हिमालीध्वज र भवानी बक्स आदि कम्पनी वलाङ्गचुङ्गगोलातर्फबाट भोटमा हमला गर्न खटियो। प्यूठान, सल्यान, डोटी, बैतडी र जुम्लामा रहेका देवीदत्त, अरिदमन, कालीजंग, चन्दननाथ, भैरवनाथ, तारादल आदि कम्पनीहरू मेजर जनरल कृष्णध्वज कुँवर राणाको नेतृत्वमा यारी हुँदै ताकलाकोटतर्फ हमला गर्न खटिए। फलस्वरूप वि. सं. १९११ को अन्ततिर नेपाली सेनाले भोटमाथि आक्रमण गऱ्यो। जनरल धीर शमशेरको नेतृत्वमा गएको नेपाली फौजले कुती हात लगायो। त्यस्तै जनरल बम बहादुरको नेतृत्वको सेनाले केरूङ्ग जित्यो। चिनियाँ मदत नपाएकोले भोटले घुँडा टेक्यो। त्यसर्थ सम्झौताका क्रम आरम्भ भए। वि. सं. १९१२ ज्येष्ठदेखि करीब ८ महीनासम्म ल्हासा, काठमाडौं, शिकारझांग तीन ठाउँमा तीन चरणमा कुराकानी छलफल भयो। आखिर वि. सं. १९१२ पूस महीनामा नेपाल र भोट बीच संधि भयो। भोटले नेपाललाई दशहजार काला मोहर बुझाउन थाल्यो। नेपाली बेपारीले ल्हासामा लाने सामानमा भोटले कुनै भन्सार नलिने व्यवस्था भयो।

नेपाल–भोट विवाद, वि. सं. १९३९

वि. सं. १९१२ को नेपाल–भोट संधिले युद्ध समाप्त गरेपनि दुवै देशका बीच कुनै पनि बखत लडाइँ हुने स्थितिको सिर्जना गऱ्यो। ल्हासामा नेपाली व्यापारी व्यापार गर्न खोज्थे, फलस्वरूप भोटे बेपारीसंग प्रतिस्पर्धा खिचातानी र खिचलो भै नै रहन्थ्यो। वि. सं. १९३९ को चैत्रमा भोटेहरूले ल्हासामा नेवार महाजनहरूको ८४ कोठीहरू लूटपिट गरेपछि स्थिति चर्किंयो। सो लूटपिटको हर्जाना नेपालले

मागेपछि भोटले वि. सं. १९४० माघमा पठाएको चिनियाँ र भोट संयुक्त प्रतिनिधि मण्डल रसुवा पुगेपछि सोही वर्षको फागुनमा सम्झौता वार्ता भै वि. सं. १९४१ ज्येष्ठ सुदी २ सोमबारका दिन नेपाल र भोट बीच संधिपत्रमा हस्ताक्षर भयो। लूटपिट भएको सम्पत्तिको हर्जाना भोटले नेपाललाई तिर्ने भयो। शुरूमा भोटसंग सम्झौता होला भन्ने नेपालले ठानेको थिएन। यसर्थ कुराकानी गर्न रसुवा गएका कर्णेल तेज बहादुर राणा (नेता), काजी लक्ष्मीभक्त उपाध्याय, मेजर कुलमान सिंह बस्नेत, लेफ्टिनेण्ट विजयराम उप्रेती, खरिदार ऋद्धिनर्सिंह राजभण्डारी र अरू अधिकृतहरूको सुरक्षाको निमित्त "बर्दं बहादुर पल्टन" का ५ कम्पनी फौज पनि हातहतियार सहित खटाइएको थियो। साथै नेपालमा भोटसंग युद्ध गर्न तयारी पनि जोडतोडका साथ चलाइएको थियो। वि. सं. १९४० साल तिरै नेपालमा सरकारलाई लडाईंको तयारी गर्ने बारे सल्लाह र सहयोग दिन एक युद्ध–कार्यालय (War–office) खडा भएको थियो। जसको नाम त्यस बेला "सिक्रेटरी अड्डा" राखिएको थियो; सो अधिकार सम्पन्न युद्ध–कार्यालय (War–office) ७ भारदारको मातहतमा थियो। ती भारदार थिए – गुरूज्यू लोकराज पण्डित, जनरल जीत जङ्ग राणा, जनरल वीर शमशेर, जनरल ध्वजनर्सिंह राना, ले. ज. खड्ग शमशेर, कर्णेल केशर सिंह थापा र सुब्बा भक्तवीर राजभण्डारी।

सिक्रेटरी अड्डाको वि. सं. १९४० को युद्ध योजनानुसार ल्हासातर्फ खटिने फौज २ डिभिजनमा बाँडिएको थियो – पहिलो डिभिजनका डिभिजनल जनरल रणवीर जङ्गको नेतृत्वमा रैफल, बर्दं बहादुर, काली बक्स, देवीदत्त, नयाँ गोरख, बरख, गोरखनाथ र जवरजङ्ग पल्टनहरू खटिएका थिए। दोस्रो डिभिजनका डिभिजनल जनरल वीर शमशेरको नेतृत्वमा काली बहादुर, पुरानो गोरख, श्रीनाथ, काली प्रसाद, सबुज, सिंहनाथ, नर्सिङ्गदल र सूर्यदल खटाइएका थिए। त्यस्तै "किल्ला रोकन्या" अर्थात रक्षण पंक्तिमा दुई डिभिजन थिए जसमा पहिलो डिभिजनको डिभिजनल जनरल भैरव नर्सिंह राणाको नेतृत्वमा गणेशदल, भैरवनाथ, जगदल र भैरूङ्ग पल्टनहरू झुंगाको किल्ला रक्षार्थ खटिएका थिए। दोश्रो डिभिजनको डिभिजनल जनरल राम सिंह सिजापतीको नेतृत्वमा शमशेरदल, रामदल, शेर पल्टन र ईन्द्रध्वज पल्टनहरू कुतीको किल्लाको रक्षार्थ तैनात गरिएका थिए। नयाँ खडा हुने ५ बटालियनको रिजर्भ फौजको नेतृत्व यक्ष विक्रम राणाले गर्न तोकिएको थियो। काठमाडौं उपत्यकाको शान्ति, सुरक्षा, लडाईको रशद-पानीको बन्दोवस्त, लडाईंमा जाने तोपखाना, खच्चर, ब्याटरी,रिसल्ला पल्टनहरू

आदिको प्रबन्ध गर्ने पहिलो डिभिजनको डिभिजनल जनरल केदार नर्सिंहको नेतृत्वमा छ्यासकामिनी र नयाँ खडा हुने ६ बटालियन फौज राखिएको थियो। त्यस्तै दोस्रो डिभिजनको डिभिजनल जनरल ध्वज नर्सिंह राणाको नेतृत्वमा कालीदल पल्टन र अरू ५ बटालियन फौज खटाइएको थियो।

भोटसंग विवादग्रस्त विषयहरूमा सम्झौता हुन समय लागेकोले नेपालले जनरल पद्म जङ्गको नेतृत्वमा ४ बटालियन फौज – गणेशदल, भैरव नाथ, जगदल र शमशेर पल्टनहरू नेपाल–भोट सीमानामा खटाएर पठायो।

यसरी नेपालमा भएको रण–तैयारी र सैनिक गतिविधिलाई दृष्टिगत गरी भोट सरकार नेपाली महाजनहरूको क्षतिपूर्ति गरी समस्याबाट उम्कने दाउ खोज्न थाल्यो। यसैको परिणाम स्वरूप वि. सं. १९४१ को ज्येष्ठ सुदी २ सोमबारको संधि रसुवामा सम्पन्न भयो। धेरै वर्षदेखिको खिचलो र विवाद नेपाल र भोट बीच टुंगियो। र नेपालले पनि आफ्नो लडाईं सम्बन्धी तयारीलाई बन्द गऱ्यो। नेपालको दाबी बमोजिमको हर्जानाको रकम वि. सं. १९४३ वैशाखसम्ममा भोटले चुक्ता बुझायो र सो रकमबाट सुन किनेर नेपाल ल्याइयो।

कुमाउ विजय, वि. सं. १८४८

वि. सं. १८४७ साल तिरको कुरा हो। कुमाउमा को नरेश हुने बारे अन्योलको स्थिति थियो। यही मौका पारी नेपालबाट काजी दामोदर पाँडेले वि. सं. १८४७ मा आफ्ना भाइ जगजीत पाँडे र काजी अमर सिंह थापाको नेतृत्वमा नेपाली सैन्य कुमाउ हान्न पठाए। कुमाउका नरेश लाल सिंह र महिन्द्र चन्द्र दुवैले नेपाली सेनालाई रोक्न आफ्नो केही फौज बुथलगडमा पठाए तर लडाईमा कुमाउको सेना पराजित हुँदा दुवै कुमाउ नरेश भागे। फलस्वरूप वि. सं. १८४८ मा कुमाउ राज्य नेपालमा मिलाइयो।

गढवाल विजय, वि. सं. १८५२

कुमाउ जितेपछि वि. सं. १८४९ सालमा जगजीत पाँडे र अमर सिंह थापाको नेतृत्वमा नेपाली सेनाले गढवालमाथि हमला गऱ्यो। लडाईं २ वर्ष भयो। गढवाल कब्जा हुन आँटेकै थियो। चिनियाँ फौज नेपालतर्फ बढ्यो भन्ने खबर आएको र नेपाली फौज गढवालबाट फर्काउने आर्डर हुँदा नेपालतर्फ फर्किरहँदै अवस्थामा भोटसंग सम्झौता भएको अर्को खबर आयो। त्यसैले फेरि काजी अमर सिंह थापाले आफ्ना ६ हजार सेना लिएर गढवालमाथि हमला गरे। गढवाली

नरेश प्रद्युम्न शाहा लडाईंमा हारेर देहरादूनतर्फ भागे । काजी अमर सिंह थापाले गढवाल सर गरे । गढवालले सालिन्दा दुई लाख रूपैयाँ कर तिर्न थाल्यो ।

देहरादून विजय, वि. सं. १८५३

गढवालका नरेश प्रद्युम्न शाहा पराजित भएपछि भागेर देहरादून पुगे, त्यहाँ उनले नयाँ फौज तयार गरेर वि. सं. १८५३ सालमा गुरूघना भन्ने ठाउँमा नेपाली सेनासँग लड्न आए । त्यहाँ पनि नेपाली सैन्यसँग उनी हारे । सो लडाईंमा आफै मारिए । त्यसपछि नेपाली सेनाले देहरादून पनि कब्जा गऱ्यो । देहरादूनले वार्षिक रू. ५० हजार नेपाललाई कर तिर्न थाल्यो ।

सिरमौर विजय, वि. सं. १८६३

काँगडा र विलाशपुर मुण्डीका बीच लडाई हुँदा सिरमौरले विलाशपुर मुण्डीपट्टि लागेर लडेको थियो । त्यसैले काँगडाले हन्दुर राज्यलाई भडकाई सिरमौरसंग लडाईं गरायो । त्यस बखत सिरमौरका नरेश कर्ण प्रकाशले गढवालमा काजी अमर सिंह थापासंग सहायता मागे । सिरमौरको सहायतार्थ सरदार भक्ति थापा एक हजार नेपाली फौज लिएर खटिई आए । तर पनि सिरमौर पराजित हुँदा सिरमौर नरेश कर्ण प्रकाश काजी अमर सिंह थापाकहाँ गढवालमा आएर शरण परे । वि. सं. १८६३ सालमै काजी अमर सिंह थापाले हन्दुर राज्यमाथि हमला गरी स-साना धेरै ठकुराइहरू कब्जा गरे । त्यसपछि फेरि काजी अमर सिंह थापाको नेतृत्वमा नेपाली फौजले काँगडामाथि हमला गरे । पञ्जाब नरेश रणजीत सिंहले काँगडाको सहायतार्थ सेना पठाएकोले नेपाली सेनाले केही क्षति सहनु पऱ्यो । त्यस बखत काजी अमर सिंह थापालाई सिरमौरका नरेश कर्ण प्रकाशले अनादर गरी धोखा दिएका थिए । त्यसको बदला काजी अमर सिंह थापाका छोरा कर्णेल रणजीत थापाले वि. सं. १८६३ सालमा सिरमौर राज्यमाथि हमला गरी कब्जा गरे । गढवाल र सिरमौर बीचका धेरै स-साना ठकुराईहरू (Principalities) सिरमौरको आधिपत्य स्वीकार गर्दथे । सिरमौर नेपालको अधीनमा गएको हुँदा ती १२ ठकुराईहरू पनि लडाईं विना नै नेपालको अधीनमा आए । केही ठूला ठूला ठकुराईहरू भने काजी अमर सिंह थापाले वि. सं. १८६३ देखि एक एक गर्दै सर गरे । आखिर वि. सं. १८६७ सालमा केही ठूला ठकुराईहरू मिलेर नेपाली सेनासंगै लडाई गर्न पंथजराको रणक्षेत्रमा जम्मा भए । पंथजरा (काँगडा) मा भीषण युद्ध भयो । नेपाली सेना विजयी भयो । नेपाललाई १२ ठकुराईहरू सब मिलेर वार्षिक रू. ३३ हजार कर तिर्न थाले ।

ईष्ट इण्डिया कम्पनीसँग युद्ध, वि. सं. १८७१

घेरै समयदेखि बुटवल र शिवराज (स्यूराज) जिल्लामा आफ्नो आधिपत्य कायम गरी नेपालले मालपोत उठाउँदै आएको थियो । त्यसमा भारतीय महाद्विपमा साम्राज्यवादको पञ्जा फैलाइरहेको ईष्ट इण्डिया कम्पनीले वि. सं. १८७१ सालमा बुटवल र शिवराजमा ठानाहरू र आउटपोस्ट समेत खडा गर्ने दुस्साहस गऱ्यो । बुटवलका नेपाली अधिकारीले पनि ती कम्पनीका ठानेदारहरूलाई मारिदिए । त्यसको फलस्वरूप नेपालसँग लड्न ईष्ट इण्डिया कम्पनी तात्यो । सोही बहानामा अंग्रेजी फौज नेपाली सेनासँग लड्न अगाडि बढ्यो । नेपालको लामो सीमानालाई ढाकेर त्यो युद्धमा अंग्रेजी सेना ५ तिरबाट बढेको थियो । मेजर जनरल जिलेप्सीले १०,४२२ जवानहरूको डिभिजन मेरटबाट बढाई नेपालले कब्जा गरिराखेका देहरादून, गढवाल, श्रीनगर र नाहान माथि हमला गर्न बढाए । नेपाली सेनाले कब्जा गरेका सतलज नदीका छेउका पहाडी भेकमा हमला गर्न एक विशाल तोपखाना सहितको ६ हजार पैदल सेनालाई मेजर जनरल अक्टरलोनीले लुधियानाबाट बढाए । (त्यस सेनामा पछि ६६६८ जवान थपियो ।) बुटवल र पल्पा हान्न भनी मेजर जनरल उडले ४६९८ जवानको डिभिजन गोरखपुरबाट अगाडि बढाए । (त्यस सेनामा पछि ९०० जवान थपियो ।) मकवानपुरको बाटो गरी काठमाडौं उपत्यकामा हमला गर्न मेजर जनरल मार्लेले ७९०७ जवानको फौज सारनतिरबाट अगाडि बढाए । ईष्ट इण्डिया कम्पनीको पाँचौं सेना, जसमा २००० सिपाही थिए, मेजर लेटरको नेतृत्वमा पूर्णियाको सीमानाको रक्षा गर्न र नेपालको पूर्वी भेक कब्जा गर्न अगाडि बढ्यो । यसरी साम्राज्यवादी सेना पाँच-तिरबाट नेपालको भूभागमाथि हमला गर्न खनियो । ईष्ट इण्डिया कम्पनीको रेगुलर फौज ३४,७४६, ईर्रेगुलर (Irregular) सेना १३,०३१ र ६० वटा तोपको तोपखाना रणक्षेत्रमा उत्रियो । आक्रमणकारी कम्पनीको त्यो विशाल सेनाको मुकाबिला गर्न नेपाली सैन्यतर्फ नालापानी, जैटकको रक्षार्थ कर्णेल रणजोर सिंह थापा र काजी जसपाउ थापाको नेतृत्वमा २,३०० जवानको फौज तैनात थियो । कप्तान बलभद्र सिंह कुँवर देहरादूनदेखि ५ माईल टाढा नालापानीको थुममा बनेको "कलंगा दुर्ग (किल्ला)" ६०० फौज, जसमा महिला र केटाकेटी पनि थिए, लिएर बसेका थिए । अल्मोडादेखि पश्चिमका नेपाली सेनाको नेतृत्व काजी अमर सिंह थापाले गरेका थिए । उनी "मलउ दुर्ग (किल्ला)" मा बसेका थिए । "मलउ दुर्ग" को नजिकैको अर्को किल्ला "सुरजगढ दुर्ग" रक्षार्थ बुढा भक्ति थापा खटिएका थिए । जीतगढी, बुटवलको रक्षार्थ तैनात १२०० नेपाली

फौजको नेतृत्व कर्णेल उजिर सिंह थापाले गरेका थिए । नालापानीको युद्धमा र जैटकको लडाईंमा गरेर अंग्रेजी फौजतर्फ मेजर जनरल जिलेप्सी, अरू ४३ अफिसरहरू र अरू दर्जाका १२,००० सैनिक मारिए, घायल भए । नेपाली सेनातर्फ भने मर्ने र घायलको संख्या जम्मा ७०० थियो । जीतगढी र बुटवलको लडाईंमा अंग्रेजी सेनातर्फ अफिसर ५ र अरू दर्जाका जवान १२८ मारिए वा घायल भए । नेपाली फौजतर्फ सरदार एक र अरू २०० जना मरे वा घायल भए । यस प्रकारले धेरै ठाउँमा कम्पनीको फौजले विजय हासिल गरेकोले नेपाल र कम्पनी सरकारका बीच वि. सं. १८७२ सालको मंसीर महीनामा सुगौलीमा संधि भयो ।

वि. सं. १८७२ मंसीरको सुगौली संधिमा उल्लिखित नेपालले तराईका केही भाग छाड्ने कुरामा चित्त नबुझेकोले फेरि युद्धको राँको दन्कियो । नेपाल सरकारबाट समयमै स्वीकृति प्रदान भएन । काजी अमर सिंह थापा, रणजोर सिंह थापा र अरू भारदार लडाईंको पक्षमा थिए । यो कुरा थाहा पाएर अंग्रेजी फौजहरू पुनः लडाईंको लागि खटिन थाले । मेजर जनरल अक्टरलोनी १९१६३ जवानको फौज र कर्णेल केली ३०४० जवानको फौज भिक्षाखोरीको बाटो काठमाडौं उपत्यकामाथि हमला गर्न हेटौंडातर्फ अगाडि बढ्यो । लेफ्टेन कर्णेल निकोल (NICHOL) ले ४२८० जवानको फौज लिएर रामनगरको बाटो गरी चितवनबाट हेटौंडातर्फ बढाए । कर्णेल केली (Col. KELLY) ले ३०४० जवानको फौजलाई भगवानपुरको बाटो हरिहरपुरतर्फ बढाए ।

सन् १८१६ को फेब्रुअरी २७ तारिखमा मेजर जनरल अक्टरलोनीको फौज मकवानपुर गढी छेउ पुग्यो । त्यहाँ मकवानपुर गढीको रक्षार्थ सरदार शमशेर रानाको नेतृत्वमा नेपाली सेना तैनात थियो । विहानै लडाईं हुँदा ८०० नेपाली सैनिक हताहत भए । अंग्रेजी फौजका २ अफिसरहरू र २२२ जवानहरू मारिए । त्यस्तै कर्णेल केलीको फौजसँग सन् १८१६ को फेब्रुअरी २९ तारिखमा हरिहरपुरगढी रक्षार्थ तयार रहेका कर्णेल रणजोर सिंह थापाको नेतृत्वको नेपाली फौजको घमासान युद्ध भयो । नेपाली सैन्यले आफ्नो पराक्रम र बहादुरी प्रदर्शित गऱ्यो । सो लडाईंमा ईष्ट इण्डिया कम्पनीको अंग्रेजी सेनाका ५ अफिसरहरू र ५४ जना सैनिक मारिए । दिनभर लडाईं भयो । आखिर अंग्रेजी सेनाको धेरै तोपहरू सहितको तोपखाना रणक्षेत्र छेउ आएकोले अरू बढ्ता अड्न धौ धौ पऱ्यो । मकवानपुर र हरिहरपुर गढीहरूको लडाइको नराम्रो समाचारले नेपाललाई त्यस बखत प्रस्तावित सुगौली संधि मान बाध्य हुनु पऱ्यो । फलस्वरूप ईष्ट इण्डिया कम्पनी परिस्थितिको फाईदा उठाई त्यस बखत नेपालको धेरै भूभाग

हडप्न सफल भयो । पछि खर्च आयस्ताको विचार गरी कम्पनी सरकारले ती भूभाग नेपाललाई नै फिर्ता गऱ्यो । नेपाल र बृटिश-भारतका बीच सीमा स्तम्भहरू खडा भए ।

आंग्ल-नेपाल युद्ध (Anglo-Nepal War) को क्रममा यहाँ विभिन्न रणक्षेत्र र गढहरूमा लड्ने नेपाली सैनिक र कमाण्डरहरूको उल्लेख प्रासंगिक छ ।

अंग्रेजी फौजका जनरल मार्लोको फौजको मुख्य भाग पर्सामा रहेको थियो । बारागढी र पर्साको रक्षा गर्न खटिएको १०,००० नेपाली सैनिक चौतरिया प्राण शाह, काजी दलभंजन थापा र काजी रणवीर सिंह थापाको नेतृत्वमा भरतपुरमा तैनात थियो । सुपिङ्गमा सरदार भरत सिंहको नेतृत्वमा १०,००० फौज तैनात थियो । त्यस्तै सिमराबासमा कप्तान शमशेर राना र करवीर पाँडेको नेतृत्वमा १०,००० फौज तैनात थियो । भारा भन्ने ठाउँमा सरदार ईन्द्रवीर खत्रीको नेतृत्वमा १०,००० फौज तैनात थियो । मकवानपुरमा कर्णेल रणधीर सिंह थापाको जिम्मामा ३२ कम्पनीहरूका ३२०० जवान तैनात थिए ।

सुगौली संधि भयो । तर कम्पनी सरकारले वीर नेपाली सेनाको पराक्रम र बहादुरी कम भएको देख्न पाएन । उल्टो अंग्रेजहरू नेपाली फौजको शौर्य र साहसको ठूलो प्रशंसक भए । कलंगाको किल्लामा अंग्रेजहरूले नेपाली वीर बलभद्र सिंह कुँवरको सम्मानको निमित्त स्थापना गरेको यो शिलालेख यसरी बोल्दछ :–

"हाम्रा वीर शत्रु बलभद्र सिंह र उनका वीर गोरखा साथीहरूको सम्झनामा सम्मान स्वरूप" ।

"ती वीर देशभक्त आज स्वर्गमा भए पनि मेरो निम्ति तिनीहरू सधैँ जीवित छन् र इतिहासमा सदैव जीवित रहनेछन्। त्यस्ता वीर पराक्रमीहरूलाई जन्माउने नेपाली वीराङ्गनाहरू पनि धन्य हुन् ।"

– स्व. श्री ५ महेन्द्र

२०२१।७।७

शाही नेपाली सेनाको युद्ध-सेवा

राष्ट्रिय एकीकरणको क्रम र आधुनिक नेपालको विस्तृत सीमा निर्धारण पूरा भएपछि पनि वीर नेपालीहरूले धेरै लडाईं हरू लडे। यस क्रममा नेपालको दक्षिण-तर्फ उर्लेर आइरहेको बृटिश साम्राज्यवादको बाढीलाई रोक्न र राष्ट्रिय स्वाधीनता जोगाउन नेपाली सैन्यले ईष्ट इण्डिया कम्पनीको विशाल, हातहतियारले लैस र प्रशिक्षित सेनासँग डटेर मुकाबिला मात्र गरेनन्, अपितु कतिपय रणक्षेत्रहरूमा बैरीलाई घुँडा टेकाए। ती नेपाली वीर-वीराङ्गनाहरूको सम्झना नेपाली मात्रका हृदयपटमा अमर छ। विभिन्न युद्धहरूमा लड्ने विभिन्न नेपाली पल्टनहरूको उल्लेख निम्नानुसार देखिन्छ।

(क) मेजर किनलकको अभियान (KINLOCK EXPEDITION):-

विक्रम सम्वत् १८२४ सालमा ईष्ट इण्डिया कम्पनीको फौजको नेतृत्व गरी हमला गर्न आउने मेजर किनलकको आक्रमण (Kinlock Expedition) को सामना गर्ने नेपाली पल्टनहरू यी थिए:– (१) काली बक्स कम्पनी (पौवागढी), (२) श्रीनाथ पल्टन (पौवागढी), (३) वर्ज बहादुर कम्पनी (पौवागढी), (४) गोरख कम्पनी (पौवागढी), (५) सबुज कम्पनी (पौवागढी)। सिन्धुलीको लडाईंमा किनलकको फौजलाई परास्त गर्ने नेपाली सेनाको नेतृत्व यी वीरहरूले गरेथे :– (१) काजी वंशराज पाँडे, (२) काजी हर्ष पन्त (३) सर्दार रामकृष्ण कुँवर, (४) शिकारी अफिसर बंशु गुरुङ (५) खजाञ्ची वीरभद्र उपाध्याय।

(ख) ईष्ट इण्डिया कम्पनीसँग युद्ध :–

विक्रम सम्वत् १८७१–७२ सालमा ईष्ट इण्डिया कम्पनीसंगको लडाईंमा लड्ने यी नेपाली पल्टनहरू थिए :– (१) काली बक्स पल्टन (पर्सा),

(२) नयाँ गोरख कम्पनी (मकवानपुर), (३) श्रीनाथ कम्पनी (पर्सा), (४) वर्जवाणी पल्टन (वारागढी), (५) देवीदत्त पल्टन (समनपुर), (६) पुरानो गोरख पल्टन (नालापानी, जैटक र दियोथल), (७) सिंहनाथ कम्पनी (दियोथल) (८) रामदल कम्पनी (दियोथल), (९) कालीदल कम्पनी (नालापानी), (१०) शार्दूल जंग कम्पनी (नालापानी र जैटक), (११) भैरूङ कम्पनी (पर्सा), (१२) दुर्गाबक्स कम्पनी (वारागढी), (१३) गोरखबक्स कम्पनी (काँगडा र मकवानपुर), (१४) सबुज पल्टन (बुटवल), (१५) बरख पल्टन (नालापानी र जैटक), (१६) श्रीजङ्ग पल्टन (विजयपुर)।

(ग) गढवाल र काँगडासँगको युद्ध :--

विक्रम सम्वत् १८६३ सालमा काँगडा, हण्डूर, सिरमौर र गढवालसंग भएको लडाइँमा लड्ने र विजयी हुने नेपाली पल्टनहरू यी थिए:-(१) नयाँ गोरख कम्पनी (काँगडा, सिरमौर र गढवाल), (२) वर्जवाणी पल्टन (हण्डुर, काँगडा र सिरमौर) (३) जवरजङ्ग कम्पनी (काँगडा), (४) पुरानो गोरख कम्पनी (गढवाल र काँगडा), (५) सिंहनाथ कम्पनी (काँगडा), (६) रामदल कम्पनी (सिरमौर, गढवाल र काँगडा), (७) रणशाह दल कम्पनी (गढवाल, काँगडा र सिरमौर) (८) बरख कम्पनी (गढवाल र काँगडा), (९) तारादल कम्पनी (काँगडा), (१०) भवानी बक्स कम्पनी (काँगडा), (११) ज्वालादल कम्पनी (काँगडा), (१२) नयाँ श्रीनाथ कम्पनी (हण्डुर र काँगडा)।

(घ) बान्ह ठकुराईसँग युद्ध :-

विक्रम सम्वत् १८६७ सालमा पन्थजरामा १२ ठकुराईसंग भएको युद्धमा लड्ने र विजयी हुने नेपाली पल्टनहरू यी थिए:-(१) रणशाह दल कम्पनी, (२) ज्वालादल कम्पनी, (३) कालीजङ्ग पल्टन, (४) चन्दननाथ कम्पनी, (५) अरिदमन कम्पनी।

(ङ) नेपाल भोट युद्ध :-

विक्रम सम्वत् १८४६-१८४८ सालमा भोटसंग भएको युद्धमा लड्ने नेपाली पल्टनहरूमा यी थिए:- (१) श्रीनाथ कम्पनी(केरूङ), (२) विजयपुर कम्पनी, (३) पुरानो गोरख, (४) बरख, (५) रणभीम पल्टन।

(च) नेपाल भोट युद्ध :-

विक्रम सम्वत् १९११-१२ सालमा नेपाल र भोटका बीच युद्ध हुँदा सो लडाइँमा लड्ने नेपाली पल्टनहरूमा यी थिए :-

(१) रैफल पल्टन (केरूङ), (२) काली बस्वस कम्पनी (कुती), (३) नयाँ गोरख पल्टन (लामबगर), (४) गोरखनाथ पल्टन (केरूङ), (५) श्रीनाथ पल्टन (केरूङ), (६) बर्ज बहादुर पल्टन (कुती), (७) काली बहादुर पल्टन कुती), (९) देवीदत्त पल्टन (केरूङ), (९) गणेशदल पल्टन (केरूङ), (१०) भैरवनाथ पल्टन (केरूङ), (११) पुरानु गोरख पल्टन (केरूङ), (१२) कालीप्रसाद पल्टन (कुती), (१३) सिंहनाथ पल्टन (केरूङ) (१४) शमशेर दल पल्टन (वलाङचुङगोला), (१५) रामदल पल्टन (केरूङ), (१६) राजदल पल्टन (केरूङ), (१७) शेर पल्टन (कुती), (१८) जगन्नाथ पल्टन (केरूङ), (१९) छ्यासकामिनी पल्टन (कुती), (२०) दुर्गाबक्स कम्पनी (केरूङ) (२१) नारायणदल कम्पनी (वलाङचुङगोला), (२२) गोरख बक्स कम्पनी (वलाङचुङगोला), (२३) नयाँ श्रीनाथ पल्टन (वलाङचुङगोला), (२४) सबुज पल्टन (कुती), (२५) बरख पल्टन (मुस्ताङ्), (२६) तारादल कम्पनी (हुम्ला), (२७) भवानीबक्स कम्पनी (हुम्ला), (२८) ज्वालादल कम्पनी (हुम्ला), (२९) कालीजङ्ग पल्टन (हुम्ला), (३०) चन्दननाथ कम्पनी (हुम्ला), (३१) अरिदमन कम्पनी (हुम्ला), (३२) भैरवनाथ कम्पनी (हुम्ला), (३३) श्रीजङ्ग पल्टन (वलाङचुङगोला) लालबहादुर कत्थकीले लेखेको भोटको लडाइँको सवाईमा यी पल्टनहरूको उल्लेख छः– (१) भवानी प्रसाद, (२) गुमानध्वज (३) रणप्रिया लेटर (४) कालीबहादुर पल्टन।)

(छ) सिपाही द्रोह, ब्रिटिश भारत (Sepoy Mutiny):–

विक्रम सम्वत् १९१४–१५ सालमा ब्रिटिश भारतमा त्यहाँको सैन्य बीच ठूलो द्रोह मच्चियो। ब्रिटिश भारतको तत्कालीन सरकार विद्रोहीहरूदेखि काँप्यो र ब्रिटिश भारतले नेपालसँग सैनिक सहायता र सहयोग माग्यो। यसैले ब्रिटिश भारतको सिपाही द्रोह (Sepoy Mutiny) दबाउन र ब्रिटिश भारतमा आन्तरिक शान्ति सुरक्षा कायम गर्न नेपालबाट खटिएर ब्रिटिश सरकारको सहायतार्थ लखनउ गै त्यहाँ बागीहरूलाई दबाउने नेपाली पल्टनहरू यी थिए:– (१) रैफल पल्टन, (२) कालीबक्स पल्टन, (३) नयाँ गोरख पल्टन, (४) गोरखनाथ पल्टन, (५) श्रीनाथ पल्टन (६) वर्जबहादुर पल्टन, (७) सूर्यदल पल्टन, (८) कालीबहादुर पल्टन, (९) देवीदत्त पल्टन, (१०) नरसिंहदल, (११) जबरजंग पल्टन, (१२) गणेशदल पल्टन, (१३) जगदल पल्टन (वि. सं. १९७० मा पशुपतिप्रसाद पल्टन नामकरण भएको)

(१४) भैरवनाथ पल्टन, (१५) पुरानु गोरख पल्टन, (१६) कालीप्रसाद पल्टन, (१७) सिंहनाथ पल्टन, (१८) शमशेरदल पल्टन, (१९) रामदल पल्टन, (२०) महेन्द्रदल पल्टन, (२१) राजदल पल्टन, (२२) शेर पल्टन, (२३) जंगनाथ पल्टन, (२४) सबुज पल्टन, (२५) बरख पल्टन, (२६) कालीजंग पल्टन (अल्मोडामा खटिएको) ।

(ज) पहिलो महायुद्ध (World War I):-

विक्रम सम्वत् १९७१ देखि १९७५ सालसम्म भएको पहिलो महायुद्धमा श्री ३ महाराज चन्द्र शमशेरले बाहिरी विश्वको ध्यान नेपालतर्फ आकृष्ट गर्न, विश्वभर नै नेपाली वीरता प्रदर्शित गर्न, अन्तर्राष्ट्रिय ख्याति नेपाललाई दिलाउन र भरसक अंग्रेजलाई खुशीपारी सुगौली सन्धिद्वारा नेपाललाई परिराखेको मर्काहरू फुकाउन ब्रिटिश सरकारको अनुरोधमा नेपाली सेनाको २० पल्टन ब्रिटिश-भारतमा खटाएर पठाए। ग्यारिजन ड्यूटी वा आन्तरिक सुरक्षार्थ खटिएर गएका २० पल्टनहरू यी थिएः- (१) रैफल पल्टन (अवोटावाद र वजिरीस्तान), (२) काली बक्स पल्टन (अवोटावाद र वजिरीस्तान), (३) नयाँ गोरख पल्टन (देहरादून र वजिरीस्तान), (४) दोस्रा रैफल पल्टन (देहरादून), (५) श्रीनाथ पल्टन (अवोटावाद), (६) वर्जबहादुर पल्टन (देहरादून), (७) भैरूङ पल्टन (देहरादून), (८) कालीबहादुर पल्टन (देहरादून), (९) देवीदत्त पल्टन (अवोटावाद), (१०) जबरजङ्ग पल्टन (अवोटावाद), (११) पशुपतिप्रसाद पल्टन (अवोटावाद), (१२) भैरवनाथ पल्टन (अवोटावाद), (१३) पुरानु गोरख पल्टन (अवोटावाद), (१४) सिंहनाथ पल्टन (अवोटावाद र मिरानसा मासूदसँगको लडाईमा), (१५) शमशेरदल पल्टन (अवोटावाद), (१६) रामदल पल्टन (अवोटावाद), (१७) महेन्द्रदल पल्टन (देहरादून र वजिरीस्तान, मासूदसँगको युद्धमा) (१८) शेर पल्टन (अवोटावाद र वि. सं. १९७४ को मासूदसँगको लडईमा मीरानसा भन्ने स्थानमा), (१९) सबुज पल्टन (देहरादून), (२०) बरख पल्टन (देहरादून) ।

नोटः- (वि. सं. १९७४ सालमा वजिरीस्तानमा मासूदसँग भएको लडाईमा ५ नेपाली पल्टनले पनि लडे)

(झ) तेस्रो अफगान युद्ध (Third Afgan war):-

वि.सं. १९७६ सालमा भएको तेस्रो अफगान युद्धमा ब्रिटिश सरकारको

अनुरोधमा अफगानिस्तानमा खटिएर गई लडाईमा लड्ने नेपाली पल्टनहरू यी थिए:-

(१) दोस्रो रैफल पल्टन (मर्दन भन्ने ठाउँमा लडेको), (२) भैरूङ्ग पल्टन (मर्दनमा लडेको), (३) पशुपतिप्रसाद पल्टन (नौसेरा भन्ने ठाउँमा लडेको), (४) भैरवनाथ पल्टन (नौसेरामा लडेको) ।

(ञ) दोस्रो महायुद्ध (World War II):-

वि. सं. १९९६ सालदेखि वि. सं. २००२ सालसम्म दोस्रो महायुद्ध भएको हो । सो लडाईंमा बृटिश सरकारले नेपालसंग सैनिक सहायता माग्यो । तिनताका प्र.मं. श्री ३ महाराज जुद्ध शमशेरले मित्रराष्ट्र बेलायतको सहायतार्थ दोस्रो महायुद्धका बखत बृटिश साम्राज्यको अन्तर्गत भारतीय उपमहाद्वीपका विभिन्न स्थानमा आन्तरिक सुरक्षा अर्थात् ग्यारिजन ड्यूटी गर्न भनी तपसिलमा नेपाली पल्टनहरू खटाएर पठाए:-

(१) कालीबक्स पल्टन (देहरादून), (२) नयाँ गोरख पल्टन (बर्मा), (३) दोस्रो रैफल पल्टन ("थल" भन्ने स्थानमा), (४) श्री नाथ पल्टन (नौसेरा), (५) बर्ज बहादुर पल्टन (बर्मा). (६) सूर्यदल पल्टन (देहरादून) (७) भैरूङ पल्टन(थल), (८) काली बहादुर पल्टन (बर्मा), (९) देवीदत्त पल्टन (विभिन्न ठाउँ) (१०) जबरजङ्ग पल्टन (नौसेरा), (११) भैरवनाथ पल्टन (अफगानिस्तान, खैबर घाँटी आदि ठाउँमा), (१२) पुरानु गोरख पल्टन (विभिन्न ठाउँ), (१३) शमशेरदल पल्टन (कलकत्तामा), (१४) महेन्द्रदल पल्टन (बर्मा), (१५) शेर पल्टन (कलकत्ता), (१६) जङ्गनाथ पल्टन (बर्मामा वि. सं. २००१-२००२) ।

(ट) हैदराबाद गोलमाल, भारत:-

वि. सं. २००५ सालमा भारतमा रजौटाहरूले स्वाधीनताको लागि ठूलो गोलमाल मचाएपछि भारत सरकारको अनुरोधमा त्यहाँ शान्ति-सुरक्षा कायम गर्न नेपालबाट तपसिलका पल्टन ९ महीनासम्म खटिएर भारतको विभिन्न भागमा गएका थिए :-

(१) कालीबक्स पल्टन (२) नयाँ गोरख पल्टन, (३) दोस्रो रैफल पल्टन (रामगढमा खटिएको), (४) गोरखनाथ पल्टन (देहरादून), (५) श्रीनाथ पल्टन (कलकत्ता), (६) बर्ज बहादुर पल्टन (हैदरावाद), (७) सूर्यदल पल्टन (राँची),

(८) भैरूङ पल्टन (रामगढ), (९) काली बहादुर पल्टन (रामगढ), (१०) देवीदत्त पल्टन (रामगढ), (११) नरसिंहदल पल्टन (हैदरावाद), (१२) जवरजङ्ग पल्टन (हैदरावाद), (१३) गणेश दल पल्टन (हैदराबाद), ४) भैरवनाथ पल्टन (कलकत्ता), (१५) पुरानु गोरख पल्टन, (१६) काली प्रसाद पल्टन, (१७) शमशेरदल पल्टन, (१८) महेन्द्रदल पल्टन, (१९) शेर पल्टन ।



२. "हाम्रो सेनाको इतिहास गौरवमय र उज्यालो धेरै कालदेखि रहिआएको छ । त्यो गौरवशाली परम्पराको रक्षा हुनु पर्दछ ।"

२०१०।६।४ — राष्ट्रपिता स्व. श्री ५ त्रिभुवन

अनि तो जसले लडाईं लडे

सुन्दर, शान्त, विशाल हिमालको काखमा रहेको यो नेपाल अधिराज्यमा राष्ट्रिय एकीकरणको प्रक्रया सफल पार्न र मुलुकको स्वाधीनता रक्षार्थ कैयौं रण-भूमिमा आफ्ना ज्यू-ज्यानको बाजी लगाएर युद्धमा होमिने वीरहरूको नाम यो देशको इतिहासमा स्वर्णाक्षरले लेखिएको छ । यहाँ हामी तिनै वीर-वीराङ्गना-हरूको भेटिएसम्मको नाम उल्लेख गर्दछौं, जसको स्मरणले मात्र पनि आउँदा पिढीहरूलाई सदासर्वदा राजभक्ति, देशभक्ति र स्वाधिनता-प्रेमका निमित्त प्रेरित र अनुप्राणित गरिरहन्छ:–

रणक्षेत्रमा लड्ने नेपाली वीर	लडाईं भएको ठाउँ र सम्वत् (वि. सं.)
१. काजी सूर प्रताप शाह	– नुवाकोट(१८०१), मकवानपुर (१८१९), लकाङ्ग (१८२०) कीर्तिपुर (१८२१), भादगाउँ (१८२६) ।
२. सरदार कालु पाँडे	– नुवाकोट(१८०१), बेलाको (१८०१), घलेगाउँ (१८०१), नालदुम(१८११), सिरानचोक(१८१२), कीर्तिपुर (१८१४) (कीर्तिपुर युद्धमा मरेका) ।
३. काजी लक्ष्मी नारायण पाँडे	– नुवाकोट (१८०१) ।
४. चौ. दलमर्दन शाह	– नुवाकोट (१८०१), मकवानपुर (१८१९), लमजुङ्ग (१८४०) ।
५. सरदार विसु पन्थ	– नुवाकोट (१८०१) ।
६. चौ. कीर्तिमहोद्यम शाह	– नुवाकोट (१८०१), घलेगाउँ (१८०१), नालदुम(१८११),सिरानचोक (१८१२), मकवानपुर(१८१९), लकाङ्ग (१८२०) ।

७. चौ. विष्णु शाह – नुवाकोट (१८०१) ।
८. काजी तुलाराम पाँडे – नुवाकोट (१८०१), दहचोक (१८११), कीर्तिपुर (१८२१), काठमाडौं (१८२४), (काठमाडौं युद्धमा मरेका) ।
९. सरदार चन्द्र प्रकाश शाह – नुवाकोट (१८०१), नालदुम (१८११) ।
१०. सरदार वीरभद्र पन्थ – नालदुम (१८११) ।
११. श्रीकृष्ण शाह – भोट (१८४७), धैवुङ्ग (१८४९) ।
१२. ऋषि पाध्या – नालदुम (१८११), दहचोक (१८११), (दहचोक युद्धमा मरेका) ।
१३. चौ. जाहाँगीर शाह – नालदुम (१८११) ।
१४. सरदार भद्र शाही – दहचोक (१८११), पलाञ्चोक (१८१६)।
१५. सरदार मधुकर शाही – दहचोक (१८११) ।
१६. सरदार शक्तिबल्लभ जोशी – दहचोक (१८११) ।
१७. बुढावली पन्थ – दहचोक (१८११) ।
१८. नजिकी वाङ्गे बस्नेत – दहचोक (१८११), सिंधुली (१८१९) ।
१९. वीरभद्र बस्नेत – दहचोक (१८११), पलाञ्चोक (१८१६), कीर्तिपुर (१८२१) (कीर्तिपुर युद्धमा मरेका ।)
२०. चामू खत्री – दहचोक (१८११) ।
२१. हरिवंश पाध्या – दहचोक (१८११), धुलिखेल (१८२०) ।
२२. द्वारे अम्बर पाँडे – सिरानचोक (१८१२) (सिरानचोक युद्धमा मरेका ।)
२३. कलै द्वारे – सिरानचोक (१८१२) सिरानचोक युद्धमा मरेका)
२४. रूद्र शाही – सिरानचोक (१८१२), तिमाल (१८१९) ।
२५. कपरदार कालु (कपरदार कालीदास खड्का भगर?) – शिवपुरी (१८१६), धुलिखेल (१८२०)।
२६. देबे गुरूङ – शिवपुरी (१८१६) ।
२७. चौ. दलजीत शाह – पलाञ्चोक (१८१६), काभ्रे (१८१६), मकवानपुर (१८१९), तिमाल (१८१९), धनेपा, खड्पु, सांगा, नाला, फर्पिङ्ग, विसंखु, चोभार (सबै ठाउँ – १८२०), कीर्तिपुर (१८२१), कास्की (१८४३) ।

२८. काजी हर्के पन्थ – पलाञ्चोक (१८१६), सिंधुली (१८१९), पौवागढी (१८२४), कीर्तिपुर (१८२१)।

२९. सरदार रामकृष्ण कुँवर – पलाञ्चोक (१८१६), तिमाल (१८१९), सिंधुली (१८१९), धुलिखेल (१८२०), चौडण्डी (१८३०), वलियुम (१८३६)।

३०. सरदार प्रतिमन राना – पलाञ्चोक (१८१६), लमजुङ (१८४०), नुवाकोट (१८४२), पैय्यूं, दुल्लू (१८४३,) दिगर्चा (१८४८), धँबुङ (१८४९)।

३१. उमराउ श्याम अधिकारी – पलाञ्चोक (१८१६)।

३२. उमराउ भीमसेन थापा – पलाञ्चोक (१८१६)

३३. काजी बंशराज पाण्डे – मकवानपुर (१८१९), तिमाल (१८१९), सिंधुली (१८१९), चिहानडाँडा (१८२३,) पौवागढी (१८२४), कीर्तिपुर (१८२१), सतौं (१८२७), लमजुङ (१८४०)।

३४. काजी नादार सिंह बस्नेत – मकवानपुर (१८१९), सिंधुली (१८१९), भोट (१८४७)

३५. काजी केहर सिंह बस्नेत – मकवानपुर (१८१९), सतौं (१८२७), (सतौं युद्धमा मरेका)

३६. काजी अभिमान सिंह बस्नेत – मकवानपुर (१८१९), चौडण्डी, माझ-किरात (१८३०), अरूण, मोरङ्ग, चैनपुर (सबै– १८३१), सुम्भेश्वर (१८३३), विजयपुर, रिसिङ, घिरिङ, गर्जकोट, सतौं (सबै–१८३५), दिगर्चा (१८४८)।

३७. सरदार नन्दु – मकवानपुर (१८१९)।

३८. जैसी कुलानन्द – मकवानपुर (१८१९)।

३९. काजी जीव शाहा – तिमाल (१८१९), सिंधुली (१८१९), कीर्तिपुर (१८२१), लमजुङ (१८४०), मालनेटा मुसिकोट, रुकुम (सबै–१८४४)।

४०. नजिकी दुर्लभ खत्री – सिंधुली (१८१९)।

४१. हर्के बस्न्यात – चिहानडाँडा (१८२३)।

४२. सरदार गुरूङ – पौवागढी (१८२४)।

४३. खजाञ्ची वीरभद्र पन्थ – पौवागढी (१८२४)।

४४. काजी स्वरूप सिंह कार्की – चौडण्डी (१८३०), माझकिरात (१८३०), अरूण, मोरङ, चैनपुर (सबै –१८३१), सुम्भेश्वर (१८३३), विजयपुर (१८३५), कास्की १८४३) ।

४५. सरदार बलि बानिया – बलिथुम (१८३६ बलिथुम युद्धमा मरेका) ।

४६. सरदार पारथ भण्डारी – बलिथुम (१८३६), लमजुङ (१८४०), भोट (१८४७)

४७. काजी बलभद्र शाहा – लमजुङ (१८४०), नुवाकोट(१८४२) ।

४८. काजी अमर सिंह थापा – लमजुङ (१८४०), पर्वत र गलकोट (१८४३), अछाम, दार्ना, पुगरकोट, दैलेख (सबै–१८४७), भोट (१८४७), कुमाउ (१८४८), गढवाल, दून, हण्डूर, काँगडा, झुपतकेसर (१८६३), पंथजरा (१८६७), आँग्लो-नेपाल युद्ध (१८७१–७२) ।

४९. बन्दु राना – लमजुङ (१८४०) ।

५०. काजी दामोदर पाँडे – लमजुङ (१८४०), रिसिङ, घिरिङ, गजरकोट, भीरकोट, गह्रौं, ठोर, सतौं (सबै–१८४२), पर्वत, गलकोट, मुसिकोट, धूरकोट, दुल्लु (सबै– १८४३), प्यूठान, खुमकोट, भिन्ज्रीकोट, दाङ (सबै–१८४४), दार्ना, बाफी, गोताम, कालागाउँ, जाहारी (सबै– १८४७), दिगर्चा (१८४८),धैबुङ (१८४९), कुमाउ (१८४८) ।

५१. काजी जगजीत पाँडे – लमजुङ (१८४०),दुल्लु (१८४३), प्यूठान,खुमकोट,भिन्ज्रीकोट(सबै–१८४४), धैबुङ (१८४९), कुमाउ (१८४८), आँग्लो-नेपाल युद्ध (१८७१–७२) ।

५२. काजी धरणीधर पन्थ – लमजुङ (१८४०) ।

५३. काजी रणजीत पाँडे – भोट (१८४७), धैबुङ (१८४९) ।

५४. सरदार भक्ति थापा – लमजुङ (१८४०), गढवाल (१८६३), दून, हण्डूर, काँगडा (सबै– १८६३)आँग्लो-

नेपाल युद्ध (१८७१–७२),
(आँग्लो–नेपाल युद्धमा मरेका)।

५५. काजी जीव शाह – नुवाकोट (१८४२), धैबुङ्ग (१८४९)।
५६. सुब्बा योगनारायण मल्ल – नुवाकोट (१८४२), पैय्यूं, दुल्लु (१८४३)।
५७. सरदार धौकल सिंह बस्नेत – कास्की (१८४३)
५८. सुब्बा फौदसिंह कार्की – प्यूठान, खुमकोट, दुल्लु, भित्रीकोट(१८४४)।
५९. काजी शिवनारायण खत्री – जुम्ला (१८४४), भोट (१८४७)।
६०. सरदार रणजीत कुँवर – जुम्ला (१८४४), दीगर्चा (१८४८), गढवाल, दून, हण्डूर, काँगडा (१८६३)।
६१. सरदार प्रवल राना – जुम्ला(१८४४), दुल्लु, दिगर्चा (१८४८), धैबुङ (१८४९)।
६२. सरदार रणवीर खत्री – दार्ना, आछाम, धुरकोट, दैलेख (सबै-१८४७)।
६३. काजी देवदत्त थापा – दिगर्चा (१८४५) सिक्किम (१८४८)
६४. चौतरिया वम शाहा – भोट (१८४७), दिगर्चा (१८४८), धैबूङ (१८४९), आंग्लो–नेपाल युद्ध (१८७१–७२)।
६५. काजी श्रीहर्ष पन्थ – भोट (१८४७)।
६६. सरदार भोटु पाँडे (काजी शत्रुभंजन) – भोट (१८४७), धैबुङ (१८४९)।
६७. काजी कीर्तिमान सिंह बस्नेत – भोट (१८४७), दिगर्चा (१८४८)। धैवुङ (१८४९)।
६८. नर्सिंह शाही – भोट (१८४७)।
६९. सरदार जहसिंह बस्नेत – दिगर्चा (१८४८)।
७०. टक्सारी नर्सिंह बस्नेत – दिगर्चा (१८४८)।
७१. सरदार कालु पाँडे – दिगर्चा (१८४८)।
७२. सुव. पदम पाध्या – दिगर्चा (१८४८)।
७३. दलसिंह बस्नेत – दिगर्चा (१८४८)।
७४. माधव शाही – दिगर्चा (१८४८)।
७५. सरदार रणकेशर पाण्डे – धैबुङ (१८४९)।
७६. सुवेदार भाष्कर राना – धैबुङ (१८४९)।

७७. जगवीर शाही – धैबुङ (१८४९)
७८. सरदार शत्रुशाल शाही – धैबुङ (१८४९)
७९. जसवन्त भण्डारी – धैबुङ (१८४९)
८०. बक्तवार सिंह वस्नेत – धैबुङ (१८४९)
८१. रामदास पन्थ – धैबुङ (१८४९)
८२. मनराम लामा – धैबुङ (१८४९)
८३. जनरल अम्बर सिंह थापा – पाल्पा, खाँची (१८६३)
८४. कौसलिया सुवा हस्तदल शाही– गढवाल, हण्डूर (१८६३), आंग्लो-नेपाल युद्ध (१८७१–७२) (आंग्लो-नेपाल युद्धमा मरेका)।
८५. काजी रणधीर वस्नेत – गढवाल (१८६३)
८६. सरदार अंगद घले – गढवाल, दून, हण्डूर, झुपलकेशर (सबै-१८६३), आंग्लो-नेपाल युद्ध (१८७१-७२)
८७. सरदार धनवीर शाही – गढवाल (१८६३)
८८. सरदार शशिधर खत्री – गढवाल (१८६३)
८९. काजी शिवराम खत्री – गढवाल (१८६३) (गढवाल युद्धमा मरेका)।
९०. काजी दलवीर राना – गढवाल, दून (१८६३)
९१. सरदार शमशेर राना – दून, सिरमौर (१८६३), पंथजरा (१८६७)
९२. सरदार नैन सिंह थापा – हण्डूर, काँगडा (१८६३), (काँगडा युद्धमा मरेका)।
९३. काजी जसपाउ थापा – हण्डूर, काँगडा (१८६३) आंग्लो–नेपाल युद्ध (१८७१–७२)
९४. चौ. हस्तदल शाही – हण्डूर (१८६३)
९५. सरदार रणजोर थापा – हण्डूर, सिरमोर(१८६३), आंग्लो नेपाल युद्ध (१८७१–७२)
९६. गन्धर्व सिंह – काँगडा (१८६३), (काँगडा युद्धमा मरेका)
९७. सरदार चन्द्रवीर कुँवर – तारागढी काँगडा (१८६३)
९८. सरदार दलभञ्जन पाँडे – काँगडा (१८६३), आंग्लो–नेपाल युद्ध (१८७१–७२)

९९. सुब्बा रूद्रवीर शाही – काँगडा (१८६३)
१००. सरदार चन्द्रवीर थापा – काँगडा (१८६३)
१०१. इन्द्रवीर थापा – काँगडा (१८६३)
१०२. सरदार उजीर सिंह थापा – आंग्लो–नेपाल युद्ध (१८७१–७२), धनकुटा, सप्तरी ।

१०३. काजी बाल नरसिंह कुँवर – आंग्लो–नेपाल युद्ध (१८७१–७२)
१०४. भक्तवीर थापा – आंग्लो–नेपाल युद्ध (१८७१–७२)
१०५. कर्णेल रणवीर सिंह थापा – " "
१०६. काजी अजंवर पन्थ – " " र हण्डूर
१०७. बलभद्र सिंह कुँवर – " "
१०८. रिपु मर्दन थापा – आंग्लो–नेपाल युद्ध (१८७१–७२)
१०९. जसवन्त सिंह कुंवर – " "
११०. सरदार भैरवसिंह बस्न्यात – " "
१११. सरदार सुर्जे थापा – " "
(सो युद्धमा मरेका)

११२. सरदार अम्बर सिंह राना – कास्की, गुल्मी (१८४३), पोखरा, रिसिङ, खाँची, बागलुङ्ग, दुल्लु ।
११३. कप्तान रणवीर खत्री – कुमाउ (१८६३)
११४. हंसवीर खवास – कुमाउ (१८६३)
११५. सरदार शत्रुभञ्जन मल्ल – धैबुङ कोट, राम्चे, धुञ्चे, केरूङ्गकोट (१८४९)
११६. वसन्त थापा – लमजुङ (१८४०) नुवाकोट (१८४२) दिगर्चा (१८४८), धैबुङ (१८४९)

११७. सुवेदार अजय
११८. सुवेदार भरत
११९. सुवेदार नरसिंह
१२०. सुवेदार चक्रपाणी उपाध्या
१२१. सुवेदार बदलसिंह राना
१२२. सुवेदार चिन्तामणि
१२३. सुवेदार भोटुबाज्यू
१२४. सुवेदार बादलसिंह बस्न्यात
– गुल्मी, कास्की (१८४३)

१२५. ले. अम्बर अधिकारी
१२६. कुम्भेदान बृषसुर थापा
१२७. जमादार भीमसेन देउजा
१२८. जमादार सुरवीर बोहरा
१२९. हवलदार रणसूर बानिया
१३०. सिपाही हंसवीर अधिकारी
१३१. थरघर नकुल बानिया
१३२. जुठे बस्नेत
} –बुटवल जीतपुर गढी (१८७१) को युद्धमा ३०० अंग्रेजी सेना मारेर वीरगति प्राप्त गरेका ।

१३३. वीरभद्र कुँवर
१३४. हैसवीर खवास
} – पोखरा, रिसिङ (१८४३)

१३५. सरदार प्रभुराम थापा
१३६. सरदार दलभंजन पाँडे
१३७. कर्णेल उजीर सिंह थापा
} – वारा, पर्सा, सप्तरी (१८७१–७२)

१३८. काजी भक्तवीर थापा
१३९. बहादुर भण्डारी
} – धनकुटा (१८७१–७२)

१४०. काजी अजम्मर पन्त
१४१. सरदार बालसुन्दर थापा
} – हण्डूर (१८६३)

पुनश्चः–

वि. सं. १८७१–७२ को आंग्लो–नेपाल युद्धमा लड्ने नेपाली अरू वीरहरूमा यी पनि थिए :– (१) कप्तान शमशेर राना, (२) सरदार बखत सिंह बस्नेत (३) कप्तान वीरकेशर पाँडे, (४) कप्तान सर्वजीत थापा, (५) कप्तान प्रसाद सिंह बस्नेत, (६) ले. सिंहवीर पाण्डे, (७) ले. दरियाल सिंह बस्नेत, (८) लेफ्टन पृथ्वी हमाल, (९) ले. कर्णसिंह वोगटी, (१०) सुब्बा भवानी दत्त थापा, (११) कपरदार राघव सिंह, (१२) सरदार प्रल्हाद थापा (१३) सरदार जय रोकाहा (१४) सरदार रणसूर कार्की, (१५) काजी चामू भण्डारी, (१६) काजी माथवरसिंह थापा, (१७) ले. कालु (१८) ले. देवीभक्त (१९) दारोगा अतिवल विष्ट, (२०) मेजर गुणवन्त (२१) खरिदार इन्द्रवीर जोशी, (२२) डिट्ठा स्वरूप बिष्ट ।

विक्रम सम्वत् १९११ को भोटसंगको लडाईंमा खटिएकाहरू:-

१. श्री ३ महाराज जङ्गबहादुर कुँवर राणा
२. मिनिष्टर जनरल बम बहादुर कुँवर राणा
३. जनरल जगत शमशेर कुँवर राणा
४. जनरल भक्त वीर कुँवर राणा
५. ले. ज. बखतजङ्ग कुँवर राणा (जनरल)
६. जनरल वद्री शमशेर कुँवर राणा
७. मे. ज. कृष्ण ध्वज कुँवर राणा
८. जनरल धीर शमशेर कुँवर राणा (कमाण्डर इन चीफ)
९. मे. ज. कृष्ण ध्वज कुँवर राणा
१०. मे. क. हरिमान सिंह बस्नेत
११. मे. क. श्रीकृष्ण शाही
१२. मे. क. रामु आले
१३. मे. क. बलभद्र माझी
१४. मे. क. शमशेर सिंह
१५. मे. क. प्रतिमान राना
१६. क. क. सनक सिंह खत्री
१७. वृ. मे. क. रण सिंह खत्री (वृ. क.)
१८. मे. क. पहलमान सिंह बस्नेत (क. क.)
१९. मे. क. प्रसाद सिंह भण्डारी
२०. मे. क. उजीर सिंह
२१. कप. बुद्धिबल राना
२२. जनरल खड्गबहादुर कुँवर राणा

विक्रम सम्वत् १९१४ को ब्रिटिश भारतको "सिपाहीद्रोह" दबाउन भारत गएकाहरू:-

१. श्री ३ महाराज जङ्गबहादुर कुँवर राणा
२. जनरल रण उद्दिप सिंह कुँवर राणा
३. जनरल धीर शमशेर कुँवर राणा
४. जनरल बखतजङ्ग कुँवर राणा
५. जनरल खड्गबहादुर कुँवर राणा

६. वृ. क. ले. क. पहलमान सिंह बस्नेत
७. वृ. क. क. क. सनक सिंह बस्नेत
८. वृ क. जुद्धविक्रम अधिकारी
९. वृ. क. कर्णेल रणसिंह खत्री
१०. वृ. क. कर्णेल जङ्गध्वज कुँवर राणा
११. ले. क. शमशेर सिंह
१२. ले. क. मदनमान सिंह वस्नेत
१३. मे. क. सेवक राम खत्री
१४. मे. क. श्रीभक्त

पहिलो महायुद्ध (वि. सं. १९७१–७५) मा नेपालबाट खटिएका केही अधिकृतहरू :–

१. जनरल ववर शमशेर ज. ब. रा.
२. उ. क. ज. पद्म शमशेर ज. ब. रा.
३. मेजर जनरल शेर शमशेर ज.ब.रा.
४. जनरल तेज शमशेर ज. ब. रा.
५. क. धर्म विक्रम राणा
६. क. इन्द्र शमशेर ज. ब. रा.
७. ले. क. शमशेर विक्रम राणा
८. ले. क. भुवन विक्रम राणा
९. ले. क. मदनमान सिंह बस्न्यात
१०. ले. क. भैरव शमशेर ज. ब. रा.
११. ले. क. डम्बर सिंह थापा
१२. ले. क. प्रताप जङ्ग राणा
१३. मे. क. उत्तम विक्रम राणा
१४. ले. क. जीत जङ्ग शाही
१५. ले. क. धन विक्रम राणा
१६. ले. क. डम्बर विक्रम थापा
१७. ले. क. डम्बर शमशेर थापा छेत्री

(नोटः– वजिरीस्तानमा भासूदसंगको युद्धमा खटिएका अधिकृत समेत)

<u>काली बहादुर, वर्द बहादुर</u>

१८. क. प. चित्रबहादुर गुरूङ
१९. क. प. तिल विक्रम बस्न्यात
२०. क. प. खड्गबहादुर घले
२१. क. प. गरूड विक्रम राणा
२२. क. प. सर्वध्वज गुरूङ
२३. ले. पहाड सिंह गुरूङ
२४. क. प. मानकृष्ण गुरूङ
२५. क. प. झंकबहादुर शाह

<u>दोस्रा रैफल, भैरूङ पल्टन</u>

(देहरादूनतर्फ गएको)

२६. क. प. लालबहादुर खत्री
२७. क. प. जीतबहादुर गुरूङ
२८. से. ऐ. हर्खबहादुर थापा
२९. क. प. हिरण्य विक्रम राणा
३०. ले. डम्बरबहादुर अधिकारी
३१. ले. खड्गबहादुर राउत

३२. ले. प्रेमबहादुर थापा
३३. क. प. तिलकबहादुर माझी

(वृगेडतर्फ)

३४. मि. से. ले. क. चन्द्र जङ्ग थापा
३५. वृगेड मे. क. तुलसीप्रसाद पाध्या
३६. ए. डी. सी. क. प. तुला विक्रम राणा
३७. से. ले. बखतबहादुर थापा
३८. खरिदार चुडामणी

पशुपति प्रसाद, भैरवनाथ पल्टन

काकुलतर्फ गएको

३९. मे. क. गणेशबहादुर खत्री
४०. क. प. रूद्रबहादुर कार्की
४१. मे. ऐ. चक्र सिंह बस्न्यात
४२. क. प. हेमबहादुर थापा
४३. ले. जङ्गबहादुर कार्की
४४. क. प. खड्गराज शाही
४५. ले. शमशेर गुरूङ
४६. खरिदार विश्वमणि श्रा. दि. (क्वार्टर मास्टर)
४७. ले. चक्रबहादुर खत्री

शमशेरदल, जवरजङ्ग पल्टन (काकुल)

४८. मे. क. कटकबहादुर थापा
४९. क. प. प्रेमबहादुर थापा
५०. क. प. कृष्णबहादुर गिरी
५१. ले. ललितबहादुर थापा
५२. क. प. धर्मबहादुर खड्का
५३. ले. कर्णबहादुर राउत
५४. ले. रिपुमर्दन खत्री
५५. क. प. दुर्गाजङ्ग राणा
५६. क. प. विजय सिंह हमाल
५७. ले. कालीबहादुर चन्द
५८. डिट्ठा सिद्धिराज
५९. से. ले. हरिबहादुर खड्का
६०. ले. क. रूपबहादुर कुँवर

रैफल, काली बक्स (काकुल)

६१. मे. क. मानबहादुर घले
६२. मे. क. विष्णु विक्रम राणा
६३. क. प. वीरबहादुर थापा
६४. क. प. लालबहादुर गुरूङ
६५. ले. रजवहादुर गुरूङ
६६. क. प. चन्द्रबहादुर कार्की
६७. क. प. चन्द्रध्वज विष्ट
६८. क. प. नरमर्दन थापा
६९. ले. छत्रबहादुर खत्री
७०. ले. चुडामणि जैशी
७१. ख. जनक लाल (हेड क्वार्टर्सतर्फ)
७२. खरिदार नन्द विलास (वृगेड)

पुरानु गोरख, देवीदत्त पल्टन (काकुल)

७३. मे. क. तारानाथ जैशी
७४. क. प. नरहरि नर्सिङ्ग राणा
७५. ले. ढुण्डिमान सिंह देउजा
७६. लेगु. रूप्रसाद शाहा
७७. मे. ऐ. षेडस्त प्रताप राना
७८. क. प. नारायण नर्सिङ्ग राणा (क्वा. मा.)
७९. माष्टर जनक लाल (निजामती)
८०. से. ले. शमशेरबहादुर विष्ट (जगेडा)

महिन्द्रदल, नयाँ गोरखबाट

८१. क. प. ललितबहादुर खड्का
८२. क. प. हरिमान सिंह ठकुरी
८३. ले. हितमान थापा
८४. क. प. मोहनबहादुर खत्री
८५. ले. दिल्लीध्वज खड्का
८६. ले. पुण्यबहादुर कार्की
८७. मे. ऐ. डम्बर सिं थापामगर
८८. मे. क. दुर्गा विक्रम राणा
८९. क. प. झत्तेबहादुर खत्री
९०. मु. पद्मबहादुर श्रेष्ठ (सप्लाई)
९१. ले. टेकबहादुर खत्री (जगेडा)
९२. से. ले. पद्मबहादुर सिलवाल
९३. ले. गणेशबहादुर हमाल

श्रीनाथ, रामदलबाट

९४. मे. क. कटक बहादुर खत्री
९५. क. प. लाल सिंह बस्नेत
९६. ले. डीलबहादुर गुरूङ्ग
९७. ले. अकलमान सिंह बस्न्यात
९८. ले. फत्तेबहादुर विष्ट
९९. क. प. फत्तेबहादुर पाँडे
१००. मे. ऐ. शमशेरबहादुर थापा
१०१. मे. कप. वालनर्सिङ्ग माझी
१०२. ले. कृष्णलाल पाध्ये (ट्रान्सपोर्ट)
१०३. ले. कुलमान माझी (सप्लाई)

शेर, सिंहनाथ पल्टनबाट

१०४. क. प. तेजविक्रम राणा
१०५. क. प. दिव्य विक्रम राणा
१०६. ऐ. पद्मबहादुर गुरूङ
१०७. ले. रणबहादुर गुरूङ
१०८. ले. चेतबहादुर माझी
१०९. ले. देवी सिंह गुरूङ
११०. ऐ. पद्मबहादुर महत
१११. क. प. सुरेन्द्रबहादुर बस्नेत
११२. ले. दिल्लीबहादुर थापा
११३. मु. आनन्द जोशी (निजामती सप्लाई)
११४. ले. झपटबहादुर राणा (जगेडा)

वृगेड हेडक्वार्टर्सतर्फ

११५. से. क. प. गृहमर्दन थापा छेत्री
११६. वृ. मे. क. योग विक्रम जङ्ग राणा
११७. ए. डी. सी. क. प. गोविन्दबहादुर खत्री

सबुज, वरख पल्टनबाट

११८. मे. कप. उदयबहादुर शाहा
११९. ले. दलबहादुर सिंह
१२०. मे. ऐ. घनश्याम विक्रम शाह
१२१. ले. अदमबहादुर शाही
१२२. ले. ललितध्वज घर्ती
१२३. ले. रण विक्रम शाह
१२४. ऐटन. वीरकेशर कुँवर
१२५. क. प. रेफप्रसाद शाहा (क्वा.मा.)
१२६. से. ले. पाण्डवबहादुर खत्री

दोस्रो महायुद्ध (वि सं १९९६–२००२) मा नेपालबाट खटिएका विभिन्न पल्टनका केही अधिकृतहरू:–

(लेखकसंग भएको एक तस्वीरबाट)

(क) कालीबहादुर बटालियन


१. ले. हस्तवीर गुरूङ
२. क. प. शमशेरबहादुर थापा
३. ले. चन्द्रबहादुर खत्री
४. ले. विर्खध्वज गुरूङ
५. ले. जीतबहादुर गुरूङ
६. क. प. चन्द्र सिं गुरूङ
७. क. प. करेन्द्र विक्रम राणा
८. क. प. तीर्थ विक्रम राणा
९. ले. चेतबहादुर विष्ट
१०. क. प. प्रेमबहादुर थापा
११. मेजर बलबहादुर गुरूङ
१२. क. प. प्रकाश जङ्ग थापा
१३. ले. प्रतापबहादुर गुरूङ
१४. क. प. वीर विक्रम राणा

(ख) भैरवनाथ बटालियन


१. क. प. पद्म जङ्ग थापा
२. क. प. वेदबहादुर खत्री
३. क. प. नीलध्वज बस्नेत
४. क. प. गणेशबहादुर खत्री
५. ले. बलबहादुर क्षेत्री
६. ले. दीर्घबहादुर क्षेत्री
७. क. प. झलकमान सिंह बस्नेत
८. क. प. सेठ विक्रम शाही
९. ले. राजेन्द्रबहादुर बस्नेत
१०. ले. तोमबहादुर खत्री
११. मेजर चित्र विक्रम शाहा
१२. क. प. जगतबहादुर अधिकारी
१३. ले. प्रद्युम्नध्वज थापा
१४. ले. जीतबहादुर खत्री
१५. ले. थीरबहादुर थापा

(ग) दोस्रा रैफल बटालियन


१. ले. चन्द्रबहादुर गुरूङ
२. ले. बलबहादुर मगर
३. क. प. तेजबहादुर थापा
४. क. प. फत्तेबहादुर विष्ट
५. ले. शिव जङ्ग राणा
६. क. प. ललितबहादुर थापा
७. ले. दीर्घबहादुर विष्ट
८. ले. मीनबहादुर पाँडे
९. ले. डोरबहादुर रेग्मी
१०. ले. पद्मबहादुर गुरूङ
११. क. प. लभजङ्ग थापा
१२. ले. फत्तेबहादुर खत्री
१३. मेजर खड्ग शमशेर ज. ब. रा.



दोस्रो महायुद्धमा खटिएका नेपाली अधिकृतहरू (अफगानिस्तान)



दोस्रो महायुद्धमा खटिएका नेपाली अधिकृतहरू (अफगानिस्तान)



दोस्रो महायुद्धमा खटिएका नेपाली अधिकृतहरू (अफगानिस्तान)

(घ) पुरानु गोरख बटालियन

१. ले. सूर्जेबहादुर घले
२. क. प. सन्मान बुढाथोकी
३. ले. अम्बरबहादुर खत्री
४. ले. कर्णबहादुर खत्री
५. क. प. हरिवीर खत्री
६. क. प. समन विक्रम राणा
७. ले. सिंह बहादुर बस्नेत
८. ले. मानवहादुर मगर
९. मेजर बलराम शमशेर ज. ब. रा.
१०. क. प. रामजङ्ग राणा
११. ले. अमृतबहादुर थापा
१२. ले. ऋषि विक्रम राणा
१३. ले. वृज नर्सिङ ठकुरी
१४. ले. तोरण विक्रम राणा
१५. ले. पुण्य रत्न शाहा

(ङ) खटिएका अरू अधिकृत

१. क. प. झन्कबहादुर शाहा
२. क. प. रूप विक्रम शाहा
३. क. प. विष्णु प्रताप शाहा
४. ले. फत्तेमान सिंह बस्नेत
५. क. प. गोपी शमशेर ज. ब. रा.
६. क. प. धन शमशेर ज. ब. रा.
७. मेजर मेघ विक्रम राणा
८. ले. क. बाल नर्सिङ
९. ले. क. खड्ग विक्रम शाहा
१०. वृ. क. गजराज जङ्ग थापा
११. कमाण्डिङ्ग जनरल बहादुर शमशेर ज. ब. रा.
१२. मेजर जनरल एकराज शमशेर ज. ब. रा.
१३. कर्णेल नीर शमशेर ज. ब. रा.
१४. ले. कर्णेल कुबेर शमशेर थापा

(च) केही बृटिश अधिकृतहरू

(जो तल उल्लेख भएको चित्रमा छन्)

1. Capt. B. L. M. TOMLINSON
2. Capt. H. L. MULLAY
3. Capt. W. J. M. SPAIGHT
4. Capt. W. J. H.K GREENWAY
5. Capt. J. D. F. CURLING
6. Capt. A. J. M. MAGUIRE
7. Capt. I. R. NELSON
8. Capt. D. R. BRIDGES
9. Lt. Col. R. BRIERLY
10. Col. R. M. BRUCE

11. Lt. Col. W. S. FURNESS
12. Lt. Col. W. H. CROZIER
13. Capt. P. D. M. MCLAUGHLIN

नोटः– लेखकसंग भएको एक तस्वीरमा उल्लेख भएको क्रममा नाम सारिएको छ। नाम तल माथि पर्नाको कारण सो तस्वीरको "क्याप्सन" वा शीर्षक हो।

"हाम्रो सेनाको परम्परा ठूलो छ। संसारका प्रसिद्ध रणभूमिहरूमा शक्तिशाली युद्धकलामा निपुण राष्ट्रहरूका दाँजोमा रही हाम्रो सेनाले वहादुरी र रणकौशलमा ज्वलन्त उदाहरण इतिहासमा दिई आएको छ। अनादिकालदेखि हाम्रा शत्रु मित्र दुवैले हाम्रो जातिको वीरता मुक्तकण्ठले प्रशंसा गरी आएको छ।"

२०१२।११।२५ **–स्व. श्री ५ महेन्द्र**

विभिन्न पल्टनहरूको इतिहास

(१) रैफल पल्टन :

रैफल पल्टन नेपाली फौजको एउटा धेरै पुरानो पल्टन हो । यसको स्थापना वि. सं. १९०४ सालमा भएको थियो । वि. सं. १९०३ साल अगाडिका विभिन्न १६ पल्टनका हवल्दारी र अमल्दारी खान्गीका ३०० जवानहरू झिकेर यो रैफल पल्टन खडा भएको थियो । १९०४ सालमा यो पल्टनमा अफिसर जवानहरू गरी जम्मा ५२५ जवान थिए भन्ने पुरानो टिपोटबाट बुझिन्छ ।

यो रैफल पल्टनको युद्ध–सेवा (War-service) महत्वपूर्ण छ । वि. सं. १९११–१२ सालमा नेपाल-तिब्बत युद्धमा यो पल्टनले केरुङमा ठूलो बहादुरी देखायो । वि. सं. १९१४–१५ को बृटिश भारतको सिपाही-विद्रोहमा लखनउ गएर शान्ति स्थापना कार्य बडो दक्षताका साथ गरी मित्रराष्ट्र बृटेनको सहायता गऱ्यो ।

वि. सं. १९१६ सालमा यो रैफल पल्टनको शुरुको संख्या डबल गरियो । यसप्रकार १९१६ सालमा यो पल्टनमा अफिसर जवान गरी जम्मा ८८६ जना पुगेका थिए भन्ने बुझिन्छ ।

वि. सं. १९७१–७५ सालमा अबोटाबादमा गएर यो रैफल पल्टनले ग्यारिसन ड्यूटी (Garrison Duty) गरी आफनो नाम चम्कायो । यसै बीच १९७४ सालमा उजिरीस्तानमा मासूदसंगको युद्धमा यो पल्टनले आफनो बहादुरी देखायो ।

यो रैफल पल्टनमा वि. सं. १९७९ सालमा अफिसर जवानहरू गरी जम्मा ९८२ जवान थिए भन्ने पुरानो टिपोटबाट देखिन्छ । यस पल्टनको पुरानो क्रमिक विकासको इतिहास यही हो ।

607 1732 क

(२) कालीबक्स पल्टन :

कालीबक्स पल्टनको इतिहास नेपाली फौजको प्रारम्भिक अवस्थादेखि नै शुरु हुन्छ। यो पल्टनको जन्म वि. सं. १८१९ साल असोज शुक्ल ५ मा कालीबक्स कम्पनीको नाममा भयो। श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले आफ्नो ईष्टदेवता कालीको नामबाट कालीबक्स कम्पनी १८१९ साल असोज शुक्ल ५ मा खडा गरिबक्सेको थियो। यो कालीबक्स कम्पनी पश्चिम १ नम्बर नुवाकोटमा खडा भएको थियो र यो कम्पनीका अधिकृत जवानहरूलाई युद्धसम्बन्धी प्रशिक्षणको व्यवस्था पनि गरिएको थियो।

नेपाली फौजको युद्ध-सेवाको इतिहास हेर्दा वि. सं. १८२४ मा यो कालीबक्स कम्पनीले तात्कालीन बृटिश साम्राज्यवादी ईष्टईण्डिया कम्पनीको मेजर किनलक (Major Kinlock) को नेतृत्वमा आएको ठूलो फौजलाई पौवागढीमा हराई ठूलो नाम कमाएको थियो। त्यसपछि फेरि वि. सं. १८७१–७२ मा ईष्ट इण्डिया कम्पनीसंग पर्सामा लडाइँ हुँदा यो कालीबक्स कम्पनीले आफ्नो रण–कौशल प्रदर्शित गऱ्यो।

वि.सं. १८६९ मा नै यो कालीबक्स कम्पनी पल्टनको रूपमा परिणत भै सकेको थियो। वि. सं. १८९८ सालमा यो काली बक्स पल्टनमा अफिसर जवानहरू गरी जम्मा ७५० संख्या पुगेका थिए।

वि. सं. १९११–१२ मा तिब्बतसँगको युद्धमा कालीबक्स पल्टनले कुतीमा ठूलो युद्ध-सेवा गऱ्यो। वि. सं. १९१६ सालको एक रेकर्ड अनुसार सो साल अर्थात् १९१६ सालमा यो पल्टनमा अफिसर जवानहरू गरी जम्मा ६४० मात्र थिए।

वि. सं. १९१४–१५ सालको बृटिश भारतमा भएको सिपाही–विद्रोह (Sepoy Mutiny) मा लखनउ गएर यो कालीबक्स पल्टनले त्यहाँ शान्ति सुव्यवस्था स्थापना गर्नमा ठूलो सक्रिय योगदान दियो। त्यसपछि वि. सं. १९७१–७५ मा अबोटाबाद गएर यो पल्टनले ग्यारिजन ड्युटीमा संलग्न भयो। यसै बीच वि. सं. १९७४ मा वजीरीतास्तनमा मासूदसंगको युद्धमा यो पल्टनले आफ्नो वीरता प्रदर्शित गऱ्यो।

एक पुरानो टिपोट अनुसार वि. सं. १९७९ सालमा यो कालीबक्स पल्टनमा अफिसर जवानहरूको संख्या जम्मा ६८० पुगेको थियो भन्ने बुझिन्छ। यस पल्टनको पुरानो विकासक्रम यही हो।

(३) नयाँ गोरख पल्टन :

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको दीव्य उपदेशको पृष्ठ

१६ मा उल्लेख भए मुताविक मौसूफको समयका खास पल्टनहरूमा (१) शार्दूल जङ्ग, (२) गोरख, (३) श्रीनाथ, (४) बज्रवाणी, (५) सबुज, (६) नयाँ गोरख, (७) कालीबक्स आदि थिए ।

नयाँ गोरख कम्पनी वि. सं. १८४२ सालमा खडा भएको हो । यो कम्पनीले आफ्नो युद्ध-सेवा (War-service) को क्रममा वि. सं. १८४२ मा चौबीसे राज्यका राजा रजौटाहरूसंगको युद्धको क्रममा नुवाकोटमा लडाईँमा भाग लियो, त्यसै सिलसिलामा १९४३ सालमा पैयूँमा र १८४४ सालमा फटानामा युद्धमा लड्यो । त्यसपछि वि.सं. १८६३ सालमा यो कम्पनीले काँगडा, सिरमौर र गढवालका युद्धहरूमा आफ्नो पराक्रम देखायो । नयाँ गोरख कम्पनीले १८७१–७२ सालमा ब्रिटिश साम्राज्यवादी ईष्ट इण्डिया कम्पनीको फौजलाई मकवानपुरको युद्धमा परास्त गऱ्यो ।

वि. सं. १८८८ सालमा यो कम्पनी नयाँ गोरख पल्टनमा परिणत भयो । १८९८ सालको एक रेकर्ड मुताविक सो वर्ष यो पल्टनमा अफिसर र जवानहरू गरी जम्मा २६५ जवान थिए ।

नयाँ गोरख पल्टनले वि. सं. १९११–१२ मा तिब्बतसंगको युद्धमा लामाबगर भन्ने ठाउँमा तिब्बतीहरूलाई हरायो । वि.सं. १९१४–१५ मा ब्रिटिश भारतमा भएको सिपाही गडबडी (Sepoy Mutiny) मा अंग्रेजहरूले सहायता माग्नेकाले नेपालबाट पठाइएको पल्टनमा एक नयाँ गोरख पल्टन पनि थियो । यो पल्टनले लखनउमा बागीहरूको दमन गरी शान्ति सुव्यवस्था कायम गरी आफ्नो कार्य-कुशलता र रण-कौशलको राम्रो परिचय दियो ।

वि.सं. १९१६ सालमा नयाँ गोरख पल्टनमा अफिसर र जवानहरू गरी जम्मा ६३७ जवान थिए भन्ने कुरा पुरानो टिपोट बताउँछ ।

वि.सं. १९७१–७५ मा यो पल्टन देहरादूनमा ग्यारिजन ड्यूटीमा खटियो र यसैबीच १९७४ सालमा वजिरीस्तानमा मासूदसंगको युद्धमा यो पल्टनले ठूलो बहादुरी देखायो ।

वि.सं. १९७९ मा नयाँ गोरख पल्टनमा अफिसर र जवानहरू गरी जम्मा ७०० भएको बुझिन्छ । यो ऐतिहासिक पल्टनको विकासक्रमको एक झल्को हो ।

(४) दोश्रो रैफल पल्टन :

यो दोस्रो रैफल पल्टन वि.सं. १९४६ सालमा खडा भएको हो । पुरानो टिपोट अनुसार खडा हुँदा प्रारम्भमा यो पल्टनमा अफिसर र जवानहरूको संख्या जम्मा

५२२ थियो भन्ने थाहा हुन्छ । तिनताका यो पल्टनमा पीपा भर्ना थिएनन् ।

आफ्नू युद्ध–सेवाको क्रममा यो पल्टनले १९७१–७५ सालमा देहरादूनमा ग्यारिजन ड्यूटी सम्हाल्यो । वि.सं. १९७६ को तेस्रो अफगान युद्धमा भरदहँमा गई यो पल्टनले आफ्नो वीरताको पराक्रम देखायो ।

पछि १९७९ सालमा एक टिपोट बमोजिम यो दोस्रो रैफल पल्टनमा अफिसर र जवानहरू गरी जम्मा ५५१ थिए । त्यसवखत पनि यो पल्टनमा पीपा भर्ना भएको देखिन्न ।

(५) गोरखनाथ पल्टन :

वि.सं. १९११ मा खडा भएको यो गोरखनाथ पल्टनले १९११–१२ मा न भएको तिब्बतसंगको युद्धमा केरूङमा ठूलो रणकौशल प्रदर्शित गऱ्यो । त्यस्तै १९१४–१५ सालको ब्रिटिश भारतको सिपाही गडबडीमा लखनउमा यसले शान्ति स्थापना गऱ्यो ।

वि.सं. १९१६ सालमा गोरखनाथ पल्टनमा ५ अधिकृत, ४६१ सिपाही, अरू निम्न अधिकृत र ७५ पीपासमेत गरी कुल ६३२ संख्या थिए । वि.सं. १९७६ मा यो संख्या ६८० पुगेको देखिन्छ । यो एक ऐतिहासिक विकासक्रम मात्र थियो ।

(६) श्रीनाथ पल्टन :

यो श्रीनाथ पल्टन एक कम्पनीको रूपमा वि.सं. १८१९ आश्विन शुक्ल ५ का दिन श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट आफ्ना आराध्यदेव गोरखनाथको नाममा खडा गरिबक्सेको थियो । सर्वप्रथम यो कम्पनी पश्चिम १ नम्बर नुवाकोटमा खडा भएको थियो ।

स-साना टुक्रा राज्यहरूमा विभाजित यो हिमाली भूखण्डलाई राष्ट्रिय एवं राजनैतिक एकताको सूत्रमा आवद्ध गर्ने श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको सपना साकार हुन लागेको देखेर भारतवर्षमा ब्रिटिश साम्राज्यवादको झण्डा अगाडी बढाईरहेको इष्ट इण्डिया कम्पनी काठमाडौंका राजा जयप्रकाश मल्लको सहायतार्थ अग्रसर भयो । वि.सं. १८२४ मा ईष्ट इण्डिया कम्पनीको एक ठूलो फौज जब हरिहर गढीतर्फ बढेर आयो तब त्यस बाहिरीया शत्रुसंग मुकाबिला गर्न काजी वंशराज पाण्डेको नेतृत्वमा श्रीनाथ कम्पनी हरिहरपुर गढी पुग्यो । घमासान लडाई पऱ्यो । आखिर मेजर किनलाक (Major Kinlock) को नेतृत्वमा आएको त्यो ईष्ट इण्डिया कम्पनीको सेनाले ठूलो मार खायो र मुण्टो लुकाई भाग्नु पऱ्यो ।

गोरखा राज्यदेखि पश्चिमतिरका पाल्पा, तनहूँ, कास्की, गुल्मी, अर्घा, ईश्मा, धूरकोट आदि २४ राज्यहरू पनि श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको राष्ट्रिय एकीकरणको अभियानका बाधक थिए। पाल्पा, तंनहूँ आदि चौबीसे राज्यहरूको संयुक्तहमलाको सामना गर्न काजी बलभद्र शाह र सरदार अमर सिंह थापाको नेतृत्वमा श्रीनाथ कम्पनी खटिएको थियो। वि.सं. १८३८ साल माघ २५ गते भएको सिन्हानचोकको युद्धमा श्रीनाथ कम्पनीको सामू चौबीसे राज्यका फौजले घुँडा टेक्यो। यसरी १८४० चैत्र २६ गते पाल्पा कब्जा भयो। सोही वर्ष चौतरिया दलजीत शाह र स्वरूप सिंह कार्कीको नेतृत्वमा गएको श्रीनाथ कम्पनीले कास्कीमाथि विजयपताका फहरायो। यस प्रकार काजी जीव शाह, सरदार अमर सिंह थापा, काजी दामोडर पाण्डे आदिको नेतृत्वमा अगाडि बढेको श्रीनाथ कम्पनी सहितको नेपाली फौजले गुल्मी, अर्घा, ईश्मा, धूरकोट आदि पश्चिमका राज्यहरू कब्जा गर्दै नेपालको सीमाना पश्चिममा महाकाली नदीसम्म पुऱ्याए।

वि. सं. १८४५ सालमा भएको सङ्घर्षपछि सिक्किमको केही भागमा नेपाली फौजको अधिपत्य र दुई वर्षपछि पुनः १८४७ मा नेपाली सेनाको च्याम्बी उपत्यकामा प्रवेशले गर्दा चिनीया सरकार त्यसै हडबडाएको थियो, त्यसमा पनि काजी दामोदर पाण्डे, काजी कीर्तिमान सिंह बस्नेत तथा सरदार बम शाहको नेतृत्वमा श्रीनाथ कम्पनी लगायतको नेपाली सेनाले तिब्बतको दिगर्चामा समेत कब्जा गरेको देखेर तिब्बतीहरूको सहायतार्थ ७०,००० चिनियाँ फौज नुवाकोटसम्म बढेर आयो। वि.सं. १८४९ भदौ बदी ८ का दिन नेपाली र चिनियाँ सैन्यका बीच घमासान लडाई भयो। धैवूङ्ग र वेत्रावतीको भिषण सङ्घर्षको फलस्वरुप असंख्य चिनियाँ फौजी जवानहरू हताहत भए, चिनियाँ सेनापति ठुङथ्वाङ मिक्क कुलेलम ठोक्दा खुट्टा भाँचिई त्यही चोटले गर्दा ३ दिनपछि मरे। आखिर चिनियाँ सेनापति ठुङथ्वाङ च्यानचुनले सन्धि गर्न बाध्य भएर सम्झौताको कुरा चलाए। सम्वत् १८४९ भाद्र ६ गते सन्धिमा हस्ताक्षर भयो।

वि. सं. १८६५ मा श्रीनाथ कम्पनीमा अरू जवानहरू थपिए। यस कम्पनीमा अधिकृत र जवानहरू गरी ४३७१ पुगे। यसरी संख्या बढ्दै गएको कम्पनी भएकोले वि. सं. १८६९ मा यसको "श्रीनाथ कम्पू" नामकरण गरियो।

नेपाल सुसंगठीत भएको उपनिवेशवादी ईष्ट इण्डिया कम्पनीलाई निको लागेको थिएन। बुटवलमा अंग्रेजी सेनाले मार खाएकोले ईष्ट इण्डिया कम्पनीले वि. सं. १८७१ मा युद्ध गर्ने घोषणा गऱ्यो। २४,००० फौज लिएर जनरल अक्टरलोनी,

जनरल जिलेप्सी, जनरल उड, जनरल मार्ले र मेजर लेटरले नेपाललाई तीनतिरबाट हमला गरे। जनरल मार्लेको फौजसंग लड्न श्रीनाथ कम्पनीलाई खटाइयो। त्यसमा श्रीनाथ कम्पनीको एक भागको नेतृत्व कप्तान सर्वजीत थापा र लेफ्टेन पृथ्वी हमालले गरी जनरल मार्लेको फौज बसेको रौतहट जिल्लाको समनपुर पुगे। श्रीनाथ कम्पनीले अर्को ५ पट्टि चाहीं कप्तान वीर केशर पाण्डे र सरदार शमशेर रानाको मातहतमा जनरल मार्लेको फौजसंग लड्न पर्सा जिल्लामा पुग्यो। यो श्रीनाथ कम्पनीको दुवै हिस्साले अपर्झट अंग्रेजी सेनामाथी जाइलाग्यो। यो आकष्मिक आक्रमणको मारले अंग्रेजी फौजका कप्तान ब्लाक्ने र लेफ्टेन डन्कन सहित धेरै सेनाको प्राणान्त भयो। स्वयं जनरल मार्ले पनि ज्यान जोगाई कुलेलम ठोके। यो लडाइँमा नेपाली फौजका ७० जवान मरे, उता अंग्रेजी सेनाको १,५३० जवान हताहत भए। यो युद्धमा श्रीनाथ कम्पनीले अंग्रेजी सेनाबाट प्राप्त गरेका हातहतियारहरूमा तोप३, बन्दूक १६९, पिस्तौल ७, नाले ५, केसाली ८४, किरिच ३३, भाला ९, गोली गट्टा २५९६, गोला ३ आदि थिए। एवं प्रकारले आँग्लो–नेपाल युध्दको यही क्रममा अर्को रणक्षेत्रमा स्वयं जनरल जिलेप्सी मारिए। आखिर १८७३ साल (सन् १८१६ मार्च ३ तारिखका दिन) मा सुगौलीको सन्धि सम्पन्न भयो।

वि. सं. १८९८ मा श्रीनाथ कम्पनीमा अफिसर र जवानहरू गरी जम्मा १४४२ जवान थिए। वि. सं. १९०१ मा श्रीनाथ कम्पनीको नाम "श्रीनाथ पल्टन" हुन गयो।

वि. सं. १९११–१२ मा पनि नेपाल र तिब्बतका बीच संघर्ष भयो। त्यस युद्धमा जनरल बम बहादुरको नेतृत्वमा श्रीनाथ पल्टनका १००३ जवान पनि सम्मिलित थिए। यस लडाइँमा आएका चिनियाँ र तिब्बतीहरूको संयुक्त सेनासंग लडी नेपाली फौज विजयी भयो।

ब्रिटिश-भारतमा १९१४-१५ सालमा सिपाही गडबडी हुँदा अंग्रेजले सहायता मागेकोले मद्दतको निमित्त जाने पल्टनहरूमा श्रीनाथ पल्टन पनि एक थियो। सो गडबडी शान्त गरी लखनउमा त्यसबखत सुव्यवस्था कायम गरी प्रशंसा पाउनेमा श्रीनाथ पल्टन पनि थियो।

श्रीनाथ पल्टनबाट समय समयमा जवानहरू थुती अरू पल्टन खडा गर्ने काम भएकोले यो पल्टनमा १९१६ सालमा जम्मा ६८६ जवान (अधिकृत समेत) मात्र रहन गएको देखिन्छ।

प्रथम महासमरको समयमा यो श्रीनाथ पल्टनले वि. सं. १९७२–७५ मा अवोटाबादमा गै ग्यारिजन ड्यूटी दक्षतापूर्वक गऱ्यो ।

वि. सं. १९७९ मा श्रीनाथ पल्टनमा बेलाबखत घटबढ भै अधिकृत र जवान गरी जम्मा ७३१ मात्र रहेको देखियो ।

दोश्रो महायुद्धको समयमा ब्रिटिश सरकारको सहायतार्थ गएको आठ नेपाली बटालियनहरूमा फस्ट ब्रृगेडको सातहतमा श्रीनाथ बटालियन पनि सम्मिलित थियो ।

(७) वर्द बहादुर पल्टन :

बाइसी, चौबीसी राज्यहरु, काठमाडौं उपत्यकाको तीन स-साना राज्यहरू फट र आपसी कलहले गर्दा अत्यन्त कमजोर भइरहेका र उता भारतीय उपमहाद्वीपमा ईष्ट इण्डिया कम्पनीको उपनिवेशवादी झण्डा झन् झन् अगाडि बढिरहेको अठारौं शताब्दीको जोखिम स्थितिलाई ध्यानमा राखी दूरदर्शी श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले यो हिमाली भूभागलाई राष्ट्रिय एवं राजनैतिक एकताको मजबूत गाँठोमा आवद्ध गर्न सुसंगठित सेना खडा गर्ने हेतुले खडा भएका फौजमा वि. सं. १८१९ मा संगठन गरिएको वर्जवानी कम्पनी एक थियो । नभन्दै ब्रिटिश उपनिवेशवादी सेना वि.सं.१८२४ मा मेजर किनलाक (Major Kinlock) को नायकत्वमा काठमाडौंका तत्कालीन राजा जय प्रकाश मल्लको सहायता गर्ने निहुँले हरिपुरगढी पुग्यो । त्यसमा पौवागढी भन्ने ठाउँमा अंग्रेजी फौजलाई परास्त गर्ने नेपाली फौजमा यो वर्जवानी कम्पनी पनि थियो । यो वर्जवानी कम्पनीले वि. सं. १८६३ मा काँगडामा सिरमौरसंगको युद्धमा ठूलो रणकौशल देखायो ।

वि. सं. १८६९ मा वर्जवानी कम्पनी एक पल्टनको रूपमा सुसंगठित भयो । वर्जवानी पल्टनले वि. सं. १८७१–७२ को ईष्ट इण्डिया कम्पनीसंगको युद्धमा वारागढीमा अंग्रेजी फौजलाई ध्वस्त पाऱ्यो ।

वि. सं. १८९८ मा वर्जवानी कम्पनीमा अधिकृत लगायत जम्मा ५५६ जवान भएको बुझिन्छ ।

वि. सं. १९११–१२ मा नेपालले तिब्बतसंग युद्ध गर्ने स्थिति पऱ्यो । तिब्बती-हरूलाई त्यसबखत परास्त गर्दै तिब्बतको कुती प्रदेश समेत कब्जा गर्ने बहादुर नेपाली फौजमा यो वर्जवानी पल्टनको नाम "वर्द बहादुर पल्टन" रहन गयो ।

वि. सं. १९१४–१५ मा ब्रिटिश भारतमा भएको सिपाही गडबडी सम्हाल्न नसकी अंग्रेज सरकारले नेपालसंग मद्दत माग्यो । त्यसबखत अंग्रेजहरूको सहायतार्थ लखनउमा गई शिघ्र शान्ति र व्यवस्था कायम राख्ने नेपाली फौजमध्ये

यो वर्दे बहादुर पल्टन पनि थियो ।

वि. सं. १९१६ को रेकर्ड अनुसार यो वर्दे बहादुर पल्टनमा तिनताका अफिसर र जवानहरू गरी जम्मा ६६५ पुगेको बुझिन्छ ।

प्रथम विश्व युद्धको समयमा बृटिश सरकारको सहायतार्थ बृटिश–भारतमा जाने पल्टनमा यो वर्दे बहादुर पल्टन पनि थियो । वि. सं. १९७१–७५ मा सो महासमरको अवधिमा यो पल्टनले देहरादूनमा ग्यारिजन ड्यूटी (Garrison Duty) सफलतापूर्वक पूरा गरी नेपाली फौजको शान बढायो ।

विकासको क्रममा यो वर्दे बहादुर पल्टनमा वि. सं. १९७९ मा अधिकृत र जवान गरी ७०३ संख्या पुगेको बुझिन्छ ।

(८) सूर्जे दल पल्टन :

वि. सं. १९११–१२ को तिब्बतसंगको युद्धले गर्दा नेपालले अरू बढी सैनिक संगठनको आवश्यकता देख्यो । यसैले सो युद्धको लगत्तैपछि वि. सं. १९१३ मा स्थायी फौजको रूपमा नै सूर्जे दल पल्टन खडा भयो ।

खडा भएको एक वर्षपछि नै वि. सं. १९१४–१५ मा भारतमा भएको सिपाही द्रोह साम्य गर्न अंग्रेज सरकारले नेपालसंग मद्दत माग्यो । त्यसमा लखनउमा गई बागीहरूलाई उचित दण्ड दिई शान्ति स्थापनामा महत्वपूर्ण भूमिका खेल्नेमा यो सूर्जे दल पल्टन पनि भयो ।

वि. सं. १९१६ मा यो सूर्जे दल पल्टनमा अफिसर र जवानहरू जम्मा ७६७ थिए भन्ने बुझिन्छ । तर वि. सं. १९७९ को एक टिपोट बमोजिम यो पल्टनमा सो समयमा अधिकृत र जवानहरू समेत गरी जम्मा ६८१ मात्र थिए भन्ने थाहा हुन्छ ।

(९) भैरूङ्ग पल्टन :

यो भैरूङ्ग पल्टन वास्तवमा सर्व प्रथम वि. सं. १९११ मा नै खडा भएको बुझिन्छ । तर पछि पल्टनहरूको संगठन परिवर्तन गर्दा यो पल्टन खारेज भयो । पुनः वि. सं. १९३१ मा यो भैरूङ्ग पल्टन खडा भयो । खडा हुँदा यो पल्टनमा वि. सं. १९३१ मा अधिकृत र जवानहरू जम्मा ५६७ भएको बुझिन्छ ।

प्रथम महासमरमा वि. सं. १९७१–७५ मा यो भैरूङ्ग पल्टनले बृटिश सरकारको सहायतार्थ बृटिश–भारतमा देहरादूनमा खटिई ग्यारिजन ड्यूटी गरेको थियो ।

तेस्रो अफगान युद्ध (Third Afghan War) मा वि. सं. १९७६ मा यो भैरूङ्ग पल्टन मरदनमा गई आफनो बहादुरी प्रदर्शित गऱ्यो ।

वि. सं. १९७९ को एक पुरानो टिपोट अनुसार यो भैरूङ्ग पल्टनमा त्यस बखत जम्मा ६८८ जवान भएको कुरो पत्तो लाग्दछ ।

(१०) काली बहादुर पल्टन :

हुनता यो पल्टनको जन्म वि. सं. १८६९ तिर "लेटर कम्पू" को रूपमा भएको बुझिन्छ । यो लेटर कम्पूका धेरै जवान १९११ सालको तिब्बत संगको युद्धमा परेकाले वि.सं. १९१२ मा यो लेटर कम्पूको नाम काली बहादुर पल्टन राखियो । १८९८ सालमा यो पल्टनको पूर्व नाम लेटर कम्पू हुँदा त्यसमा अधिकृत जवानहरू १४०७ थिए भन्ने पत्तो लाग्दछ ।

बृटिश-भारतको वि.सं. १९१४–१५ को लखनउमा भएको सिपाही गडबडी शान्त गर्न यो काली बहादुर पल्टन पनि गएको थियो ।

प्रथम विश्व युद्धमा वि. सं. १९७१–७५ मा अंग्रेज सरकारको सहायतार्थ गएको नेपाली सेनामा काली बहादुर पल्टन पनि थियो । यो पल्टनले त्यसबखत देहरादूनमा ग्यारिजन ड्यूटी (Garrison Duty) सफलतापूर्वक पूरा गऱ्यो ।

वि. सं. १९७९ मा यो काली बहादुर पल्टनमा जम्मा ७०६ जवान भएको थाहा हुन्छ ।

(११) देवीदत्त पल्टन :

वि. सं. १८४२ मा श्री ५ महारानी राजेन्द्र लक्ष्मीको स्वर्ग भएको समयमा श्री ५ रणबहादुर शाहको उमेर ८ वर्षको थियो । यसैले युवराज बहादुर शाहले मुख्त्यार भई शासन चलाउनु पऱ्यो । त्यही वर्ष अर्थात् १८४२ सालको माघमा मुख्त्यार बहादुर शाहको विवाह पाल्पाका राजा महादत्त सेनकी छोरीसंग भयो । पाल्पामा विवाह सकेर बहादुर शाह गोर्खा फर्किंदाबखत्यो र त्यहीं केही पल्टनको पजनी भएको थियो ।

वास्तवमा त्यस बखत नेपालले चौबीसी राज्यहरू धेरै लिनु बाँकी नै रहेको र उता दक्षिणतिर भारतीय उपमहाद्वीपमा विस्तारित उपनिवेशवादी ईष्ट इण्डिया कम्पनीको आक्रमणकारी फौजसंग कुनै पनि बेला मुठभेड हुने सम्भावना थियो । यसै पृष्ठभूमिमा विचार गर्दा त्यो पजनी वास्तवमा सैनिक सुसंगठन थियो, सेनाका निमित्त अत्यावश्यकीय वस्तुको व्यवस्था थियो । वि. सं. १८४२ मा नै देवीदत्त कम्पनी खडा भएको इतिहासबाट बुझिन्छ ।

चौबीसे राज्यहरूलाई परास्त गर्ने क्रममा वि. सं. १८४२ मा लम्जुङ्ग मकै डाँडातर्फ जाने फौजमा देवीदत्त कम्पनी पनि थियो । पाल्पा आदि जित्न यो देवीदत्त कम्पनीको भूमिका अत्यन्त प्रभावकारी एवं महत्वपूर्ण रह्यो ।

वि. सं. १८६९ मा देवीदत्त कम्पनीको नाम "देवीदत्त पल्टन" रहन गयो ।

वि. सं. १८७१ कार्तिकमा बृटिश-भारतका गभर्नर जनरल मारक्विस अफ हेस्टिङ्गले नेपालसंग युद्धको घोषणा गरे । यस युद्धको क्रममा मेजर जनरल उड्ले चार हजार फौज लिई बनारसबाट गोरखपुर हुँदै बुटवल पुग्ने कार्यक्रम थियो । तर मकवानपुरको बाटो काठमाडौं हान्न हिंडेका जनरल मार्ले अगाडि नै नेपालको तराई प्रदेश हमला गर्न आई पुगे । जनरल मार्लेको फौजले समनपुर (रौतहट) मा किल्ला जमायो । नेपाली फौजका तर्फबाट कप्तान सर्वजीत थापा र लेफ्टेन पृथ्वी हमालको नेतृत्वमा देवीदत्त पल्टन र श्रीनाथ ५ पट्टीले समनपुरमा अंग्रेजी फौजको अखाडामा आकष्मिक आक्रमण गऱ्यो । धेरै अंग्रेजी सैनिक मारिए । त्यसपछि लगत्तै थप अंग्रेजी फौज समनपुर पुग्यो । यसर्थ देवीदत्त, श्रीनाथ, कालीबक्स आदि पल्टनहरूले क. प. शमशेर राना, क. प. वीर केशर पाण्डे आदिको नेतृत्वमा दोश्रो पटक समनपुरमा हमला गरे । यस संघर्षमा अंग्रेजी फौजका १५३० जवान मारिए, नेपाली फौजको नोक्सान ७० जना मात्र भयो । अंग्रेजी फौजको तोप ३, बन्दूक १६९, पिस्तौल ८, किरिच ३३, भाला ९, गोली गट्टा २५९६ आदि नेपाली फौजले हात पारे ।

यसअघि भएको बुटवलको युद्धमा कुम्भेदान जयसुर थापाले ५०० सैनिक र ढाक्रेको फौजले अंग्रेजी सेनाको ठूलो क्षति गरे । विजय नेपालीको भयो । यस युद्धमा लड्ने फौजमा देवीदत्त पल्टन पनि थियो भन्ने इतिहासकारहरूको भनाइ छ ।

विक्रम सम्वत् १८९८ को एक टिपोट अनुसार देवीदत्त पल्टनमा तिनताका अधिकृत र निम्न अधिकृत जवानहरू समेत गर्दा ७३८ थिए भनिन्छ ।

वि. सं. १९११–१२ को तिब्बतसंग नेपालको लडाई हुँदा केरूङ्गमा विजय पताका फहराउने पल्टनमा देवीदत्त पनि थियो ।

वि.सं १९१४–१५ सालमा भारतमा भएको सिपाही द्रोह साम्य पारी बृटिश सरकारलाई मद्दत गर्ने नेपाली फौजमा देवीदत्त पल्टन पनि थियो । यो पल्टनले त्यसबखत लखनउमा बागीहरूको निर्मूल गऱ्यो ।

वि. सं. १९१६ मा यो पल्टनमा अधिकृत र जवान गरी ६३७ थिए भन्ने थाहा हुन्छ ।

प्रथम विश्व युद्धमा बृटिश सरकारको सहायतार्थ वि. सं. १९७२–७५ मा अबोटाबादमा गै यो देवीदत्त पल्टनले ग्यारिजन ड्यूटी वा आन्तरिक सुरक्षा कार्य (Garrison Duty) पूरा गऱ्यो ।

(१२) नर्सिङ्गदल पल्टन :

वि. सं. १९११ मा यो नर्सिङ्गदल पल्टन खडा भएको थियो। तिनताक तिब्बतमा रहेका नेपाली व्यापारी वर्गमा तिब्बतको अत्याचारले गर्दा तिब्बतसंग नेपालको युद्ध अवश्यम्भावी भैं सकेको थियो। यसैले नेपालले प्रारम्भ गरेको सैनिक तयारी एवं सुसंगठनको फलस्वरूप यो नर्सिङ्गदल पल्टनको जन्म १९११ सालमा भएको थियो। तर यस पल्टनको युद्ध सेवा (War–service) मा तिब्बतसंगको युद्धमा परेन, कारण यो पल्टन उपत्यकाकै संरक्षणको निमित्त रह्यो।

वि. सं. १९१४–१५ मा यो नर्सिङ्गदल पल्टन आफ्नो युद्ध सेवाको क्रममा भारतको लखनउ गयो। वास्तवमा त्यहाँ युद्ध थिएन, केवल केही सिपाहीको गडबडी थियो। नर्सिङ्गदल पल्टनले त्यहाँका ती बिद्रोहीहरूलाई शान्त गरायो।

वि. सं. १९१६ मा एक पुरानो टिपोट बमोजिम यो नर्सिङ्गदल पल्टनमा अधिकृत र निम्न अधिकृत, जवानहरू गरी जम्मा ८५७ जवान थिए। तर १९७९ सालका तथ्यांक बमोजिम सो संख्या ६९८ भएको बुझिन्छ।

(१३) जबरजङ्ग पल्टन :

नेपालको बहुतै पुराना पल्टनहरू मध्ये जबरजङ्ग पल्टन पनि एक हो। यो पल्टन वास्तवमा विक्रम सम्वत् १८४८ सालमैं खडा भएको हो। नेपालको राष्ट्रिय एकीकरणमा यो पल्टनले महत्वपूर्ण भूमिका खेल्यो। विक्रम सम्वत् १८६७ सालमा यो जबरजङ्ग कम्पनीको रूपमा कुमाउमा रहेको थियो। तिनताका नेपालको सीमा विस्तार गर्ने महान् अभियानमा यो कम्पनीको ठूलो योगदान रहेको देखिन्छ। पुरानो रेकर्ड मुताबिक यो जबरजङ्ग कम्पनी एकपटक विक्रम सम्वत् १८७२ सालमा खारेजीमा परेथ्यो। त्यसपछि आएर विक्रम सम्वत् १९११ सालमा यो जबरजङ्ग पल्टन फेरि खडा भयो। एक टिपोट बमोजिम विक्रम सम्वत् १९१२ सालमा यो पल्टनमा अफिसर र जवानहरू गरी जम्मा ८९० जवान थिए। यो जबरजङ्ग पल्टन विक्रम सम्वत् १९१२ मा खारेजीमा पऱ्यो र फेरि २ वर्षपछि विक्रम सम्वत् १९१४ मा खडा भयो। त्यस पछि विक्रम सम्वत् १९१६ सालमा एक पटक फेरि खारेजीमा परी पुनः विक्रम सम्वत् १९२३ सालमा खडा भएको थियो।

यो जबरजङ्ग पल्टनले विक्रम सम्वत् १९७१ देखि वि. सं. १९७५ सम्म अबोटाबादमा ग्यारिजन ड्यूटी (Garrison Duty) गरेथ्यो।

(१४) गणेशदल पल्टन :

गणेशदल पल्टनको स्थापना विक्रम सम्वत् १९०४ सालमा भएको थियो। विक्रम सम्वत् १९०८ सालको एक पुरानो टिपोटको आधारमा सो अनुसार त्यस बखत यो पल्टनमा अफिसर र जवानहरू गरी जम्मा २३७९ जवान थिए भनिन्छ।

विक्रम सम्वत् १९११–१२ सालको तिब्बतसंगको लडाईंमा यो गणेशदल पल्टन खटिएर गै केरूङ्गमा बसेको थियो। भारतको पहिलो स्वतन्त्र संग्राम अर्थात् पुरानो इतिहासमा उल्लेख भएको "भारतीय सिपाही विद्रोह" का अवसरमा विक्रम सम्वत् १९१४–१५ सालमा यो गणेशदल पल्टन बृटिश सरकारको अनुरोधमा लखनउमा खटिएर गै त्यहाँ सो विद्रोह दबाउन सफल भयो।

विक्रम सम्वत् १९१६ सालको पुरानो टिपोट बमोजिम यो पल्टनमा पीपाहरूको संख्या घटाइएकोले अफिसर र जवानहरू गरी जम्मा ६५७ जवान रहेको बुझिन्छ।

पछि आएर विक्रम सम्वत् १९७९ सालमा यो गणेशदल पल्टनमा अफिसर र जवानहरू जम्मा ७१७ जवान थिए भन्ने कुरा बुझिन्छ।

(१५) पशुपति प्रसाद पल्टन :

जगदलको रूपमा विक्रम सम्वत् १९०६ सालमा खडा भएको यो पशुपति प्रसाद पल्टनमा विक्रम सम्वत् १९०८ सालमा अफिसर र जवान समेत गरी जम्मा ६१३ जवान भएको बुझिन्छ। भारतको प्रथम स्वतन्त्र संग्राम अर्थात् पहिलेको इतिहासमा "सिपाही बिद्रोह" भनी उल्लेख भएको बिद्रोह दवाउन अंग्रेज सरकारको अनुरोधमा लखनउमा गै सो पल्टनले विक्रम सम्वत् १९१४–१५ सालमा त्यहाँ सफलता प्राप्त गऱ्यो।

विक्रम सम्वत् १९१६ सालको एक पुरानो टिपोट बमोजिम यो पशुपति प्रसाद पल्टनमा तिनताका अफिसर र जवानहरू समेत गरी जम्मा ६११ जवान थिए भन्ने बुझिन्छ। विक्रम सम्वत् १९७९ सालको रेकर्ड अनुसार चाहिं यो पल्टनमा तिनताका अफिसर र जवान गरी जम्मा ६९४ जवान थिए भनिन्छ।

विक्रम सम्वत् १९७० सालमा जगदल (पुरानो) बाट पशुपतिप्रसाद भयो भनिन्छ। त्यसपछि पशुपतिप्रसाद पल्टनले विक्रम सम्वत् १९७१ देखि वि. सं. १९७५ सालसम्म अवोटाबादमा ग्यारिजन ड्यूटी (Garrison Duty)

गर्दै रह्यो । युद्ध-सेवाको रेकर्ड बमोजिम पशुपतिप्रसाद पल्टनले विक्रम सम्वत् १९७६ सालमा तेश्रो अफगान युद्ध (Third Afgan War) का बखत नौसेरामा तैनात भै आफ्नो कर्तव्य पूरा गऱ्यो ।

(१६) भैरवनाथ पल्टन :

यो भैरवनाथ पल्टन विक्रम सम्वत् १९०१ सालमा खडा भएको हो । विक्रम सम्वत् १९०३ सालको एक पुरानो टिपोट अनुसार सो भैरवनाथमा अफिसर र जवान संख्या जम्मा २२५ जवान थिए भनिन्छ । वि. सं. १९१६ मा पनि सो पल्टनमा जम्मा २२५ जवान नै थिए । सर्वप्रथम यो कम्पनीको रूपमा खडा भएको हुनु पर्दछ । पछि पल्टन भएपछि यो भैरवनाथ नेपालको तिब्बतसितको लडाईंमा विक्रम सम्वत् १९११–१२ मा हुम्लामा समेत तैनात थियो ।

प्रारम्भमा कम्पनीको रूपमा खडा भएको यो भैरवनाथ पल्टन विक्रम सम्वत् १९०७ सालमा आएर पल्टनको रूपमा खडा भएको हो । विक्रम सम्वत् १९०८ सालमा यो पल्टनमा अफिसर र जवानहरू गरी जम्मा ११०० जवान थिए ।

नेपालको तिब्बतसंगको युद्धको बखत विक्रम सम्वत् १९११ र वि. सं. १९१२ सालमा यो भैरवनाथ पल्टन केरुङ्गको लडाईंमा संलग्न थियो । त्यसपछि विक्रम सम्वत् १९१४–१५ मा वृटिश सरकारले सहायता मागेकोले त्यस बखत वृटिश-भारतमा भएको सिपाही–द्रोह (Sepoy Mutiny) दबाउनमा यो भैरवनाथ पल्टनले सक्रिय भूमिका खेलेको थियो ।

विक्रम सम्वत् १९१६ सालको पुरानो रेकर्ड बमोजिम यो भैरवनाथ पल्टनमा तिनताका अफिसर र जवानहरू गरी जम्मा ६१२ जवान थिए भनिन्छ ।

विक्रम सम्वत् १९७१ सालदेखि वि. सं. १९७५ सालसम्म यो भैरवनाथ पल्टनले अवोटाबादमा ग्यारिजन ड्यूटी (Garrison Duty) गरेथ्यो । विक्रम सम्वत् १९७६ सालमा यो पल्टन तेश्रो अफगान युद्धमा नौसेरामा कार्यरत थियो ।

विक्रम सम्वत् १९७९ सालको एक पुरानो रेकर्ड अनुसार यो भैरवनाथ पल्टनमा अफिसर र जवानहरू समेत गरी जम्मा ६७६ जवान थिए भन्ने बुझिन्छ ।

(१७) पुरानो गोरख पल्टन :

यो पुरानो गोरख पल्टन बहुतै पुरानो ऐतिहासिक पल्टन हो । यसको स्थापना एउटा स्थानो कम्पनीको रूपमा "गोरख कम्पनी" को नाममा विक्रम सम्वत् १८१९

सालमा भएको हो। यो गोरख कम्पनीले आफ्नो युद्ध सेवाको क्रममा सर्वप्रथम नेपालीहरूको अंग्रेजसंग भएको युद्ध (Anglo-Nepal War) का बखत विक्रम सम्वत् १८२४ सालमा मेजर किनलाक (Major Kinlock) को फौजसंग पौवागढीमा मुकाबिला गरेर अंग्रेजी फौजलाई हराएको थियो।

गोरख कम्पनीले विक्रम सम्वत् १८४२ सालमा नेपालको राष्ट्रिय एकीकरणको क्रममा चौबीसे रजौटासंगको युद्धमा नुवाकोटमा आफ्नो बहादुरी प्रदर्शित गऱ्यो। त्यसपछि सोही क्रममा वि. सं. १८४३ सालमा कास्की, पैयचूँ, आदि राज्यसितको लडाईंमा विजयपताका फहरायो। विक्रम सम्वत् १८६३ मा यो गोरख कम्पनीले गढवालसंगको युद्धमा गढमा युद्धमा संलग्न भै विजयी भयो।

विक्रम सम्वत् १८६९ सालमा गोरख कम्पनीबाट नाम बदलिएर पुरानो गोरख पल्टन खडा भएको हो। यो पुरानो गोरख पल्टनले विक्रम सम्वत् १८७१–७२ मा ईष्ट इण्डिया कम्पनी (East India Company) को साम्राज्यवादी फौजसंग जैटकमा टक्कर लियो। नाहानको जैटक किल्लामा आँग्लो-नेपाल युद्ध (Anglo-Nepal War) का अवसरमा पुरानो गोरख पल्टन र बरख पल्टनका संयुक्त सेवा (६०० को) ले अंग्रेजहरूको ४,००० फौजलाई हरायो र सोही युद्धमा अंग्रेजी फौजका जनरल जिलेप्सि लगायत १९ अधिकृतहरू र २४० भन्दा बढी सैनिकहरूलाई मारे। नेपाली फौजको नेतृत्व त्यो समयमा नेपाली वीर कप्तान बलभद्र सिंह कुँवरले गरेका थिए।

विक्रम सम्वत् १८९८ सालको एक पुरानो रेकर्ड बमोजिम पुरानो गोरख पल्टनमा तिनताका अफिसर र जवानहरू गरी जम्मा ७५० जवान थिए भन्ने बुझिन्छ।

पुरानो गोरख पल्टनको युद्ध सेवाका अरू हकमा विक्रम सम्वत् १९११–१२ सालमा नेपालको तिब्बतसंगको युद्धमा यो पल्टनले केरूङ्गमा आफ्नो पराक्रम देखाएको हो। त्यसपछि मित्र राष्ट्र बेलायत सरकारका तर्फबाट वृटिश-भारतमा भएको "सिपाही द्रोह" (Sepoy Mutiny) दबाउन सहायता माग भएकोले पुरानो गोरख पल्टन लखनउ खटिएर गयो र त्यहाँ द्रोहीहरूको उपद्रव शान्त गऱ्यो।

एक पुरानो टिपोट बमोजिम पुरानो गोरख पल्टनमा विक्रम सम्वत् १९१६ सालमा अफिसर र जवानहरू समेत गरी जम्मा ६६४ जवान थिए भनिन्छ।

विक्रम सम्वत् १९७१–७५ मा पुरानो गोरख पल्टनले अवोटावादमा ग्यारिजन ड्यूटी (Garrison Duty) गऱ्यो।

विक्रम सम्वत् १९७९ सालमा पुरानो गोरख पल्टनमा अफिसर र जवानहरू समेत गरी जम्मा ७०४ जवान रहेको बुझिन्छ ।

(१८) काली प्रसाद पल्टनः

विक्रम सम्वत् १८९२ सालमा जनरल भीमसेन थापाले हनुमानदल नामक पल्टन खडा गरेका थिए । यो हनुमानदल पल्टनका जवानहरूका धमाधम छोराहरू पैदा हुन थालेकाले यो पल्टनको निशान हनुमानलाई चढाई, फेरि यो पल्टनको नाम बदलेर विक्रम सम्वत् १९०१ मा कालीप्रसाद पल्टन राखिएको हो भनिन्छ । "कालीप्रसाद" नाम रहेपछि यो पल्टनको निशान पनि बदली फेरिएको थियो ।

विक्रम सम्वत् १९०३ सालमा, एक पुरानो रेकर्ड अनुसार, यो कालीप्रसाद पल्टनमा अफिसर र जवानहरू समेत गरी जम्मा ६७८ तिनताका रहेको बुझिन्छ ।

नेपालको तिब्बतसँग लडाई हुँदा विक्रम सम्वत् १९११–१२ मा यो कालीप्रसाद पल्टन कुतीमा युद्धमा संलग्न थियो । त्यस्तै विक्रम सम्वत् १९१४–१५ मा ब्रिटिश भारतमा भएको "सिपाही द्रोह" (Sepoy Mutiny) दबाउन ब्रिटिश सरकारले सहायता मागेकोले मद्दत गर्न भारतको लखनउ शहरमा खटिएर गई विद्रोहीहरूलाई दमन गर्ने कार्यमा सफलता प्राप्त गर्ने नेपाली पल्टनहरूमा कालीप्रसाद पल्टन पनि एक प्रमुख पल्टन थियो ।

विक्रम सम्वत् १९१६ सालमा कालीप्रसाद पल्टनमा अफिसर र जवानहरू समेत गरी जम्मा ६४२ जवानहरू रहेको कुरा पुराना रेकर्डबाट बुझिन्छ ।

यो कालीप्रसाद पल्टनमा, एक पुरानो रेकर्ड बमोजिम, विक्रम सम्वत् १९७९ सालमा अफिसर र जवानहरू समेत गरी जम्मा ६९५ जवानहरू रहेको कुरा थाहा हुन्छ ।

(१९) सिंहनाथ पल्टनः

विक्रम सम्वत् १८६२ सालमा सिंहनाथ कम्पनी खडा भएको थियो । विक्रम सम्वत् १८६७ सालमा यो सिंहनाथ कम्पनी नेपालको राष्ट्रिय एकीकरण र सीमा-विस्तारको क्रममा गढवालमा तैनात रहेको थियो । त्यसपछि वि. सं. १८६९ सालमा सो सिंहनाथ पल्टनको रूपमा गठन भयो ।

वि. सं. १८६३ मा सिंहनाथ पल्टन काँगडा जित्नमा युद्धमा संलग्न थियो । नेपालको दक्षिणतर्फ भारतीय उप-महाद्वीपमा उर्लेर आइरहेको ब्रिटिश साम्राज्य-वादको बाढीलाई रोक्न विक्रम सम्वत् १८७१–७२ सालमा सिंहनाथ पल्टनले

ईष्ट इण्डिया कम्पनी (East India Company) को अंग्रेजी फौजसँग जैटक भन्ने ठाउँमा मुकाविला गरी विजय हासिल गऱ्यो ।

यो सिंहनाथ पल्टनमा विक्रम सम्वत् १८९८ मा अफिसर र जवान गरी जम्मा ७६३ जवानहरू थिए भन्ने कुरा एक पुरानो रेकर्डबाट देखिन्छ ।

विक्रम सम्वत् १९११–१२ सालमा सिंहनाथ पल्टनले तिब्बतसँगको युद्धमा केरूङमा ठूलो बहादुरी देखायो । त्यसपछि ब्रिटिश सरकारको अनुरोधमा वि. सं. १९१४–१५ मा लखनउमा खटिएर गई यो पल्टनले त्यहाँ बागीहरूको दमन गर्नमा सहयोग दियो ।

यो सिंहनाथ पल्टनमा वि.सं.१९७६ मा अफिसर र जवानहरू गरी जम्मा ६३७ जवानहरू थिए भन्ने कुरा पुरानो रेकर्डबाट बुझिन्छ ।

अरू युद्ध-सेवाका हकमा सिंहनाथ पल्टनले वि. सं. १९७२–७५ मा अवोटाबादमा ग्यारिजन ड्यूटी (Garrison Duty) दृढताकासाथ गऱ्यो । वि. सं. १९७४ मै मासूदसँग भएको युद्धमा यो पल्टनले ठूलो पराक्रम प्रदर्शित गऱ्यो ।

(२०) शमशेरदल पल्टन :

विक्रम सम्वत् १९०१ साल आषाढ सुदि १२ गतेमा यो शमशेरदल पल्टन खडा भएको हो । शुरूमा यो पल्टन कालीबहादुर, पुरानो गोरख, वर्दबहादुर, देवीदत्त, सिंहनाथ, कालीप्रसाद, नयाँ गोरख आदि ७ पल्टनहरूबाट ४०।४० जवानका दरले खिचेर २८० जवान पुऱ्याई त्यसमा नयाँ जवानहरू २२१ थप गरी संगठित गरिएको थियो । यो शमशेरदल पल्टनको रैबन्दी विक्रम सम्वत् १९०२ सालमा भएको थियो ।

यो शमशेरदल पल्टनमा वि. सं. १९०३ सालमा अफिसर र जवानहरू गरी जम्मा ६७७ जवानहरू थिए भन्ने कुरा पुराना टिपोटबाट बुझिन्छ ।

वि. सं. १९११–१२ सालमा तिब्बतसंग भएको लडाइँमा यो शमशेरदल पल्टन वलाङचुङ गोलामा खटिएको थियो । ब्रिटिश–भारतमा वि. सं. १९१४–१५ मा भएको सिपाही द्रोह (Sepoy Mutiny) दबाउन ब्रिटिश सरकारको सहायतार्थ गएको नेपाली पल्टनहरूमा यो शमशेरदल पनि एक थियो ।

वि. सं. १९१६ सालमा शमशेरदल पल्टनमा अफिसर र जवानहरू गरी जम्मा ६३७ जवानहरू थिए भन्ने कुरा पुराना रेकर्डबाट बुझिन्छ ।

युद्ध-सेवातर्फका अरू रेकर्ड हेर्दा यो शमशेरदल पल्टनले पहिलो विश्व युद्धमा विक्रम सम्वत् १९७१–७५ मा नर्थ वेस्ट फ्रण्टियर प्रभिन्स (NWFP) को अबोटाबादमा दृढतापूर्वक ग्यारिजन ड्यूटी वा आन्तरिक सुरक्षा(Garrison Duty) गरेको देखिन्छ ।

यो शमशेरदल पल्टनमा वि.सं. १९७९ मा अफिसर र जवानहरू समेत गर्दा जम्मा ६८४ संख्या पुगेको पुराना रेकर्ड बताउँछन् ।

दोस्रो महायुद्धको समयमा वि. सं. १९९६ सालमा बृटिश सरकारले मद्दत मागेकाले नेपालबाट खटिएको ८ बटालियन फौजमा यो शमशेरदल पल्टन खटिएर देहरादून, दगाई, थल, कोहाट, बुन्नु भन्ने ठाउँहरूमा रही आफ्नो कर्तव्य पूरा गऱ्यो। यो पल्टन दोस्रो महासमर सकिएपछि वि. सं. २००२ सालमा काठमाडौं फर्क्यो ।

भारत र पाकिस्तानको विभाजनपछि हैदराबादमा भएको गडबडी शान्त गर्न भारत सरकारले फौजी मद्दत मागेकोले नेपालबाट खटिई जाने पल्टनमा यो पनि थियो । यसले त्यस अवसरमा ९ महीनासम्म बनारसमा बसी आन्तरिक सुरक्षाको कार्य गऱ्यो ।

(२१) रामदल पल्टन :

सर्वप्रथम यो रामदल कम्पनीको रूपमा विक्रम सम्वत् १८४२ सालमा खडा भएको थियो। यो रामदल कम्पनीले नेपालको राष्ट्रिय एकीकरणको प्रक्रिया मा वि.सं. १८४३ मा कास्कीमा चोवीसे राज्यसंगको लडाईंमा वीरता देखायो। वि.सं. १८४४ मा रामदल कम्पनीले चौवीसे राज्यसंगको लडाईंमा प्यूठानमा विजय प्राप्त गऱ्यो । त्यसपछि वि.सं. १८६२ सालमा सीरमौरसंगको लडाईंमा सीरमौरमा आफ्नो पराक्रम र बहादुरी प्रदर्शित गऱ्यो । वि.सं. १८६३ सालमा गढवाल र कांगडासंगको युद्धमा यो रामदल कम्पनी विजयी भएको थियो । यी सब युद्धका पराक्रमको फलस्वरूप यो कम्पनी वि.सं. १८६९ सालमा आएर रामदल पल्टनको रूपमा खडा भयो ।

नेपालको दक्षिणतर्फ भारतीय उप-महाद्वीपमा अंग्रेजी व्यापारी कम्पनी "ईष्ट इण्डिया कम्पनी" (East India Company)को विस्तारवादी फौजको मुकाबिला गर्न वि.सं. १८७१–७२ सालमा जैटकको युद्धमा यो रामदल पल्टन खटिएर युद्ध-कौशल देखायो ।

वि.सं. १८९८ सालको एक पुरानो रेकर्ड अनुसार यो रामदल पल्टनका तिन-ताका अफिसर र जवानहरू समेत गरी जम्मा ७८९ जवानहरू थिए भनिन्छ ।

विक्रम सम्वत् १९११–१२ मा तिब्बतसंग भएको लडाइँमा केरूङ्गमा खटिएर लड्दै बहादुरी देखाउने पल्टन रामदल नै थियो। त्यसपछि वि.सं. १९१४–१५ मा बृटिश-भारतमा भएको "सिपाही द्रोह" दबाउन अंग्रेज सरकारले अनुरोध गरेकोले रामदल पल्टन लखनउमा खटिएर गै द्रोहीहरूको पूर्ण दमन सफलताका साथ गरेको हो। वि.सं. १९१० मा यो रामदल पल्टन काठमाडौं उपत्यकाको दोस्रो शहर पाटनमा रहेको थियो।

वि.सं. १९१६ सालमा रामदल पल्टनमा अफिसर र जवानहरू समेत गर्दा जम्मा ७०४ जवानहरू भएको कुरा पुराना रेकर्ड बताउँछन्।

विक्रम सम्वत् १९७२–७५ सालमा यो रामदल पल्टनले अबोटाबादमा गई त्यहाँ दृढताका साथ ग्यारिजन ड्यूटी (Garrison Duty) पूरा गऱ्यो।

यो रामदल पल्टनको ऐतिहासिक विकासक्रम हेर्दा यसमा पछि आएर वि.सं. १९७९ सालतिर अफिसर र जवानहरू समेत गरी जम्मा७५५जवानहरू पुगेको देखिन्छ।

(२२) महिन्द्रदल पल्टन :

विक्रम सम्वत् १९०१ सालमा श्रीनाथ पल्टन फोरेर महिन्द्रदल पल्टन खडा भएको हो। यो महिन्द्रदल पल्टनको रैबन्दी वि.सं. १९०२ सालमा भएको हो। वि. सं. १९०३ सालको पुरानो रेकर्ड अनुसार सो समयमा त्यस पल्टनमा अफिसर र जवानहरू समेत मिलाएर जम्मा ६७६ जवानहरू थिए भन्ने बुझिन्छ।

बृटिश सरकारको अनुरोधमा यो महिन्द्रदल पल्टनले वि.सं. १९१४–१५ मा बृटिश-भारतको लखनउ शहरमा खटिएर गै त्यहाँको "सिपाही द्रोह" (Sepoy Mutiny) दबाउनमा सफलता हासिल गऱ्यो।

अनि यो महिन्द्रदल पल्टनमा वि.सं. १९१६ सालमा अफिसर र जवानहरू समेत मिलाउँदा जम्मा १९४२ संख्या पुगेको कुरा पुराना टिपोटबाट थाहा हुन्छ।

वि.सं. १९७२ देख वि.सं. १९७५ सालसम्म महिन्द्रदल पल्टनले देहरादूनमा खटिएर गै त्यहाँ ग्यारिजन ड्यूटी (Garrison Duty) पूरा गऱ्यो। त्यसैबीच वि.सं. १९७४ सालमा मासूदसंगको लडाइँमा बजिरीस्तानमा युद्ध-सेवामा सक्रियरूपले भाग लियो।

क्रमशः संख्यामा घटबढ हुँदै महिन्द्रदल पल्टनमा वि.सं. १९७९ सालतिर अफिसर जवान समेत जोडी हेर्दा कुलसंख्या ८८५ पुगेको देखिन्छ । त्यसमा पहिलेको संख्यामा करीब १,००० पीपाहरू घटाइएको देखिन्छ ।

(२३) राजदल पल्टन :

श्री राजदल पल्टन एक पुरानो पल्टन हो । यो पल्टनको स्थापना विक्रम सम्वत् १९०१ सालमा भएको हो । विक्रम सम्वत् १९०१ सालमा लेटर फेरी राजदल खडा भएको हो । यसको रैबन्दी विक्रम सम्वत् १९०२ सालमा भएको हो । विक्रम सम्वत् १९०३ सालमा यो पल्टनमा अफिसर, सुबेदार, जमादार, हवल्दार, सिपाही, बानादार, फालवर, पीपा समेत गरी जम्मा ४०० जवान थिए ।

विक्रम सम्वत् १९११–१२ सालमा नेपालको तिब्बतसंग लडाइँ भयो । केरूङ्ग खटिएर जाने पल्टनमा राजदल थियो । त्यस लडाइँमा यो पल्टनले ठूलो बहादुरी देखायो ।

विक्रम सम्वत् १९१४–१५ सालमा भारतमा अंग्रेजहरूको विरूद्ध भएको सिपाही विद्रोह दबाउन बृटिश सरकारको अनुरोधमा लखनउ खटिएर जाने पल्टनहरूमा राजदल पल्टन पनि एक थियो । भारतमा यो पल्टनले ठूलो पराक्रम र बहादुरी प्रदर्शित गरी बागीहरूलाई दबाउन मद्दत गऱ्यो ।

विक्रम सम्वत् १९१४–१५ को सिपाही विद्रोह (Sepoy Mutiny) दबाएर आएपछि यो राजदल पल्टनमा अधिकृत जवानहरू बढाउने कार्य भयो । विक्रम सम्वत् १९१६ सालमा राजदल पल्टनमा अधिकृतहरू र जवानहरू गरी जम्मा १८६२ संख्या पुऱ्याइयो । तर समयको फेर बदलको साथै यो राजदल पल्टनमा केही अधिकृतहरू थपिँदै गए पनि जवानहरूको संख्या केही घट्न थाल्यो । विक्रम सम्वत् १९७९ सालमा यो राजदल पल्टनमा अधिकृत र जवान गरी जम्मा १०४४ मात्र रहन गएको देखिन्छ ।

(२४) शेर पल्टन :

वास्तवमा वि.सं. १८०५ मा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट गठन भएको पल्टनमा शेर नाम गरेको सानो–दल पनि सामेल थियो । यो फौज विक्रम सम्वत् १८०५ मा नुवाकोट विजय गर्नको निमित्त खडा भएको थियो । यो शेर दलले नुवाकोट र काठमाडौं विजय प्राप्त गरेको हुनाले विक्रम सम्वत् १८६२ मा यो दललाई पल्टनमा परिणत गराई नाल निशान समेत प्रदान गरियो । साथै यो पल्टनलाई तोपखानाको काम समेत सिकाइयो । सम्वत्

१८६३ सालमा काजी नैनसिंह थापाको नेतृत्वमा यो पल्टनले काँगडा किल्ला माथि हमला गऱ्यो । त्यही लडाइँमा काजी नैनसिंह थापाले वीरगति प्राप्त गरे ।

विक्रम सम्वत् १८६३ सालमा शेर दलबाट कम्पनीको रूपमा खडा भै काँगडा संग भएको युद्धमा यो कम्पनीले आफ्नो विजयपताका फहराएको हो । त्यसको ठीक ६ वर्षपछि अर्थात् वि.सं. १८६९ सालमा यो शेर कम्पनी एक पल्टनको रूपमा सङ्गठित भयो । वि.सं. १८९८ मा यो पल्टनमा अफिसर र जवान गरी कुल ६८८ जवान रहेको कुरा पुराना टिपोटबाट बुझिन्छ ।

सम्वत् १८७१ सालमा कलङ्गाको युद्धमा यो पल्टनले तोपखानाको कासमा भागलिएको थियो । सम्वत् १८७२ को देउथलको लडाइँमा भक्ति थापाको नेतृत्वमा गएको फौजमध्ये शेर पल्टन पनि थियो । त्यही लडाइँमा भक्ति थापाले वीरगति प्राप्त गरे । वि.सं. १९१० सालमा यो पल्टन पाटनमा तैनाथ थियो । सम्वत् १९११ सालमा तिब्बतसंगको लडाइँमा कुतीमा बहादुरीसाथ लडाइँ जितो पूर्व १ नम्बर दुगुणा नामक गढीमा ले.क. पहलमान सिंह बस्नेतको तजवीजद्वारा गढी बनाइयो । उक्त गढीमा राखिएको शिलापत्रमा यस पल्टनको बहादुरी र गौरवको इतिहास अमर छ । सम्वत् १९१४ सालमा लखनउको गडबडी दमन गर्न अंग्रेजहरूको मद्दतको लागि पहलमान सिंह बस्नेतको नेतृत्वमा गएको फौजमा यस पल्टनको अफिसर मध्ये गम्भीरसिंह रायमाझी हुनुहुन्थ्यो । वहाँले त्यसबेला देखाएको बहादुरी प्रशंसनीय छ । सोही बहादुरीले गर्दा वहाँको नाम बहादुर कर्णेल भन्ने रहेको हो ।

वि.सं. १९१६ मा यो पल्टनमा अफिसर र जवानहरू गरी जम्मा संख्या ६९० पुगेको देखिन्छ ।

वि.सं. १९७१ सालको पहिलो विश्वयुद्धमा ब्रिटिश सरकारको मद्दतको लागि गएको दश पल्टनहरूमध्ये यो शेर पल्टन पनि थियो । सम्वत् १९७२ सालदेखि १९७५ सम्म यो पल्टन आवोटाबादमा रहेको थियो । यसैबीच वि.सं. १९७४ सालमा यो पल्टनले मासूदसंगको युद्धमा मिरानसामा बहादुरी देखायो । सम्वत् १९७८ सालदेखि १९८१ सम्म भीमफेदीदेखि अमलेखगञ्जसम्मको मोटर हिंडने पक्की बाटोको निर्माणमा यो पल्टनले कार्य गऱ्यो ।

आफ्नो ऐतिहासिक विकासक्रम अनुसार यो ऐतिहासिक शेर पल्टनमा वि.सं. १९७९ सालमा अफिसर र जवानहरू समेत मिलाएर हेर्दा कुल ७१३ जवानहरू पुगेको देखिन्छ ।

सम्वत् १९९६ सालको द्वितीय विश्व महायुद्धमा ब्रिटिश सरकारको मद्दतको निमित्त खटिई गएको आठ इन्फेन्ट्री बटालियन मध्ये शेर बटालियन पनि १९९६

साल फाल्गुण २४ गते नेपालबाट हिन्दुस्थान प्रस्थान गरेको हो। यो पल्टनले बर्मा-रंगुनबाट पछि हटेको फौज तथा शरणार्थीहरूलाई छिटो हिन्दुस्थानतर्फ पास गर्नुपर्ने हुनाले मणिपुर र बर्माको सीमाना बीच पर्ने भयानक अजङ्गको स्याडल डाँडामध्ये सासल डाँडा भन्ने पहाड खनी बाटो बनायो। जसले गर्दा त्यो पहाडको नाम "शेर रक" सासले प्रसिद्ध भएको छ ।

सम्वत् २००० साल चैत २३ गतेदेखि २००१ साल वैशाख ९ गतेसम्म हमला गर्दै आएको जापानी फौजसंग यो पल्टन टकरायो। सो लडाईंमा सु. शैलेन्द्रबहादुर महतले एम.सी. तक्मा पाउनु भएको थियो।

सम्वत् २००५ सालको हैदराबाद गडबडमा हिन्दुस्थान सरकारको मद्दतको निमित्त नेपालबाट गएको पल्टनमध्ये शेर बटालियन पनि थियो।

सम्वत् २००९ सालको शाही सेनाको पुर्ननिर्माण भएपछि शेर, सिंह-नाथ दुई पल्टन मिलाई शेर बटालियन भन्ने नाम कायम नै भयो र यो पल्टन भक्त-पुरमा रह्यो ।

२०११ सालको भीषण वर्षाले गर्दा भीमफेदीदेखि अमलेखगञ्जसम्मको मोटर बाटो बिग्रिएकोलाई मर्मत गर्न गएको राष्ट्रिय सेनामध्ये यस बटालियनको एक गुल्म पनि गएको थियो । २०१४ सालमा यो गण हेटौंडा टीकाभैरव बाटो (कान्ति राजपथ) बनाउन खटियो ।

(२५) जङ्गनाथ पल्टन :

यो जङ्गनाथ पल्टन विक्रम सम्वत् १९११ सालमा खडा भएको हो। प्रारम्भ-देखि नै यो पल्टन तलबी पल्टन अर्थात् नियमित सेनाको रूपमा सुसङ्गठित भएको थियो।

युद्ध-सेवाको हकमा यो जङ्गनाथ पल्टनले नेपाल-तिब्बत युद्धको समयमा केरुङ्गमा खटिएर गई त्यहाँ आफनो शौर्य र पराक्रम देखाई विजय-पताका फहरायो। अर्को कुरा, यो पल्टन ब्रिटिश सरकारले विशेष अनुरोध गरे बमोजिम ब्रिटिश भारतको लखनउ शहरमा भएको "सिपाही द्रोह" (Sepoy mutiny) दबाउन गएको थियो। यो पल्टनले त्यहाँ बागीहरूको दोहलो गरायो।

विकासक्रमको इतिहास हेर्दा यो जङ्गनाथ पल्टनमा वि.सं. १९१६ सालमा अफिसर र जवानहरू गरी जम्मा ६३२ जवानहरू पुगेको देखिन्छ। वि.सं. १९७९ सालमा भने यो पल्टनमा अफिसर र जवानहरू गरी जम्मा ६६० संख्या पुगेको बुझिन्छ।

(२६) पैल्हा जङ्गी पल्टन :

पैल्हा जङ्गी पल्टनको प्रारम्भ विक्रम सम्वत् १९३० सालमा विभिन्न धेरै पल्टनहरूबाट जवानहरू झिकेर गरिएको थियो । यो पैल्हा जङ्गी पल्टनको स्थापना वि.सं. १९३१ सालमा भएको हो ।

विक्रम सम्वत् १९३१ सालको एक टिपोट अनुसार यो पैल्हा जङ्गी पल्टनमा अफिसर १ र अरू जवानहरू समेत गरी शुरुमा जम्मा ६१२ जवान थिए ।

यो पैल्हा जङ्गी पल्टन खास कुनै युद्धमा होमिएको कुरा युद्ध सेवाको रेकर्ड-मा भेटिएको छैन । वि.स. १९७९ सालमा यो पल्टनमा अफिसर ४ र अरू (सुवेदार, जमादार, हवल्दार, सिपाही, वानादार, फालवर र पीपाहरू) समेत गरी कुल संख्या ६१५ पुगेको देखिन्छ ।

(२७) दोश्रा जङ्गी पल्टन :

शुरुमा यो दोस्रा जङ्गी पल्टनमा कुल्ली ब्याटरीका जवानहरू भनी खडा गरिएको थियो । वास्तवमा यो दोस्रा जङ्गी पल्टन वि. सं. १९४८ सालमा खडा भएको थियो । पल्टन खडा हुँदा यसमा अफिसर २ र अरू समेत गरी जम्मा ८३२ जवान थिए ।

युद्ध सेवाको रेकर्डमा यो दोस्रा जङ्गी पल्टनले कुनै लडाइँ लडेको उल्लेख भेटिन्न । वि.सं. १९७९ सालमा अफिसर ४ र अरू समेत गरी यो पल्टनमा जम्मा ५४१ थिए भन्ने बुझिन्छ ।

(२८) कालीदल पल्टन :

यो कालीदल पल्टन नेपालका पुराना पल्टनहरू मध्ये एक हो । पहिलो पटक यो कालीदल पल्टन विक्रम सम्वत् १९१२ सालमा खडा भएको हो । केही समय-पछि यो पल्टन खारेजीमा पऱ्यो । त्यसपछि वि.सं. १९३९ सालमा फेरि दोस्रो पटक यो कालीदल पल्टन खडा भएको देखिन्छ ।

यो कालीदल पल्टनको युद्ध-सेवाको रेकर्डमा यसले वि.सं. १८४२ र १८४३ सालमा चौबीसे राज्यहरूसंग भएको युद्धमा पाल्पा, कास्की आदि ठाउँमा लडेको देखिन्छ । खडा हुनुभन्दा अगाडि यो पल्टनले कसरी पाल्पा, कास्की आदि ठाउँमा लडाइँ गऱ्यो भन्ने शङ्का उठ्दछ । तर यो पल्टन नेपालको राष्ट्रिय एकीकरण प्रक्रि-यामा धेरैअघि सम्मिलित हुँदै आएको हुँदा यसको विधिवत् स्थापना धेरैपछि भएको देखिए पनि यसको काम इतिहासमा अद्भुत देखिन्छ । त्यस्तै वि.सं.

१८७१–७२ सालमा यो पल्टनले ईष्ट इण्डिया कम्पनीसंगको युद्धमा जैटकको रणमैदानमा वीरतापूर्वक साम्राज्यवादी फौजलाई परास्त गराएको थियो ।

वि.सं. १९३९ सालमा यो कालीदल पल्टनमा अफिसर ३ र अरू जवानहरू-समेत गरी कुल ६२३ जना थिए । वि.सं. १९७९ सालमा यो कालीदल पल्टनमा त्यो संख्या ८७७ पुगेको टिपोटबाट देखिन्छ ।

(२९) रण शाह पल्टन :

यो रण शाह पल्टन धेरै पुरानो पल्टन हो । यसको स्थापना विक्रम सम्वत् १८४३ सालमा भएको हो । यो पल्टनले वि.सं. १८६३ सालमा गढवालसंगको लडाइँमा ठूलो पराक्रम देखाएको थियो । सोही सालमा काँगडासंगको युद्धमा बहादुरी प्रदर्शित गरेको थियो । वि.सं. १८६७ सालमा यो रण शाह पल्टन दार्सामा तैनात गरिएको थियो । सोही सालमा पंथजरामा भएको लडाइँमा यसले विजय हासिल गरेको थियो ।

वि.सं. १८९८ सालमा यो रण शाह पल्टनमा अफिसर १ र अरू समेत गरी जम्मा १४३ जना मात्र थिए ।

वि.सं. १९०२ सालमा यो रण शाह पल्टन डोटीको जोरायल भन्ने ठाउँमा तैनात गरिएको थियो ।

यो रणशाह पल्टनमा वि.सं. १९१६ सालमा जम्मा १२९ जवान मात्र थिए भने सो संख्या वि.सं. १९७९ सालमा १४२ रहेको टिपोटबाट देखिन्छ ।

(३०) शार्दूल जङ्ग पल्टन :

शार्दूल जङ्ग पल्टन नेपालको बहुतै पुरानो ऐतिहासिक पल्टन हो । आफ्नो ऐतिहासिक वेशभूषा कायम गर्ने पल्टन मध्ये यो पनि एक हो । यो शार्दूल जङ्ग पल्टनको स्थापना वि.सं. १८५६ सालमा भएको थियो यो पल्टनले वि.सं. १८७१-७२ सालको लडाइँमा ईष्ट इण्डिया कम्पनीको साम्राज्यवादी सेनालाई जैटकमा परास्त गराएको थियो ।

वि.सं. १८९८ सालमा शार्दूल जङ्ग पल्टनमा जम्मा अधिकृत १ र जवानहरू गरी जम्मा १४३ जवान थिए भन्ने कुरा पुराना टिपोटबाट देखिन्छ । सो संख्या वि.सं. १९१६ साल र वि.सं. १९७९ सालमा पनि कायम रहेको देखिन्छ ।

यो ऐतिहासिक शार्दूल जङ्ग पल्टन वि.सं. १९०३ सालदेखि बडा गुरूज्यू-कहाँ रहने गरेको थियो ।

धार्मिक समारोहहरू जस्तो रातो मत्स्येन्द्रको रथ आरोहण, ताप्ने,नरिवल खसाल्ने र भोटो देखाउने आदि समयमा आफ्नै परम्परागत वेशभूषा लगाउने यो शार्दूल जङ्ग पल्टन अझै उपस्थित रहने गरेको देखिन्छ ।

(३१). सम्सर जङ्ग पल्टन :

यो सम्सर जङ्ग पल्टन विक्रम सम्वत् १८६१ सालमा खडा भएको पल्टन हो । यो पल्टनको युद्ध सेवाको टिपोट फेला परेको छैन ।

वि.सं. १८९८ सालमा अफिसर १, अरू समेत जम्मा यस पल्टनमा १५३ जवान भएको टिपोटबाट देखिन्छ । वि.सं. १९१६ मा यो पल्टनमा १४३ जवान र वि.सं. १९७९ मा १९४ जवानहरू भएको कुरा पुराना टिपोटबाट बुझिन्छ ।

(३२) बटुक दल :

यो बटुक दल पल्टन विक्रम सम्वत् १८६१ सालमा खडा भएको पल्टन हो । यसको पनि युद्ध-सेवाको टिपोट फेला पार्न सकिएको छैन ।

विक्रम सम्वत् १८९८ सालमा यो बटुक दल पल्टनमा अफिसर २ र अरू समेत गरी जम्मा २६७ जवानहरू भएको कुरा पुराना टिपोटबाट बुझिन्छ ।

यो बटुक दल पल्टन वि.सं. १८९९ सालदेखि काठमाडौं उपत्यकाभित्र पस्ने नाका चीसापानी गढीमा तैनात गरिएको थियो ।

वि.सं. १९१६ मा यो बटुक दलमा अफिसर र जवानहरू गरी जम्मा २७८ भएको टिपोटबाट देखिन्छ । त्यसपछि वि.सं. १९७९ मा यो पल्टनमा अफिसर र जवानहरू गरी जम्मा ३५२ थिए भन्ने बुझिन्छ ।

(३३) दुर्गा बक्स पल्टन :

यो दुर्गा बक्स पल्टन पनि एक पुरानो पल्टन हो । यसको स्थापना वि. सं. १८४३ सालमा भएको हो ।

नेपालको राष्ट्रिय एकीकरणको अभियानमा यो दुर्गा बक्स पल्टनको ऐतिहासिक भूमिका रहेको हो । यो पल्टनले वि.सं.१८४३मा चौबीसे राज्यहरूसंगको लडाईं मा प्यूठान र कास्की जित्नमा ठूलो योगदान दिएको हो । वि.सं. १८७२ मा ईष्ट इण्डिया कम्पनीको फौजलाई वारागडीमा यो पल्टनले हराएको हो ।

वि.सं. १८९८ सालमा यो दुर्गाबक्स पल्टनमा अफिसर १ र अरू समेत गरी जम्मा १४४ जवानहरू थिए । वि.सं. १९०५ सालदेखि यो पल्टन काठमाडौंको कुमारीचोकमा रहेको थियो ।

वि.सं. १९११–१२ को नेपाल–तिब्बत युद्धमा यो दुर्गाबक्स पल्टन केरुङ्ग-मा तैनात थियो, जहाँ यसले ठूलो बहादुरी देखाई विजयपताका फहराएको हो ।

वि.सं. १९१६ सालमा यो दुर्गाबक्स पल्टनमा अफिसर १ र अरू समेत गरी १३० जवान थिए भने वि. सं. १९७९ मा त्यो संख्या ११२ रहेको पुराना टिपोटले बताउँछन् ।

(३४) नरायण दल पल्टन :

पुराना ऐतिहासिक सामग्रीहरूको अध्ययनबाट यो ऐतिहासिक नारायण दल पल्टन विक्रम सम्वत् १८९३ सालभन्दा अगाडि नै खडा भएको बुझिन्छ ।

वि.सं. १८९८ सालमा नारायण दल पल्टनमा अफिसर ३ र अरू समेत गरी जम्मा ४३१ जवान रहेको पुराना टिपोटले देखाउँछन् ।

वि.सं. १९०२ सालमा यो नारायण दल पल्टन पोवागढीमा तैनात गरिएको थियो । वि.सं. १९११–१२ को नेपाल–तिब्बत युद्धमा यो नारायण दल पल्टनले वलाङचुङगोलामा ठूलो पराक्रम देखाएको हो ।

वि.सं. १९१६ मा यो नारायण दल पल्टनमा अफिसर १ र अरू समेत गरी जम्मा २८५ जना र वि.सं. १९७९ सालमा २७६ जवानहरू भएको कुरा पुराना टिपोटबाट देखिन्छ ।

(३५) गोरख बक्स पल्टन :

यो गोरखबक्स पल्टन पनि एक पुरानो पल्टन हो । यसको स्थापना वि.सं. १८७० मा भएको हो ।

खडा भएको १ वर्षपछि नै अर्थात् वि.सं. १८७१–७२ सालमा यो गोर बक्स पल्टनले ईष्ट इण्डिया कम्पनीको साम्राज्यवादी फौजलाई मकवानपुरमा हराएर भगायो ।

विक्रम सम्वत् १८९८ सालमा गोरखबक्स पल्टनमा अफिसर १ र अरू समेत गरी कुल २९५ जवानहरू रहेको बुझिन्छ ।

यो गोरखबक्स पल्टन वि.सं.१९०२ सालदेखि जयपुरगढीमा तैनात गरि-एको थियो ।

वि.सं. १९११–१२ सालको नेपाल–तिब्बत युद्धका वखत यो गोरखबक्स पल्टनले वलाङचुङगोलामा ठूलो पराक्रम देखायो ।

वि.सं. १९१६ मा यो गोरखबक्स पल्टनमा जम्मा २४४ जवान थिए भने वि.सं. १९७९ सालमा १२३ जना मात्र रहेको कुरा पुराना टिपोटले बताउँछन् ।

(३६) नयाँ श्रीनाथ पल्टन :

(१) स्थापना साल:– वि. सं. १८४२

(२) तैनात रहेको स्थान र साल:– इलाम, वि. सं. १९०२ देखि

(३) युद्ध–सेवा :–

युद्धको नाम	लडेको ठाउँ	लडेको साल
(क) पाल्पासंग युद्ध	पाल्पा	वि.सं. १८४२
(ख) प्यूठानसंग युद्ध	प्यठान	वि. सं. १८४४
(ग) काँगडासंगको युद्ध	काँगडा	वि. सं. १८६३
(घ) नेपाल–तिब्बत युद्ध	वलाङचुङ	वि. सं. १९११–१२

(४) कुल संख्या (पुरानो टिपोट अनुसार):–

साल	जवान संख्या
वि. सं. १८९८	२१९
वि. सं. १९१६	२६३
वि. सं. १९७९	५७७

(३७) सबूज पल्टन :

(१) स्थापना साल :– वि. सं. १८१९ मा सबूज कम्पनीको रूपमा स्थापित ।
वि. सं. १८६९ मा सबूज पल्टनको रूपमा स्थापित ।

(२) युद्ध–सेवा :–

युद्धको नाम	लडेको ठाउँ	लडेको साल
(क) ईष्ट इण्डिया कम्पनीसंगको युद्ध	पौवागढी	वि. सं. १८२४
(ख) चौबीसे राज्यसंगको युद्ध	नुवाकोट	वि. सं. १८४२
(ग) चौबीसे राज्यसंगको युद्ध	कास्की	वि. सं. १८४३
(घ) चौवीसे राज्यसंगको युद्ध	प्यूठान	वि. सं. १८४३
(ङ) ईष्ट इण्डिया कम्पनीसंगको युद्ध	बुटवल	वि. सं. १८७१–७२
(च) नेपाल–तिब्वत युद्ध	कुती	वि. सं. १९११–१२

(छ) सिपाही द्रोह
(Sepoy Mutiny) लखनउ वि. सं. १९१४–१५

(ज) ग्यारिजन ड्यूटी
(Grrison Duty) देहरादून वि. सं. १९७२–७५

(३) कुल जवान संख्या (पुरानो टिपोट बमोजिम):–

साल	जवान संख्या
वि. सं. १८९८	१४१०
वि. सं. १९१६	७३३
वि. सं. १९७९	७०४

(३८) बरख पल्टन:

(१) स्थापना साल:– वि. सं १८४२। तैनात:– वि. सं. १८६७ मा कुमाउ,
वि. सं. १९०२ मा डोटी ।

(२) युद्ध–सेवा

	युद्धको नाम	लडेको ठाउँ	लडेको साल
(क)	चौबीसे राज्यसंगको युद्ध	पाल्पा	वि. सं. १८४२
(ख)	चौबीसे राज्यसंगको युद्ध	प्यूठान	वि. सं. १८४३
(ग)	गढवालसंगको युद्ध	गढवाल	वि. सं. १८६३
(घ)	सीरमौरसंगको युद्ध	काँगडा	वि. सं. १८६३
(ङ)	ईष्ट इण्डिया कंपनीसंगकोयुद्ध	जैटक र नालापानी	वि. सं. १८७१–७२
(च)	नेपाल–तिब्बत युद्ध	मुस्ताङ्ग	वि. सं. १९११–१२
(छ)	सिपाही–द्रोह (Sepoy Mutiny)	लखनउ	वि. सं. १९१४–१५
(ज)	ग्यारिजन ड्यूटी (Garrison Duty)	देहरादून	वि. सं. १९७२–७५

(३) संख्या–तथ्याङ्क (पुरानो टिपोट बमोजिम) –

साल	जवान संख्या
वि. सं. १८९८	७१५
वि. सं. १९१६	७५८
वि. सं. १९७९	७५

(३९) इन्द्रध्वज पल्टनः

(१) स्थापना सालः– विक्रम सम्वत् १९१२ साल ।

(२) तैनात रहेको स्थान र सालः– पाल्पा, वि. सं. १९१२ देखि ।

(३) युद्ध–सेवाः (नोटः– इन्द्रदल नामक कम्पनीले काँगडासंगको युद्धमा पन्थजरामा लडेको थियो भन्ने एक रेकर्ड देखिन्छ ।)

(४) संख्या–तथ्याङ्क (पुरानो टिपोटको आधारमा):–

साल	जवान संख्या
वि. सं. १९१६	५६५
वि. सं. १९७९	५६५

(४०) तारादल पल्टनः

(१) स्थापना सालः– विक्रम सम्वत् १८६२ साल ।

(२) तैनात रहेको स्थान र सालः– प्यूठान, वि. सं. १९०२ सालदेखि ।

(३) युद्ध–सेवाः–

युद्धको नाम	लडेको ठाउँ	लडेको साल
(क) सिरमौरसंगको युद्ध	काँगडा	वि. सं. १८६३
(ख) नेपाल–तिब्बत युद्ध	हुम्ला	वि. सं. १९१२

(४) अधिकृत जवान (तथ्याङ्क, पुराना टिपोटबाटः):–

साल	जवान संख्या
वि. सं. १८९८	५१
वि. सं. १९१६	४२९
वि. सं. १९७९	१४३

(४१) भुवानीदल पल्टनः

(१) स्थापना सालः– विक्रम सम्वत् १९०१ साल

(२) तैनात रहेका स्थान र समयः–

स्थान	साल
ठोरी	वि. सं. १९३१–१९४९
पाल्पा	वि. सं. १९४२

(३) जवान संख्या (टिपोट अनुसार):-

साल	जवान संख्या
वि. सं. १९०३	१४०
वि. सं. १९१६	१४०
वि. सं. १९७९	६१२

(४२) भवानीबक्स पल्टन:

(१) खडा भएको साल:- विक्रम सम्वत् १८४३ साल।

(२) तैनात रहेको ठाउँ र सम्वत्:- दुल्लु, वि. सं. १९०२ साल।

(३) युद्ध-सेवाको रेकर्ड:-

युद्धको नाम	लडेको वा खटिएको ठाउँ	लडेको साल
(क) चौबीसे राज्यसंगको लडाईं	कास्की	वि. सं. १८४३
(ख) चौबीसे राज्यसंगको लडाईं	प्यूठान	वि. सं. १८४३
(ग) काँगडासंग युद्ध	काँगडा	वि. सं. १८६३
(घ) नेपाल-तिब्बत युद्ध	हुम्ला	वि. सं. १९११-१२

(४) जवान संख्या (पुरानो टिपोट बमोजिम):-

साल	जवान संख्या
वि. सं. १८९८	१४४
वि. सं. १९१६	१४१
वि. सं. १९७९	१४३

(४३) ज्वाला दल पल्टन:

(१) खडा भएको साल:- विक्रम सम्वत् १८६३ साल

(२) तैनात रहेको ठाउँ र सम्वत्:-

तैनात रहेको ठाउँ	साल
दुल्लु	वि. सं. १८६७
दैलेख	वि. सं. १९०२

(३) युद्ध-सेवाको रेकर्ड:-

युद्धको नाम	लडेको वा खटिएको ठाउँ	लडेको साल
(क) काँगडासंगको लडाईं	काँगडा	वि. सं. १८६३

(ख) १२ ठकुराईसंगको लडाई	पंथजरा	वि. सं. १८६७
(ग) नेपाल–तिब्बत युद्ध	हुम्ला	वि.सं. १९११–१२

(४) जवान (अधिकृत समेत) संख्या (पुराना टिपोट अनुसार):–

साल	जवान संख्या
वि. सं. १८९८	१७१
वि. सं. १९१६	१४६
वि. सं. १९७९	१४७

(४४) कालीजङ्ग पल्टनः

(१) खडा भएको वर्षः– विक्रम सम्वत् १८६२ साल ।
(वि. सं. १९७६ सालमा रणभीम पल्टन खडा भई यसैमा गाभिएको थियो ।)

(२) तैनात रहेको ठाउँ र वर्षः–

तैनात रहेको ठाउँ	तैनात रहेको साल
प्यूठान	वि. सं. १८६७ साल
सल्यान	वि. सं. १९०२ साल

(३) युद्ध–सेवाको रेकर्डः–

युद्धको नाम	लडेको वा खटिएको ठाउँ	लडेको साल
(क) १२ ठकुराईसंगको युद्ध	पंथजरा	वि. सं. १८६७
(ख) नेपाल-तिब्बत युद्ध	हुम्ला	वि.सं. १९११–१२
(ग) भारतीय 'सिपाहीद्रोह'	अलमोडा	वि. सं. १९१४–१५

(४) जवान (अधिकृत समेत) संख्याः–

साल	संख्या
वि. सं. १८९८	२९३
वि. सं. १९१६	३०१
वि. सं. १९७९	४९८

(४५) चन्दननाथ पल्टनः

(१) खडा भएको वर्षः– विक्रम सम्वत् १८४३ साल ।

(२) तैनात भएको ठाउँ र वर्षः–

तैनात रहेको ठाउँ	तैनात रहेको साल
जुम्ला	वि. सं. १९०२ साल

(३) युद्ध–सेवाको रेकर्डः–

लडाईको नाम	लडेको वा खटिएको ठाउँ	लडेको साल
(क) १२ ठकुराईसंगको लडाई	पंथजरा	वि. सं. १८६७
(ख) नेपाल–तिब्बत युद्ध	हुम्ला	वि. सं. १९११–१२

(४) जवान (अधिकृत सहित) संख्या (पुराना टिपोट बमोजिम):–

साल	संख्या
वि. सं. १८९८	४३३
वि. सं. १९१६	३०१
वि. सं. १९७९	१७३

(४६) अरिदमन पल्टनः

(१) खडा भएको वर्षः– विक्रम सम्वत् १८६२ साल।

(२) तैनात भएको ठाउँ तैनात भएको वर्ष

कुमाउ	वि. सं. १८६७
बैतडी	वि. सं. १९०२

(३) युद्ध–सेवाको रेकर्डः–

युद्धको नाम	लडेको वा खटिएको ठाउँ	लडेको वर्ष
(क) १२ ठकुराईसंगको युद्ध	पंथजरा	वि. सं. १८६७
(ख) नेपाल–तिब्बत युद्ध	हुम्ला	वि. सं. १९११–१२

(४) जवान (अधिकृत समेत) संख्याः–

साल	संख्या
वि. सं. १८६८	१४३
वि. सं. १९१६	१४२
वि. सं. १९७९	१४१

(४७) भैरवीदल पल्टनः

(१) खडा भएको वर्षः– वि. सं. १९३७ साल।

(२) तैनात भएको ठाउँः– पश्चिम १ नं. जिल्ला
(हालको नुवाकोट जिल्ला) ।

(३) जवान (अधिकृत समेत) संख्याः–

साल	संख्या
वि. सं. १९३७	१६२०
वि. सं. १९७९	१०७९

नोटः–

यो भैरवीदल पल्टन एक पुरानो टिपोट बमोजिम एक पटक वि.सं. १९०३ सालअगाडि नै खडा भएको देखिन्छ । सम्भवतः एक पटक खारेज भै दोश्रो पटक वि. सं. १९३७ मा पुनः खडा भएको हो भन्ने बुझिन्छ । यो एक मिलेसिया पल्टन थियो । त्यस्तै भैरवीप्रसाद पल्टन नाउँको अर्को मिलेसिया पल्टन वि. सं. १९३७ मै खडा भै तिनताका पश्चिम २ नम्बर जिल्लामा रहेको थियो ।)

(४८) श्रीजङ्ग पल्टनः

(१) खडा भएको तिथिः– विक्रम सम्वत् १८४२ साल ।

(२) युद्ध–सेवाको रेकर्डः–

युद्धको नाम	लडेको वा खटिएको ठाउँ	लडेको वर्ष
(क) चौबीसे राज्यसंगको युद्ध	नुवाकोट	वि. सं. १८४२
(ख) चौबीसे राज्यसंगको युद्ध	कास्की	वि. सं. १८४३
(ग) चौबीसे राज्यसंगको युद्ध	प्यूठान	वि. सं. १८४३
(घ) ईष्ट इंण्डिया कंपनीसंगको युद्ध	विजयपुर	वि.सं. १८७१–७२
(ङ) नेपाल–तिब्बत युद्ध	वलाङ्चुङ्	वि.सं. १९११–१२

(४) अधिकृत जवान तथ्यांक (पुरानो टिपोट अनुसार):–

साल	संख्या
वि. सं. १८९८	२६४
वि. सं. १९१६	४८८
वि. सं. १९७९	४००

(४९–५५) केही अरू पल्टनः

पल्टनको नाम	खडा भएको साल	अधिकृत संख्या	अन्य जवान	तैनात भएको ठाउँ
४९. शिव दल	वि.सं. १९३७	४	१६१६	पूर्व १ नम्बर
"		(वि.सं. १९७९) ४	१०७५	
५०. काली दल	वि.सं. १९३७	४	१६१६	पूर्व २ नम्बर
"		(वि.सं. १९७९) ४	१०७५	
५१. विष्णु दल	वि.सं. १९३७	४	१६१६	पूर्व ३ नम्बर
		(वि.सं. १९७९) ४	१०७५	
५२. गडुलध्वज	वि.सं. १९३७	४	१६१६	पूर्व ४ नम्बर
"		(वि.सं. १९७९) ४	१०७५	
५३. भैरवी प्रसाद	वि सं. १९३७	४	१६१६	पश्चिम २ नम्बर
"		(वि.सं. १९७९) ४	१०७५	
५४ खड्गदल	वि.सं. १९३७	४	१६१६	पश्चिम ३ नम्बर
"		(वि.सं. १९७९) ४	१०७५	
५५. चण्डी प्रसाद	वि.सं. १९३७	४	१६१६	पश्चिम ४ नम्बर
		(वि.सं. १९७९) ४	१०७५	

(५६–५८) रिसल्ला, खच्चड र छ्यासकमानीः

पल्टनको नाम	खडा भएको साल	अधिकृतसंख्या	अन्य संख्या	युद्ध सेवा
५६. रिसल्ला	वि. सं. १९२०	५ (वि.सं. १९७९)	१३९ (वि. सं. १९७९)	
५७. खच्चड पल्टन	वि. सं. १९३०			
म्यूल पल्टन	वि. सं. १९४८			
खच्चड पल्टन	वि. सं. १९६०	२	१४६	
"		१ (वि. सं. १९७९)	१०८ (वि. सं. १९७९)	कुतो, तिब्बत
५८. छ्यासकमानी	वि. सं. १९११			
"		६ (वि. सं. १९१६)	८३५	
"		४ (वि. सं. १९७९)	६२०	

(५९) भैरवप्रसाद गुल्मः

श्री ५ महाराजाधिराज सुरेन्द्र विक्रम शाहको राज्यकालमा विभिन्न जिल्लाहरूमा पनि सैनिक कम्पनीहरू खडा गराउने क्रममा वि.सं. १९३७ सालमा भैरवप्रसाद गुल्म खडा गरिएको हो ।

यस पल्टनको संगठन त्यस समय पचास जवानहरूबाट शुरू भई पाले कम्पनीको रूपमा रही पछि पचहत्तर जवानको गुल्म कायम भएको र त्यसपछि नब्बे जवानका दरले तीन महीने दुइसय सत्तरी नयाँ भर्ना कार्तिकदेखि पौषसम्म र माघदेखि चैत्रसम्मको लागि भर्ना गर्ने नियम थियो । वैशाख र जेष्ठमा दुइ महीने नब्बे जवानका दरले भर्ना गरी अरू समय भइरहेका "पाले कम्पनी" तथा "बढी" नाममा परिणत भइरहेका पुरानावाटै काम लिइने नियम थियो ।

यस भैरवप्रसाद गुल्मका शाखा गोर्खा जिल्लाको पूर्वी भाग मकैसिङ र गोरखाको उत्तरी भाग भच्च्याकमा समेत थिए जसलाई छोटी जङ्गी परेड भनिन्थ्यो, जब कि मूल जङ्गी परेड चाहिं गोरखाको सदर मुकाममा रहेको भैरवप्रसाद गुल्मलाई नै भनिन्थ्यो । छोटी जङ्गी परेडहरूमा पनि लेफ्टिनेण्ट सहितका तीस जवानको दरबन्दी र तीन महीने जवानहरूका पनि भर्ना लिइने गरिएको थियो ।

गोरखाका सदर मुकामको मूल जङ्गी परेडमा जिल्लाको बडाहाकिम क्याप्टेन-वाट जिल्लाको प्रशासन र साथै गुल्ममा तैनाथ चल्ने हुँदा - ऐटन १, सुबेदार ५, कोते १, राइटर १, जमदार २, हुद्दा ७, सिपाही १२५, बानादार ५, सीकर्मी १, कालीगढ २ र मेग्चने २ समेतको दरबन्दी कायम भएको थियो ।

२००७ साल माघबाट तीन महीने खारेज भई बढी दरबन्दी पाले कम्पनीमात्र बाँकी रही २०१५ साल श्रावण १ गते मिलिसियाको पुनर्गठन हुँदा पैंतालीस जवानको दरबन्दी कायम भई मकसिङ र भच्च्याकका छोटी जङ्गी परेडहरू खारेज गरिए ।

२०२० साल माघ १ गतेदेखि मिलिसिया पुनर्संङ्गठन भै शाही सेनामा परिणत भयो । हाल यसलाई भैरवप्रसाद हिमाली व्यारेक गुल्मको नामबाट पुकारिन्छ । यस गुल्मको वार्षिकोत्सव पौष २७ गते पृथ्वी जयन्तीकै दिन पर्दछ ।

पल्टनहरू : थप जानकारी

१. वि. सं. १८४३ मा कास्की, गुल्मी आदि सर गर्ने पल्टनहरू यी थिए:-
(क) श्रीनाथ कम्पनी (ख) सबुज कम्पनी (ग) बरख कम्पनी (घ) श्रीजंग कम्पनी (ङ) रणभीम कम्पनी (च) नयाँ गोरख (छ) पुरानु गोरख (ज) श्री मेहर कम्पनी (झ) भवानी बक्स (ञ) दुर्गा बक्स (ट) रामदल कम्पनी ।

२. वि. सं. १८४३ मा दुल्लु, पर्वत, प्यूठान, सल्यान आदि सर गर्ने पल्टनमा यी पनि थिए:-
(क) श्रीनाथ कम्पनी (ख) कालीदल कम्पनी (ग) सबुज कम्पनी (घ) बरख कम्पनी (ङ) श्रीजंग कम्पनी (च) रणभीम कम्पनी (छ) नयाँ गोरख (ज) श्रीमेहर कम्पनी (झ) भवानी बक्स (ञ) रामदल कम्पनी।

३. वि. सं. १८४८ मा कुमाउ हान्न खटिएका पल्टनहरूमा यी पनि थिए:-
(क) नयाँ गोरख कम्पनी (ख) पुरानु गोरख कम्पनी (ग) बरख कम्पनी
(घ) रामदल कम्पनी (ङ) रणबमदल कम्पनी (च) रणशाहदल कम्पनी
(छ) ज्वालादल कम्पनी (ज) कृष्णदल कम्पनी (झ) शार्दूल जङ्ग कम्पनी

४. वि. सं १८६२ मा तारागढीमा युद्ध गर्ने पल्टन यी थिए:-
(क) पुरानु गोरख कम्पनीं (ख) बज्रवानी कम्पनी (ग) नयाँ सबुज कम्पनी (घ) शत्रुमर्दन कम्पनी ।

५. श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका समयका खास केही पल्टनहरू यी थिए:-
(क) शार्दूल जङ्ग (ख) गोरख (ग) श्रीनाथ (घ) बज्रवाणी (ङ) सबुज
(च) नयाँ गोरख (छ) कालीबक्स

६. श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका समयमा जङ्गी तथा निजामती मिश्रित मर्यादाक्रमका दर्जा निम्नबमोजिम थिए:–

(क) चौतरिया (ख) काजी (ग) बक्सी (घ) सरदार (ङ) गौरूँ (च) सुवेदार (छ) कपरदार (ज) नजिकी (झ) जेठा बुढा (ञ) उमराव (ट) हुद्दा (ठ) सिपाही (ड) नगार्ची।

नोट:– हातहतियार बनाउने कार्यशाला वा म्यागजिनको हाकिमलाई कपरदार भनिन्थ्यो। जिल्लाको हाकिमलाई उमराव भनिन्थ्यो। केही गाउँको सैनिक अख्तियारी लिएको व्यक्ति सुवेदार भनिन्थ्यो। हालको जमादार सरहको तालीम दिने प्रशिक्षकलाई अजिटन वा जेठा बुढा भनिन्थ्यो। तिनताका कमाण्डिङ जनरलको काम काजीले गर्थे; कमाण्डिङ कर्णेलको काम सरदारबाट हुन्थ्यो।

७. श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट नेपालको राष्ट्रिय एकीकरण गर्ने महान् अभियान शुरूगर्दा मौसूफको सेनाको संख्या ५०,००० थियो।

८. विक्रम सम्वत् १८६३।६४ तिर नेपाली सेनाले सतलज नदी पार गरी जितेका बान्ह ठकुराई (स-साना राज्यहरू) यी थिए:–

(क) किमठुल (ख) बघाट (ग) कुस्नुर (घ) कुघ्यार (ङ) भन्जि (च) धामी (छ) वागल (ज) मिवे (झ) कोटी (ञ) जसरिधा (ट) कोटी गुरू (ठ) छवासन।

९. मुख्त्यार भीमसेन थापाले नेपाली सेनालाई तालीम दिन केही फ्रेञ्च विशेषज्ञ झिकाएका थिए जसको निर्देशनमा काठमाडौं धरहराको म्यागजिनमा हरेक दिन २७ बन्दूकहरू र ४ तोपहरू बन्दथ्यो।

१०. नालापानीगढीमा वि. सं. १८७१ मा अंग्रेजी सेनासँग लड्न वलभद्र कुँवर, सुब्बा चन्द्रवीर थापा, सरदार रिपुमर्दन थापा, सुब्बा नाथु माझीसँग गएका पल्टनहरू यी थिए:–

(क) काली दल (ख) पुरानो गोरख (ग) बरख।

११. वि. सं. १८७१ मा नहानमा अंग्रेजी सेनासंग लड्न खटिएका काजी जसपाउ थापा, काजी रणदीप सिंह बस्न्यात, काजी अजम्बर सिंह पन्थ, काजी रणजोर थापा, सुवेदार अनुरूप घर्ती आदिसंग यी कम्पनीहरू थिए:–

(क) बरख कम्पनी (ख) शार्दूलजङ्ग कम्पनी (ग) कृष्णदल कम्पनी (घ) गोरख कम्पनी।

सो नाहानस्थित नेपाली फौजमा –(क) बहादुर राना, (ख) अभिमान अधिकारी,(ग) जबद आले, (घ) जमान सिंह कार्की, (ङ) बन्धु नगरकोटी आदि समेत सम्मिलिति थिए ।

१२. विक्रम सम्वत् १९०१ सालसम्म ११ तालीमे पल्टनहरू थिए । जनरल माथवर सिंहले यी ५ पल्टनहरू थपे:–

(क) राज दल (ख) महेन्द्र दल (ग) कालीप्रसाद (घ) सर्वध्वज (ङ) रणप्रिय दल ।

यसैले सेनाको कुल संख्या त्यसबखत ११,६४४ पुगेको थियो ।

१३. हनुमानदल पल्टन विक्रम सम्वत् १८९१ सालमा खडा भएको थियो । यसले निशान काठमाडौंको हनुमान ढोकाको हनुमानमा चढाएको थियो ।

१४. जनरल भीमसेन थापाले नेपाली सेनाको संख्या (तालीम प्राप्त कंपु) ८,००० पुऱ्याएका थिए ।

१५. जनरल माथवर सिंह थापाको समयमा तालीम प्राप्त कंपु पल्टनहरूमा ११,६४४ पुगेका थिए । पहाड र तराईका विभिन्न जिल्लाहरूमा खडा भएका २७ मिलिसिया पल्टनहरूमा जम्मा १०,६७२ जवान (अफिसरदेखि वानादारसम्म) पुगेका थिए । यसैले तिनताका नेपाली फौजको संख्या कुल २२,३१६ थियो ।

१६. विक्रम सम्वत् १९०२ सालमा तपसिलका पल्टनहरू तपसिलका जनरल-हरूको मातहतमा राखिएको थियो:–

पल्टनको नाम	मातहतवाला जनरल
(क) कालीबक्स, (ख) पुरानो गोरख, (ग) देवीदत्त –	ज. जङ्गबहादुर कुँवर
(घ) श्रीनाथ (ङ) राजदल (च) महिन्द्र दल (छ) रामदल (ज) कालीप्रसाद (झ) शमशेर दल (ञ) लेटर	ज. गगन सिंह
(ट) नयाँ गोरख (ठ) सर्वध्वज –	ज. अभिमान सिं राना मगर
(ड) वज्रवाणी (ढ) शेर (ण) सिंहनाथ–	ज. चौ. फत्यजङ्ग शाह
(त) रणप्रिय दल–	काजी दलभञ्जन पाँडे

१७. वि. सं. १९०५ साल पौषमा थमौति भएका पल्टनहरू यी थिए :–

(क) बज्रवाणी (संख्या ५९०) (ख) पुरानु गोरख (संख्या ६३६)
(ग) कालीप्रसाद (संख्या ५९०) (घ) रणप्रिय दल (संख्या ५९०)
(ङ) सर्वध्वज (संख्या ५९०) (च) गणेशदल (संख्या ५९४)
(छ) रामदल (संख्या ५६८) ।

१८. विक्रम सम्वत् १९०९ सालमा कायम यी पल्टनहरू थिए :–

कंपु (तालीम प्राप्त) पल्टन ।	कम्पनी ।	मिलिसिया
(१) रैफल	(१) समरजङ्ग	(१) रणप्रिय दल
(२) लेटर	(२) शार्दूलजङ्ग	(२) सर्वध्वज
(३) राजदल	(३) दुर्गाबक्स	(३) महिन्द्रदल
(४) पुरानु गोरख	(४) रणसिंह दल	(४) देवीदत्त
(५) नयाँ गोरख	(५) रणशेर	(५) बटुकदल
(६) कालीबक्स	(६) भवानीबक्स	(६) बरख पल्टन
(७) बर्दवाणी		(७) सबुज पल्टन
(८) शमशेर दल		(८) शेर पल्टन
(९) कालीप्रसाद		(९) रणभीम
		(१०) रामदल
		(११) गणेशदल
		(१२) सिंहनाथ
		(१३) जगदल
		(१४) भैरवनाथ
		(१५) श्री भैरूङ
		(१६) तारादल

१९. वि. सं. १९११ सालको माघ महीनामा काठमाडौंको सदर टुंडिखेलमा २८,००० नेपाली सैन्यले भोटे बाकुस र दोचा लगाएर जङ्गी परेड गरेको थियो। तिनताका काठमाडौं आइराखेका ह्लासाका एक धर्मगुरूलाई नेपालको सैनिक शक्ति र युद्ध तयारी देखाउन यस प्रकारको परेड भएको बुझिन्छ। त्यसबखत श्री ३ जङ्गबहादुर राणाका माहिला छोरा रणजीत जङ्गको विवाह पनि परेको थियो।

ज. माथवर सिंहले १६पल्टन पुऱ्याएकोमा भोटसंग लडाइँ गर्न जङ्गबहादुरले ५० पल्टन खडा गरेथे ।

२०. वि. सं. १९२३ सालमा निम्न पल्टनहरू थिए:–

(क)पुराना पल्टन	(ख) राजदल कंपु	(ग) गोलन्दाज	(घ) दर्माहा	(ङ)मिलिसिया
१. श्रीनाथ	१. शमशेर दल	१. राजदल	१. जंगनाथ	१. श्री जंग (धनकुटा)
२. रैफल	२. काली-प्रसाद	२. महिन्द्रदल	२. नर्सिङदल	२. नयाँ श्रीनाथ (ईलाम)
३. काली बहादुर	३. भैरवनाथ	३. शेर	३. रुद्रध्वज	३. गोरखबक्स (उदयपुर)
४. महिन्द्र दल	४. गणेशदल	४. सबुज	४. सबुज	४. नारायण दल (सिंधुली)
५. कालीबक्स	५. शेर	५. होस्टरी		५. बरख (पाल्पा)
६. देवीदत्त	६. जगदल	६. रिसल्ला		६. इन्द्रध्वज (पाल्पा)
७. वर्द बहादुर	७. नयाँ गोरख			७. तारादल (प्यूठान)
				८. भवानी बक्स (सल्यान)
८. पुरानु गोरख				९. ज्वाला दल (दुल्लु, दैलेख)
९. सिंहनाथ				१०. बटुकदल (चिसापानी)
१०. गोरखनाथ				११. चन्दन-भैरव नाथ (जुम्ला)
११. छपासकामिनी				१२. रणभीम (डोटी)
१२. सूर्यदल				१३. अहिदमन (झुलाघाट)

२१. वि. सं. १९४० सालमा नेपाली पल्टनहरू विभिन्न डिभिजनहरूमा तपसिल बमोजिम बाँडियो :–

(१) पैदल पहिला डिभिजनमा – कालीबक्स, रैफल, नयाँ गोरख, गोरख, बर्दवाणी, देवीदत्त, बरख र जवरजङ्ग,

(२) पैदल दोस्रो डिभिजनमा– कालीबहादुर, श्रीनाथ, सबुज, नरसिंहदल, पुरानु गोरख, कालीप्रसाद, सिंहनाथ र सूर्यदल,

(३) पैदल तेस्रो डिभिजनमा– गणेशदल, शेर, भैरूङ, शमशेर, भैरव, जगदल, इन्द्रध्वज र रामदल,

(४) तोपखानमा– राजदल, महिन्द्रदल र बरख,

(५) रिसल्लामा– कालीदल र छ्यासकामिनी र

(६) जगेडामा– जंगी र जंगनाथ राखिएका थिए ।

२२. विक्रम सम्वत् १९६३ सालमा काठमाडौंमा आयोजना भएको सैनिक मार्च-पास्टमा तपसिलका पल्टनहरूका १९,५५६ अफिसर र जवानले भाग लिएका थिए :–

(१) रैफल	(२) कालीबक्स	(३) रामदल
(४) नरसिंह दल	(५) वर्दबहादुर	(६) नयाँ गोरख
(७) शमशेरदल	(८) सूर्यदल	(९) कालीबहादुर
(१०) पुरानु गोरख	(११) कालीप्रसाद	(१२) दोस्रा रैफल
(१३) गणेश दल	(१४) जगदल	(१५) जङ्गनाथ
(१६) श्रीनाथ	(१७) भैरवनाथ	(१८) देवीदत्त
(१९) गोरखनाथ	(२०) भैरूङ	(२१) जवरजंग
(२२) सिंहनाथ	(२३) शेर	(२४) सबुज
(२५) राजदल	(२६) महिन्द्रदल	(२७) पैल्ला जङ्गी
(२८) दोस्रा जङ्गी	(२९) होलियोग्राफ	(३०) पायनियर
(३१) रिसल्ला	(३२) खच्चड	(३३) बैण्ड

(३४) पूर्व १ नं. को मिलिसिया (३५) पश्चिम १ नं. को मिलिसिया

(३६) दलेल (नयाँ भर्ती)

केही पुराना पल्टनहरू : गठन-विघटन

पल्टनको नाम	खडा भएको साल	लडेको युद्ध	खारेज भएको साल
१. मेहर पल्टन	वि. सं. १८३२	नुवाकोट, कास्की, प्यूठान	
२. रणभीम पल्टन	वि. सं. १८४२	काँगडा, वंथजरा, सिरमौर	
३. शत्रुमर्दन पल्टन	वि. सं. १८६२	काँगडा	
४. त्रिपुरादल पल्टन	वि. सं. १८६५	ईष्ट इण्डिया कम्पनीसंग	
५. कृष्णदल पल्टन	वि. सं. १८७०		
६. वीरूदल पल्टन	वि सं. १८७१		
७. रूद्रध्वज पल्टन	वि. सं. १९१०	भोटसंगको युद्ध	वि. सं. १९३७
८. हिमालयध्वज पल्टन	वि. सं. १९११	"	वि. सं. १९१२
९. सर्वध्वज पल्टन	वि. सं. १९०१		
१०. रणप्रिय पल्टन	वि. सं. १९०१	भोटसंगको युद्ध	
११. यमदल पल्टन	वि. सं. १९११		वि. सं. १९१२
१२. सिंहदल पल्टन	वि. सं. १९११		वि. सं. १९१२
१३. देवीप्रसाद पल्टन	वि. सं. १९११		वि. सं. १९१२
१४. चन्द्रदल पल्टन	वि. सं. १९११		वि. सं. १९१२
१५. रणप्रसाद पल्टन	वि. सं. १९११		वि. सं. १९१२

पुनश्चः–

स-साना राज्यहरूलाई राष्ट्रिय एकताको सूत्रमा आवद्ध गराउने क्रममा र राष्ट्रिय स्वतन्त्रता एवं अखण्डताको संरक्षण गर्ने क्रममा भएको अनेकौं युद्ध र संघर्षमा आवश्यकतानुसार समय समयमा अनेकौं पल्टनहरू गठन भए, समयको फेरबदलको साथै केही पल्टन विघटन पनि भए । त्यस्ता समय समयमा गठन भै विघटन भएका कम्पनीहरूमा यी नामहरू उल्लेखनीय छन्:–

(१) गौरीबक्स कम्पनी
(२) श्रीबक्स कम्पनी
(३) युद्धदल कम्पनी
(४) खलकजीत कम्पनी
(५) भाइबक्स कम्पनी
(६) रणबम कम्पनी
(७) भीमदल कम्पनी
(८) रणदल कम्पनी
(९) रिपुमर्दन कम्पनी
(१०) सिद्धिदल कम्पनी
(११) बज्रदल कम्पनी
(१२) ईश्वरीदल कम्पनी
(१३) कुमारीदल कम्पनी
(१४) गुरूदल कम्पनी
(१५) केवलजङ्ग कम्पनी
(१६) शिवदल कम्पनी
(१७) बराहदल कम्पनी
(१८) बज्रनाथ कम्पनी
(१९) श्रीदल कम्पनी
(२०) संग्राम शार्दूल कम्पनी
(२१) सिंह शार्दूल कम्पनी
(२२) यशवन्धन कम्पनी
(२३) अहिखण्डन कम्पनी
(२४) अचलध्वज कम्पनी
(२५) विष्णुदल कम्पनी
(२६) श्रीप्रसाद कम्पनी
(२७) दलमर्दन कम्पनी
(२८) चण्डीवक्स कम्पनी
(२९) रणजीत कम्पनी
(३०) जयदल कम्पनी
(३१) बलसिन्धु कम्पनी
(३२) रविदल कम्पनी
(३३) इन्द्रबक्स कम्पनी
(३४) दुर्गादल कम्पनी
(३५) अकरध्वज कम्पनी
(३६) कोदारी कम्पनी (स्थापना वि. सं. १९६३)
(३७) रसुवाचौकी कम्पनी (स्थापना वि. सं. १९६३)
(३८) भैरवी कम्पनी (स्थापना वि. सं. १९०३ अघि)


विभिन्न समयमा गठन भै केही समयपछि विघटन भए तापनि यी तपसिलका कम्पनीहरूले समेत तपसिलका रणक्षेत्रमा लडेका थिए :–

कम्पनीको नाम	लडेको युद्धको नाउँ र ठाउँ
(१) चण्डीदल कम्पनी	काँगडाको युद्ध
(२) गुरूबक्स कम्पनी	ईष्ट इण्डिया कम्पनीसंगको युद्ध
(३) गोरखदल कम्पनी	भोटसंगको युद्ध
(४) नन्दबक्स कम्पनी	काँगडाको युद्ध, पंथजरा
(५) श्यामदल कम्पनी	ऐ ऐ
(६) नयाँ सबुज कम्पनी	ऐ ऐ
(७) समरसूर कम्पनी	ऐ ऐ
(८) रामबाण कम्पनी	ऐ ऐ
(९) ईश्वरी कम्पनी	ऐ ऐ
(१०) रणजङ्ग कम्पनी	ऐ ऐ
(११) नैनाबक्स कम्पनी	ऐ ऐ
(१२) भीमदल कम्पनी	ऐ ऐ
(१३) इन्द्रदल कम्पनी	ऐ ऐ
(१४) वीरभद्रजङ्ग कम्पनी	ऐ ऐ
(१५) जङ्गबहादुर (कम्पनी)	पंथजरा
(१६) देवदल कम्पनी	,,
(१७) गुरू गोरख कम्पनी	,,
(१८) अरिवैजन कम्पनी	,,
(१९) रणदल सिंह कम्पनी	भोटसंगको युद्ध
(२०) अर्जुनबाण कम्पनी	पंथजरा
(२१) हनुमानध्वज कम्पनी	,,
(२२) शमशेरजङ्ग कम्पनी	,,
(२३) रणशेर कम्पनी	ईष्ट इण्डिया कम्पनीसंगको युद्ध
(२४) देवीदल कम्पनी	भोटसंगको युद्ध
(२५) देवीबक्स कम्पनी	काँगडा
(२६) अमरदल कम्पनी	पंथजरा

नेपाली हातहतियार : एक पुरानो टिपोट

विक्रम सम्वत् १८१९ सालभन्दा अगाडि नेपाली हतियारहरूमा धनुषकाँड, पञ्च हतियार र २।४ नाल पत्थरकाला बन्दूकहरू नै मुख्य थिए। वि. सं. १८१९ सालमा मकवानपुरको लडाइँ फत्ते हुँदा गोरखाली फौजले ७०० नाल पत्थरकाला बन्दूकहरू हात लगाएको हो। पछि सिंधुली, पौवागढीका लडाइँहरूमा विजय प्राप्त गरेर वि. सं. १८२५–२६ सालमा काठमाडौं उपत्यका सर गर्दा पत्थरकाला बन्दूक १००० नाल र चारवटा तोपहरू थपिएको थियो। तर यसभन्दा अघि पनि उन्नाइसौं शताब्दिमा विदेशीहरूलाई नेपाल-प्रवेश सहज थिएन। नेपाल सरकारको आमन्त्रणमा अथवा नेपालमा बिजुली, जलशक्ति, टेलिफोन, रोपवे र अरू सुविधाको स्याहार-सम्भारको लागि कुनै विदेशी प्राविधिकको सेवा तत्कालीन नेपाल सरकारले आवश्यक ठहऱ्याएमा मात्र यूरोपीय वा अरू विदेशीको प्रवेश सम्भव हुन्थ्यो। तर उन्नाइसौं शताब्दिको शुरूमै एक फ्रेञ्च प्राविधिकलाई नेपाल सरकारले काठमाडौंमा एक हातहतियार कारखाना (Arsenal) जडान र सञ्चालन गर्न आमन्त्रित गरेको थियो भन्ने कुरा इतिहासकार पर्सिभल ल्याण्डनले आफ्नो 'नेपाल' भन्ने पुस्तकमा उल्लेख गरेका छन्। श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले पनि काठमाडौंमा हातहतियार तयार गर्ने कारखाना (Arsenal) मा एक फ्रेञ्च वैज्ञानिक फ्रान्सीस नेवील (Francis Neville) लाई काममा लगाइबक्सेको कुरा पर्सिभल ल्याण्डनले आफ्नो पुस्तक 'नेपाल' मा लेखेका छन्।

"Even earlier than this (ie, 1881 A.D.) Prithvi Narayan Shah enlisted the services of Francis Neville as head of the arsenal in Kathmandu. He is generally called a Frenchman, but as a matter of fact was a half-caste. He was assisted by another



जनरल गेह्रेन्द्र शमशेरद्वारा निर्मित मेशिनगन

श्री ५ महाराजाधिराज रणबहादुर शाहका राज्य समयमा चौतरिया बहादुर शाहले भारतको पटनामा बसेका एक फ्रेञ्च भिन्सेण्ट (Vincent) संग कुरा मिलाएर डिलबेन्सी (M. Dilbensee) नामक फ्रेञ्च इञ्जिनीयरलाई काठमाडौं-मा ल्याए। भिन्सेण्ट र डिलबेन्सीको मद्दतबाट काठमाडौंको टुकुचा खोलामा बोरिङ्ग गरी सोही पानीबाट चलाउने गरी एक म्यागजिन खडा भयो। साथै काठ-माडौंको लगनटोलमा तोपहरू ढलान हुनथाले। शुरुमा ६ हप्तासम्म प्रति दिन एक तोपका दरले तोप ढालियो पछि महीनाको १४ तोप भन्दा बढी ढालिन सकेन।

विक्रम सम्वत् १८४४ सालमा प्यूठान सर भएपछि प्यूठानमा असल साहो फलामको खानी निस्केको हुनाले त्यहाँ बन्दूकको नालहरू, पूर्जाहरू र बारूद बनाउने कारखाना खडा गरिएको थियो। प्यूठानबाट ल्याइएका बन्दूकका नालहरू काठमाडौं "टुकुचा पानी ढिकी कारखाना" (म्यागजिन) मा बोरिङ्ग गरी पत्थरकाला बन्दूकहरू तयार गर्ने काम हुन थाल्यो। यसरी नेपालमै फौजलाई चाहिने स्मूथ बोर (Smooth Bore) पाउण्डर, पाउण्डरका तोप र बमहरू, पत्थरकाला बन्दूकहरू बनेका थिए। यिनै हतियारबाट वि. सं. १८४० देखि वि. सं. १८६१ सम्म पूर्वतर्फ काजी स्वरूप सिंह कार्कीले किरात राज्यहरू सर गरे भने पश्चिमतर्फ काजी दामोदर पाँडे र चौतरिया बम शाह, काजी अमर सिंह थापा आदिले बाईसी चौबीसी राज्यहरू सर गरे। काजी अमर सिंह थापा, काजी नैन सिंह थापा आदिले कुमाउ, गढवाल, दून र गढवालदेखि सतलजसम्मका १२ ठकुराईहरू पनि सर गरे।

---

white, or semi-white man M. Dilbensee, and was making cannon on the river "Tookihur", a milesouth-east of Kathmandu. This is the stream Tukhucha which runs through and under the royal palace ground and finds its way into the Bagmati beside Thapathali. No magazine exists on its banks today. It is said that M. Dilbensee had with him a French Collegue whose name was Vincent."

–Perceval Landon, 'Nepal' Part II, p. 62

"There had been a crude kind of arsenal at work in the valley as early as 1770...."

Perceval Landon, 'Nepal' Vol. II, p. 189

महामात्य भीमसेन थापाका समयमा वि. सं. १८६२ देखि वि. सं. १८९४ सम्म प्यूठानमा बन्दूकको नाल र पूर्जाहरू बनाउने म्यागजिन र बारूदखानामा ४००।५०० कालिगढहरू काम गर्दथे। त्यस्तो म्यागजिनमा मुख्य प्राविधिज्ञलाई "खलिफा" भन्ने चलन थियो। "खलिफा" का सन्तान हालसम्म पनि प्यूठानमा त्यस्तै बन्दूक र खुकुरी मर्मत गर्ने कार्य गर्दछन्। प्यूठानमा बनेका नाल र पूर्जा काठमाडौं ल्याई "टुकुचा पानी ढिकी कारखाना" मा बोरिङ्ग र जडान गरी बन्दूक तयार हुन्थ्यो। तो हातहतियार गढी गौंडा र गोप्धाराहरूमा पठाइन्थे र बाँकी तोपखानाहरूमा राखिन्थे। वि. सं. १८८७ सालमा नुवाकोट र ठबहिलको बारूदखानामा वज्रपात परी बिग्रिन गयो।

ईष्ट इण्डिया कम्पनीसंगको युद्धहरूमा पनि धेरै हातहतियार नेपाली फौजले हात लगाए। वि. सं. १९१४ सालमा बृटिश-भारतमा उठेको द्रोह शान्त गर्न मद्दत गर्न गएका बखत पनि कम्पनी सरकारले धेरै केपवाल बन्दूकहरू उपहार स्वरूप प्रदान गरेको थियो। सोही समयमा नक्खुमा नयाँ जङ्गी म्यागजिन खडा गरिएको थियो। अनि बेलायती मेशिनहरूबाट काठमाडौंमै केपवाल बन्दूकहरू बन्न थाले। ७ पाउण्डर देखि १८ पाउण्डरसम्मका तोपहरू पनि बने। प्यूठानमा इनफिल्ड नमूनाका केपवाल बन्दूकहरू धेरै बने।

श्री ३ महाराज रणोद्दीप सिंहका समयमा बम्बईबाट पालनजी नाउँका पारसी महाजनले बृचलोडिङ्ग १ कार्तोसे स्नाईडर राइफल उपलब्ध गराएकाले त्यस्ता राइफलहरू प्यूठान र नक्खुमा बन्न थालेका थिए।

श्री ३ महाराज वीर शमशेरका समयमा बृटिश-भारतबाट मार्टिनी हेनरी राइफल, ७ पाउण्डर (मजल लोडिङ्ग) आदि खरीद भएको थियो। सोही समयदेखि नेपालमा नक्खु राइफल, गे राइफल, मार्टिनी हेनरी राइफल र बेरूवा कार्तोसहरू बन्न थाले। तिनताकाका प्रसिद्ध नेपाली वैज्ञानिक गेहेन्द्र शमशेर राणा (श्री ३ वीर शमशेरका छोरा) ले अनेकौं राइफलहरू, पिस्तौलहरू, मेशिनगन र तोपहरू बनाए। श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहका राज्य-समयमा श्री ३ चन्द्रको साथै नेपाल तराईमा शिकार खेल्न बेलायतका बादशाह वि. सं. १९६८ सालमा सवारी हुँदा नेपाली फौजको एक बृगेडलाई लिइनफिल्ड म्यागजिन राइफल र खजाना उपहारस्वरूप बक्सियो। वि. सं. १९७० सालमा अफिसरहरूको निमित्त स्वचालित कोल्ट पिस्तौलहरू विदेशबाट झिकाइयो। वि. सं. १९७१–७५ सालमा नेपालबाट १०,००० नेपाली फौज बृटिश–भारतमा ग्यारिजन ड्यूटी गर्न गयो। सो फौजी साहायता गरे बापत मित्रराष्ट्र बृटिश–भारत सरकारले नेपाली

फौजलाई सार्ट म्यागजिन लिइनफिल्ड राइफल, रिम राइफल, अटोम्याटिक विलिस म्याक्सीम ब्रेनगन, वेल्वी पिस्तौल, राइफल मेशिनगनका वाल आम्यूनिशन, थाण्डोलियर वेल्ट, पाल इत्यादि मोबिलिजेशनका गँहु सामान उपहारस्वरूप प्रशस्त मात्रामा प्रदान गरेको थियो ।

श्री ३ महाराज वीर शमशेरका समयमा (वि. सं. १९४२–५७) सुन्दरीजल जङ्गी म्यागजिन खडा भएको हो । तिनताका नयाँ सुन्दरीजल म्यागजिनमा "गे-राइफल" नामको मार्टिनी हेनरी नमूनाको धेरै राइफल बने । त्यस्तै श्री ३ वीरका छोरा वैज्ञानिक गेहेन्द्र शमशेरको प्राविधिक निर्देशनमा बेरुवा कार्तोस, म्याक्सीम मेशिनगन नमूनाको मेशिनगनहरू, हचकिसगन नमूनाका पाउण्डर वृचलोडिन तोपहरू बने । श्री ३ महाराज चन्द्र शमशेर राणाका समयमा सो म्यागजिनमा ७।९ पाउण्डर स्टिलको राइफल्ड मज्जल-लोडिङ्ग तोपहरू, मज्जल-लोडिङ्ग तोपका काप्टआइरनका किसिम किसिमका गोलाहरू, नयाँ प्रकारको ७ पाउण्डर स्टिलको ब्रीच-लोडिङ्ग तोपहरू, ब्रीच-लोडिङ्ग तोपका स्टिलका ग्रापनेल, कामन सेल गोलाहरू, धातुका टाइम र पर्कसन फ्यूजहरू, मार्टिनी हेनरी नमूनाका सुन्दरी राइफलहरू धेरै बने । सोही समयमा विदेशबाट पनि मार्टिनी हेनरी राइफल धेरै मगाइएको थियो । मार्टिनी हेनरी राइफलका कार्तोसहरू पनि नेपालमा धेरै बने ।

विक्रम सम्वत् १९७८ सालमा हाइड्रो स्प्रिङ्ग वफर भएको ३.३४" क्लिप फायर हौजरतोपहरू सुन्दरीजल म्यागजिनमा बने । वि. सं. १९८० सालमा लाखौं रूपैयाँका हाईभेलोसिटी सार्ट म्यागजिन लिइनफिल्ड राइफल, १० पाउण्डर लोडर माउण्टेनगन, अटोम्याटिक भीकर मेशिनगन, राइफल, मेशिनगनका वाल आम्यूनिशन १० पाउण्डर तोपका गोला, फ्यूज आदि खरखजानाहरू सम्पूर्ण विदेशबाट झिकाइएको थियो । विक्रम सम्वत् १९८५ सालमा नै लाखौं खर्च गरी नेपालमै विभिन्न प्रकारका बन्दूकहरू, तोप, बारूद आदि खरखजाना बनाइएको थियो । त्यसवखत मेशिनहरू, कलपूर्जा, ब्यालिस्टिकको सामान आदि समेत जर्मनीबाट झिकाइएको थियो । हातहतियार बनाउने कार्यमा मद्दत गर्न तिनताका जर्मन इञ्जिनीयर र जर्मन फिटर (प्राविधिज्ञ) समेत नेपाल आएका थिए । यसप्रकार सयौं वर्ष अघिदेखि नै नेपालमा अनेकौं प्रकारका आधुनिक किसिमका र स्वचालित समेत हातहतियारहरू नेपालीहरूले आफ्नै म्यागजिनहरूमा बनाउँदै आए– आफ्नै नेपाली वैज्ञानिक र कालीगढहरूको सीप र प्रविधिको आधारमा– यदाकदा विदेशी प्राविधिकको सल्लाह पनि नलिएको होइन । तर मूलतः आफ्ना हातहतियारको आपूर्ति आफैले पूरा गर्ने नेपालीहरूको निरन्तर प्रयास इतिहासका यी पानाहरूमा झल्किन्छ ।

तिथि र तथ्य

(१) नेपाल अधिराज्यका श्री ५ महाराजाधिराज

श्री ५ महाराजाधिराज	शुभ–जन्म (वि.सं.)	राज्यारोहण (वि.सं.)	स्वर्गारोहण (वि.सं.)
१. श्री ५ पृथ्वी नारायण शाह	१७७९।९।२७	१७९९।१२।–	१८३१।१०।१
२. श्री ५ प्रताप सिंह शाह	१८०८	१८३१	१८३४
३. श्री ५ रण बहादुर शाह	१८३१	१८३४	१८६३।१।–
४. श्री ५ गीर्वाण युद्ध विक्रम शाह	१८५४	१८५५	१८७३
५. श्री ५ राजेन्द्र विक्रम शाह	१८७१	१८७३	१९३८
६. श्री ५ सुरेन्द्र विक्रम शाह	१८८६	१९०४।१।३१	१९३८
७. श्री ५ पृथ्वी वीर विक्रम शाह	१९३२	१९३८।८।१५	१९६८।९।–
८. श्री ५ त्रिभुवन वीर विक्रम शाह	१९६३।३।१७	१९६८।८।२५	२०११।११।३०
९. श्री ५ महेन्द्र वीर विक्रम शाह	१९७७ आषाढ कृष्ण दशमी	२०११।१२।१	२०२८।१०।१७
१०. श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव	२००२।९।१४	२०२८।१०।१७	

नोटः–
(क) श्री ५ महेन्द्रको शुभराज्याभिषेक वि. सं. २०१३ वैशाख २० गते भएको।
(ख) श्री ५ वीरेन्द्रको शुभराज्याभिषेक वि.सं. २०३१ फागुन १२ गते भएको।

(२) प्राकृतिक प्रकोप –

(१) भूकम्प –

(क) वि. सं. १८२४ (काठमाडौं उपत्यका)

(ख) वि. सं. १८९० (काठमाडौं उपत्यका)

(ग) वि. सं. १९९० माघ २ गते (काठमाडौं उपत्यका)

(घ) वि. सं. २०३७ साउन (सुदूर पश्चिम नेपाल) ।

(२) काठमाडौंमा हिमपात – वि. सं. २००१ साल हिउँद (फागुन) ।

(३) अनिकाल, अनावृष्टि (खडेरी)–वि. सं. ४८१ देखि वि.सं. ४९३ सम्म ।

(४) (क) तनहूँमा सलहको प्रवेश – वि. सं. १९४८ साल ।

(ख) काठमाडौंमा सलहको प्रवेश – वि. सं. २००४ साल ।

(५) आगलागी (सिंहदरवार)– वि. सं. २०३० असार २५ गते रातीदेखि ।

(६) काठमाडौं उपत्यकामा महामारी – वि. सं १७५८ साल र
वि. सं. १९९० साल ।

(७) बाढी –

(क) काठमाडौं उपत्यकामा – वि. सं. २००६ साल

(ख) नेपालमा भीषण बाढी – वि. सं. २०११ साल
(असार–साउन)

(ग) अतिवृष्टि, बाढी – वि. सं २०३८ असोज १३ गते ।

(३) स्थापना, निर्माण र उद्घाटन –

(१) छाउनी – सिलखानाको स्थापना – वि.सं. १८७६ ।

(२) धरहराको निर्माण – वि.सं. १८८९ ।

(३) मिलिटरी अस्पतालको स्थापना – वि.सं. १९८३ साल भदौ २४ गते
विहिवार ।

(४) बालसहचर र गर्ल्स गाइड संस्थाको उद्घाटन – वि.सं. २००९
असार ६ गते ।

(५) महेन्द्र राजमार्ग (पूर्व-पश्चिम राजमार्ग) को निर्माण शुभारम्भ–
– वि.सं. २०१९ वैशाख १ गते ।

(६) शाही सैनिक मञ्च र स्मारकको उद्घाटन – वि.सं. २०२० कार्तिक
७ गते ।

(७) होम-गार्डको पहिलो बटालियनलाई सर्वप्रथम निशान प्रदान भएको –
– वि.सं. २०२० कार्तिक ७ गते ।

सहायक सामग्री

१. शाही सैनिक इतिहास – सोमध्वज विष्ट
२. नेपाल-भोट विवाद – त्रिरत्न मानन्धर
३. नेपालमा भोट-युद्धको तयारी – मोहनप्रसाद खनाल
४. भोटको सवाई – लालबहादुर कत्थकी
५. जनरल भीमसेन थापा र तत्कालीन नेपाल – चित्तरञ्जन नेपाली
६. नेपाल-गढ – सोमध्वज विष्ट
७. Johanny Gurkha -- Duncan Forbes
८. नेपालको ऐतिहासिक रूपरेखा – बालचन्द्र शर्मा
९. वृ.क. ईन्द्रबहादुर कार्कीका डायरी (अप्रकाशित)
१०. अन्य केही अधिकृतका टिपोटहरू (अप्रकाशित)
११. विविध अन्तर्वार्ता र संस्मरणहरू
१२. राणाकालीन नेपालको इतिहास – सुश्री जया कार्की
१३. नेपाली राणाघरानाको संक्षिप्त वंशावली – फलेन्द्र विक्रम
१४. गोर्खाको ऐतिहासिक सामग्री – तुलसीराम वैद्य
१५. तिब्बत मिसनको सवाई भाग २ – लक्ष्मीकान्त
१६. Nepal -- Perceval Landon
१७. Gorkhas -- Cal. Vansittart
१८. History of Nepal -- D. Wright



लेखक

विविध

लेखकको चिनारी

टेकबहादुर खत्री

१. शिक्षा : एम. ए. (राजनीतिक विज्ञान) ।

२ तालीम : (क) ग्राम-सञ्चार (फिलिपिन्स र थाइल्याण्ड) ।
(ख) विकास प्रशासन (बर्मिङ्घाम विश्वविद्यालय, बेलायत) ।

३. विभूषण : गो. द. बा. तेश्रा ।

४. जन्मस्थल : नुवाकोट जिल्ला, खिञ्चेत गाउँ (त्रिशूली आदर्श गा. पं. अन्तर्गत) ।

५. सेवा :

(१) वि. सं. २०११ मा निर्वाचन अधिकृत(बारा, पर्सा, रौतहटमा)
(२) वि. सं. २०१४ मा गोरखापत्रको प्रधान सम्पादक
(३) सूचना विभागको उपनिर्देशक
(४) डोटीमा सहायक अञ्चलाधीश
(५) सल्यानमा विशेष अधिकृत
(६) श्री ५ को सरकारको छापाखानाको निर्देशक
(७) गोरखापत्र संस्थानको महाप्रबन्धक
(८) सञ्चार मन्त्रालयको सह-सचिव
(९) सुर्खेतको प्रमुख जिल्ला अधिकारी
(१०) कोशी अञ्चलमा सह-अञ्चलाधीश
(११) अतिरिक्त सचिव, सञ्चार मन्त्रालय

(१२) सचिव, सञ्चार मन्त्रालय
(१३) सचिव, मन्त्रिपरिषद् सचिवालय ।

६. अतिरिक्त कार्यकलाप :

१. यूनेस्कोको सहयोगमा सञ्चालित दुइटा ग्राम-सञ्चार गोष्ठी-हरूको निर्देशक भै कार्य गरेको ।

२. श्री ५ को सरकार र WIF, Nepal को संयुक्त आयोजनामा विकास सञ्चार विषयक अन्तर्राष्ट्रिय गोष्ठीको सञ्चालन ।

३. विश्वका उत्कृष्ट कथा अनुवाद गरे बापत यूनेस्कोको राष्ट्रिय आयोगबाट पुरस्कार प्राप्त । कवि सम्मेलनहरूमा पहिला दोश्रा भै ३ वटा स्वर्ण पदकहरू प्राप्त ।

४. अंग्रेजी र नेपाली भाषामा निम्न पुस्तकहरू लेखेको:–

(1) Mass–Communications in Nepal,
(2) Development: Concept & Strategy,
(3) Postage Stamps of Nepal,
(4) Fairs & Festivals of Nepal
(5) Nepal: A Glimpse.
(6) Nepal's Mass-Media
(7) Lumbini–Birth Place of Lord Buddha
(८) पञ्चायत-प्रणाली
(९) सयौं सवाल: सयौं जवाफ (निजी प्रकाशन)
(१०) नेपाली सञ्चार क्षेत्रको चिनारी
(११) मेरा केही चोईटाहरू (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान)
(१२) विश्वका उत्कृष्ट कथा (साझा प्रकाशन)
(१३) पञ्चायत आज (साझा प्रकाशन)
(१४) नेपालमा सार्वजनिक सञ्चार ।

४. अमेरिका, बेलायत, फ्रान्स, रूस, चीन, फिलिपिन्स, थाइल्याण्ड बंगलादेश, जापान आदि देशहरूको भ्रमण गरेको ।

५. सन् १९८२ मा च्याङ्गमाई थाइल्याण्डमा भएको ग्राम सञ्चार विषयक सम्मेलनमा भाग लिएको ।



श्रद्धाको फूल

स्वर्गीय पूज्य पिताजी मे. क. गणेश
बहादुर खत्रीमा–

६. सन् १९८३ मा वासिङ्गटन (संयुक्त राज्य अमेरिका) मा क्षेत्रीय सञ्चार गोष्ठीमा भाग लिएको ।

७. पुर्ख्यौली :

(क) बाजे : कप्तान बलभद्र खत्री (श्री ३ जुद्ध पश्चिमतर्फका कमाण्डिङ्ग जनरल हुँदा हजुरिया) बेलकोट, जिल्ला नुवाकोट ।

(ख) बाबु : मेजर गणेशबहादुर खत्री (दोश्रो महायुद्धमा अफगानिस्तानको खैबरघाटीमा ६ वर्ष कार्य गरेको) नुवाकोट जिल्लाको खिचेत गाउँ (त्रिशूली आदर्श गाउँ पञ्चायत अन्तर्गत) ।

८. ठेगाना :

(क) ललितपुर नगर पञ्चायत वार्ड नं. २
झम्सिखेल, हासापता गणेश ।

(ख) टेलिफोन नं. ५-२१०७४ ।

[redacted]

1732

"हजारौं तोपका गोला शत्रुका वर्षदा पनि,
लाखौं बन्दूकका गोली छातीभित्र घुसे पनि,
नङ्गा गर्दनमा कोटी तरबार चले पनि,
हामी निशानका निम्ति दिने छैनौ कहीं पीठ !!

– वालकृष्ण सम